# नेपाल ट्रेड यूनियन काँग्रेस
# (NTUC)

NTUC

## विधान, नियम, विनियम, कार्यविधि र निर्देशिका

# विषयसुचि


| | | |
|---|---|---|
| १. | नेपाल ट्रेड यूनियन काँग्रेसको विधान | १-४६ |
| २. | महिला समितिको विनियम | ४७-५८ |
| ३. | युवा समितिको विनियम | ५९-७० |
| ४. | आर्थिक विनियम-२०६५ | ७१-८५ |
| ५. | स्थानिय तह गठन निर्देशिका – २०७६ | ८६-९२ |
| ६. | विभागीय संरचना सम्वन्धि काम, कर्तव्य, अधिकार... | ९४-१०१ |
| ७ | संघीय यूनियन परिषदको कार्यविधि २०७५ | १०२-१०७ |
| ८. | एन टि यू सि सपोर्ट ग्रुप गठन निर्देशिका-२०७६ | १०८-११६ |
| ९. | आचार संहिता, २०७५ | ११७-१२० |
| १०. | अनुशासन समितिको विनियम | १२१-१२४ |
| ११. | कर्मचारी विनियमावली २०७६ | १२५-१४३ |

# नेपाल ट्रेड यूनियन काँग्रेस

# (NTUC)

## विधान - २०६४

(संशोधन तथा परिमार्जन २०६८, २०७० र २०७३ )

# प्रस्तावना

**नेपालमा २००३ सालदेखि श्री गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा "नेपाल मजदुर संघ" को नामबाट शुरु भएको** श्रमिक आन्दोलनको गौरवशाली इतिहासलाई श्रम संसारको वदलिंदो परिस्थितिसँगै विकसित ट्रेड युनियन आन्दोलनमा रुपान्तरण गर्ने प्रतिवद्धता ब्यक्त गर्दै,

श्रमिकहरुको वलिदानिपूर्ण संघर्ष र जन अभिमतद्वारा स्थापित संघीय लोकतान्त्रिक गणतन्त्रको सर्वमान्य शासन पद्धतिको संस्थागत विकास, दिगो शान्ति, मानव अधिकार, संगठन स्वतन्त्रता, अभिव्यक्ति स्वतन्त्रता, ट्रेड युनियन अधिकार, सामुहिक सौदावाजीको अधिकारका साथै राज्यलाई कल्याणकारी बाटोमा हिडाउनका लागि राज्यको नीति निर्माणको सम्पूर्ण तहमा श्रमिकको प्रतिनिधित्व जस्ता श्रमिकहरुको आधारभूत अधिकारको सुनिश्चितता गर्नु पर्ने महसुश गरिएकोले,

औपचारिक एवं अनौपचारिक क्षेत्रमा कार्यरत आम श्रमजीवी वर्गको वर्गीय हितको रक्षा र संगठित श्रमशक्तिका माध्यमबाट श्रमिकहरुको आर्थिक, सामाजिक, राजनीतिक एवं साँस्कृतिक जीवनस्तर उकास्नका निम्ति **लोकतान्त्रिक समाजवादी विचारमा आधारित भई,**

गरीवीलाई न्यूनिकरण गर्दै नेपालको भौगोलिक परिवेश र विद्यमान मानव संशाधनको अत्याधिक उपयोग गरी सुमधुर औद्योगिक सम्बन्ध र मर्यादित रोजगारीको सिर्जना र सुरक्षा सहित औद्योगिक प्रवर्द्धन र आर्थिक विकास गर्ने मान्यताका साथ विश्व परिवेशमा देखा परेको श्रमिक विरोधी नीति र त्यसबाट पर्ने प्रभावलाई चिर्दै श्रमको सम्मान एवं उचित मूल्य भुक्तान गर्ने ब्यावसायिक संस्कृति र संस्कारको विकास गर्ने उद्देश्य राख्दै,

स्वतन्त्र ट्रेड युनियन आन्दोलनको अवधारणा अनुरुप ट्रेड युनियनको सञ्चालन, मर्यादित कामको प्रत्याभूति, श्रमिकहरुको सामाजिक सुरक्षा, सामाजिक न्यायको प्रत्याभूति, वर्गीय विषमताको अन्त्य र समतामूलक समाजको निर्माणका निम्ति लोकतान्त्रिक मूल्य, मान्यता र संस्कृतिलाई आत्मसात गर्ने श्रमजीवीहरुको सशक्त एवं प्रभावशाली ट्रेड युनियन महासंघको निर्माण गर्दै नेपालका सम्पूर्ण श्रमिक एवं श्रमिक संगठनहरुलाई संयुक्त ट्रेड युनियनको मूल प्रवाहमा समाहित गर्ने उच्च आकांक्षाका साथ,

नेपालको मजदुर आन्दोलनको इतिहासमा अग्रणी भूमिका निर्वाह गर्दै लामो समयदेखि श्रमिकको वर्गीय हक, हित र अधिकारका निम्ति संघर्षरत श्रमजीवी वर्गको प्रतिनिधि संस्था **नेपाल ट्रेड युनियन काँग्रेस** (NTUC) तथा औपचारिक एवं अनौपचारिक अर्थतन्त्रमा संलग्न श्रमिकहरुलाई संगठित गरी स्वतन्त्र ट्रेड यूनियन आन्दोलनका माध्यमबाट श्रमिकहरुको उत्थानका निम्ति क्रियाशील श्रमजीवीहरुको संवाहक संस्था **नेपाल प्रजातान्त्रिक ट्रेड युनियन महासंघ** (DECONT) वर्तमान विश्व ट्रेड युनियन आन्दोलन र नेपालको परिवर्तित परिस्थितिलाई आत्मसात गर्दै श्रमको सम्मान गरौं श्रम शक्ति नै राष्ट्र शक्ति हो भन्ने आम श्रमिकहरुको चाहना र भावना अनुरुप समस्त श्रमजीवी वर्गको आकाङ्क्षा र चाहनाको उच्च सम्मान एवं कदर गर्दै

न्याय, समानता र स्वतन्त्रता लागि दुवै महासंघहरु समावेशी, लोकतान्त्रिक एवं एकीकृत श्रमिक संगठनको रुपमा रुपान्तरित भई एक आपसमा एकाकार भएर महासंघको संचालन र व्यवस्थापनका निम्ति एकता महाधिवेशन २०६४ बाट एकीकृत भई नेपाल ट्रेड यूनियन काँग्रेस (NTUC) को विधान २०४९ (संशोधीत २०५४, २०५९) र नेपाल प्रजातान्त्रिक ट्रेड यूनियन महासंघ (DECONT) को विधान २०५४ का मुलभूत विशेषता र मौलिक भावना समेतलाई आत्मसात गर्दै नेपाल ट्रेड यूनियन काँग्रेसको विधान २०६४ लाई (संशोधन तथा परिमार्जन २०६८, २०७०, २०७३) लागू हुने गरी घोषणा गरिएको छ ।

# परिच्छेद १

## १. संक्षिप्त नाम र प्रारम्भ

१.१ यस विधानको नाम "नेपाल ट्रेड युनियन काँग्रेस" को विधान, २०६४ रहने छ ।

१.२ यो विधान नेपाल ट्रेड यूनियन काँग्रेसको राष्ट्रिय सम्मेलन २०७३ बाट पारित भएको मितिदेखि लागू हुनेछ ।

## २. परिभाषा

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधानमा,

२.१ **"श्रमिक"** भन्नाले पारिश्रमिक लिई रोजगारदाताका लागि शारिरिक वा बौद्धिक काम गर्ने कामदार, कर्मचारी वा जुनसुकै पदनाम दिई काममा लगाइएको व्यक्ति संझनु पर्दछ ।

२.२ **"राष्ट्रिय संघ"** भन्नाले विधानको दफा ७.५.१ बमोजिमको संघलाई सम्झनु पर्छ ।

२.३ **"आवद्ध संघ"** भन्नाले महासंघको सदस्यता प्राप्त सम्बद्ध संघलाई सम्झनु पर्छ ।

२.४ **"पदाधिकारी"** भन्नाले कार्य समितिका अध्यक्ष, बरिष्ठ उपाध्यक्ष, उपाध्यक्ष, महासचिव, उपमहासचिव, सचिव, सह सचिव, कोषाध्यक्ष र सह-कोषाध्यक्षलाई जनाउँछ ।

२.५ **"राष्ट्रिय समिति"** भन्नाले "नेपाल ट्रेड युनियन काँग्रेस" को राष्ट्रिय कार्य समितिलाई जनाउँछ ।

२.६ **"कार्य समिति"** भन्नाले "नेपाल ट्रेड युनियन काँग्रेस" को जिल्ला, प्रदेश र राष्ट्रिय समितिलाई सम्झनुपर्छ ।

२.७ **"अधिवेशन"** भन्नाले नेपाल ट्रेड युनियन काँग्रेस" को इकाई, जिल्ला अधिवेशन, प्रदेश अधिवेशन तथा राष्ट्रिय महाधिवेशनलाई सम्झनु पर्छ ।

२.८ **"समिति"** भन्नाले "नेपाल ट्रेड युनियन काँग्रेस" अन्तर्गत तोकिएको समितिलाई सम्झनु पर्छ ।

२.९ **“विभाग”** भन्नाले दफा १६.११ बमोजिमको बिषयगत विभागलाई सम्झनु पर्छ । आवश्यकतानुसार प्रदेश/जिल्लामा समेत विभागीय समिति गठन गर्न सकिनेछ ।

२.१० **“सम्मेलन”** भन्नाले दफा १०.४ बमोजिमको राष्ट्रिय सम्मेलनलाई सम्झनु पर्छ ।

२.११ **“महासंघ ”** भन्नाले दफा ३ बमोजिम स्थापित नेपाल ट्रेड युनियन काँग्रेसलाई संझनु पर्छ ।

२.१२ **“कार्यसम्पादन समिति”** भन्नाले कार्य समितिको नियमित बैठक नबसेको अवधिमा कार्य समितिको अधिकार प्रयोग गर्ने गरी नियमित कार्य सम्पादनार्थ गठित दफा १६.६, १६.८ र १६.१० बमोजिमका समितिलाई सम्झनु पर्छ ।

२.१३ **“सचिवालय”** भन्नाले कार्य सम्पादन समिति तथा कार्य समितिले गरेको निर्णयलाई कार्यान्वयनको प्रक्रियामा लैजान महासचिवको संयोजकत्वमा गठित मातहतका उपमहासचिव, कोषाध्यक्ष र महासंघको राष्ट्रिय समितिको हकमा सह कोषाध्यक्ष सहितको संयन्त्रलाई जनाउनेछ । तर प्रदेश र जिल्लासमितिहरुको हकमा सचिवको संयोजकत्वमा गठित संयन्त्रलाई जनाउँनेछ ।

२.१४ **“संघीय परिषद्”** भन्नाले राष्ट्रिय समितिले तोकेको मापदण्ड अनुसार एउटै प्रकृतिको राष्ट्रिय संघहरुको गठित अनुसूची-५ अनुसारको समुहलाई सम्झनु पर्छ ।

२.१५ **“कार्यकारी सदस्य”** भन्नाले राष्ट्रिय, प्रदेश, जिल्ला एवं मातहतका समितिहरुका निर्वाचित एवं मनोनित सदस्यहरुलाई सम्झनु पर्छ ।

२.१६. **“ट्रेड यूनियन”** भन्नाले प्रतिष्ठानस्तरको ट्रेड यूनियन, ट्रेड यूनियन संघ (आवद्ध राष्ट्रिय संघ) र महासंघ समेतलाई सम्झनु पर्छ । यो शब्दले महासंघ मातहतका सबै सांगठनिक संरचनाहरुलाई समेत बुझाउने छ ।

२.१७ **“तोकिए”** वा “तोकिए बमोजिम” भन्नाले यस विधानमा उल्लेखित विभिन्न दफा उपदफामा उल्लेख भएको वा यस विधानको अधिनमा रही बनेका नियम विनियमहरुमा उल्लेख भएका कुराहरुलाई समेत जनाउँदछ ।

# परिच्छेद - २

## ३. स्थापना र कार्यालय

३.१ "नेपाल ट्रेड युनियन काँग्रेस" नामको एक महासंघ स्थापना हुनेछ ।

३.२ "नेपाल ट्रेड युनियन काँग्रेस" लाई अंग्रेजीमा Nepal Trade Union Congress भनिनेछ ।

३.३ "नेपाल ट्रेड युनियन काँग्रेस" लाई छोटकरीमा ने.ट्रे.यु.काँ. वा NTUC भनिनेछ ।

३.४ "नेपाल ट्रेड युनियन काँग्रेस" राष्ट्रिय समितिको कार्यालय काठमाण्डौ उपत्यकामा र **अन्य** समितिको कार्यालय सम्बन्धित समितिको कार्य क्षेत्र भित्र सम्बन्धित समितिले तोकेको स्थानमा रहनेछ ।

## ४. स्वशासित संगठित संस्था हुने

४.१ महासंघ अविच्छिन्न उत्तराधिकारवाला स्वसाशित एवं संगठित संस्था हुनेछ ।

४.२ महासंघले व्यक्ति सरह चल अचल सम्पति उपभोग गर्न, धितो बन्धक राख्न, विकि गर्न वा हक हस्तान्तरण गर्न सक्नेछ ।

४.३ महासंघले आफ्नो नामवाट कसै उपर नालिस उजुर गर्न र कसैले यस उपर सोहि नामवाट नालिस उजुर गर्न सक्नेछ ।

४.४ महासंघको आफ्नो छुट्टै प्रतिक चिन्ह (लोगो), छाप र झण्डा अनुसूचिमा उल्लेख भए बमोजिम हुनेछ ।

## ५. उद्देश्य

५.१ बहुलवादमा आधारित संघीय लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकास र स्थायित्वको लागि क्रियाशील रहने ।

५.२ श्रमिकहरुको राजनीतिक, आर्थिक तथा सामाजिक अधिकार एवं पेशागत हकहितको संरक्षण एवं सम्बर्द्धन गर्ने ।

५.३ श्रम क्षेत्रसंग सम्बन्धित विभिन्न विषयहरुको खोज तथा अनुसन्धान गरी

गरिबीको कारण उत्पीडन र शोषणमा रहेका श्रमिक तथा कामदारहरुको उत्थानको लागि कार्य गर्ने ।

५.४ श्रमिकहरुको हक हित एवं ट्रेड यूनियन अधिकारको सुरक्षाको लागि नेपाल सरकार र सम्बन्धित निकायसंग वार्ता तथा पहल गर्ने र आवश्यक पर्दा दबाबमूलक कार्यक्रमहरु संचालन गर्ने ।

५.५ समान लक्ष्य र सिद्धान्तका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरु वीच सुमधुर सम्बन्ध स्थापित गरी श्रमिक हितका निम्ति आपसी सहयोगको परिचालन गर्ने गराउने ।

५.६ विश्वशान्ति, मानवअधिकार, ट्रेड यूनियन अधिकार, सांगठनिक स्वतन्त्रता र पर्यावरणीय संरक्षणका निम्ति प्रत्यनशील रहने ।

५.७ श्रमिक र व्यवस्थापन बीच सुमधुर औधोगिक सम्बन्ध विकासका लागि प्रयासरत रहने ।

५.८ बेरोजगारीको अन्त्य र रोजगार एवं सीपमूलक व्यवसायको विकासमा जोड दिने ।

५.९ श्रमिकको वृत्ति विकासका निम्ति राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरका तालीम गोष्ठी तथा सेमिनारको संचालन र सहभागिता गर्ने गराउने ।

५.१० ट्रेड यूनियन आन्दोलनमा युवा तथा महिलाको पहुँच र सहभागितामा बृद्धि गर्ने ।

५.११ वृहत् एवं एकीकृत् ट्रेडयूनियन आन्दोलनको संस्थागत विकास र विस्तारका निम्ति सदैव अग्रसर रहने ।

५.१२ राज्यको नीति निर्माण तथा निर्णय प्रकृयामा श्रमिकको सहभागिता र प्रतिनिधित्वको सुनिश्चितताका निम्ति आवश्यक पहल गर्ने ।

५.१३ औपचारिक, अनौपचारिक तथा स्वरोजगार श्रमिकहरुलाई संगठित गरी महासंघको दायरामा ल्याउने ।

५.१४ आर्थिक, सामाजिक,राजनीतिक तथा सांस्कृतिक सबै विभेदको अन्त्य गरी समतामूलक एवं न्यायपूर्ण समाज निर्माणको लागि प्रतिवद्ध रहने ।

५.१५ श्रमिकको सामाजिक न्यायको लागि कार्य गर्ने ।

५.१६ देशका समस्त श्रमिकहरु र श्रमिक संस्थाहरुलाई एकीकृत गरी साझा ट्रेड यूनियन आन्दोलनलाई अघि बढाउन प्रयासरत रहने ।

५.१७ स्वतन्त्र ट्रेड यूनियन आन्दोलनको विकास र प्रवर्द्धनमा जोड दिने ।

५.१८ मर्यादित कामको आवश्यक पूर्वाधार निर्माणका निम्ति प्रयत्नशिल रहने ।

५.१९ मानव अधिकारको विश्वव्यापी घोषणा तथा अन्तर्राष्ट्रिय श्रम संगठन (ILO) को आधारभूत श्रम मापदण्डको सम्मान गर्दै कार्यस्थलमा लागू गर्न आवश्यक ऐन, कानून तथा नीति निर्माण र कार्यान्वयनमा जोड दिने ।

५.२० आप्रवासी श्रमिकहरुलाई संगठित गरी उनीहरुको अधिकार स्थापित गर्न प्रयत्नशील रहने ।

# परिच्छेद - ३

## ६. सदस्यता प्राप्ति, शुल्क तथा नवीकरण

### ६.१ सदस्यता प्राप्ती

(क) महासंघको विधानलाई स्वीकार गर्ने मान्यता प्राप्त राष्ट्रिय संघ महासंघको संस्थागत सदस्य हुनेछ ।

(ख) प्रकरण (क) बमोजिम सदस्यताको लागि आवेदन दिने राष्ट्रिय संघलाई राष्ट्रिय समितिले संस्थागत सदस्यता स्वरुप आबद्धता प्रदान गर्न सक्नेछ । त्यसको अनुमोदन महाधिवेशन वा सम्मेलनमा गराउनु पर्नेछ । तर, अन्तिम परिषद् वा सम्मेलन पश्चात गठित संघहरु पर्यवेक्षकको रुपमा मात्र अधिवेशनमा सहभागी हुनेछन् ।

(ग) आबद्धता बापत महासंघलाई प्रवेश शुल्कको रुपमा रु. १,००१/- र सदस्य संख्याको आधारमा प्रति सदस्य वार्षिक शुल्क रु. २४/- का दरले हुन आउने एक मुष्ठ रकम सम्बन्धित जिल्ला समितिलाई बुझाउनु पर्नेछ ।

१. शुल्क एवं सदस्यता विवरण बुझाएको आधारमा सम्बन्धित आबद्ध

संघको सदस्य संख्या कायम गरिनेछ ।

२. आबद्ध संघले महासंघको जिल्ला समिति मार्फत सदस्यता शुल्क बुझाउनु पर्नेछ । तर जिल्ला समिति नभएको स्थानमा प्रदेश समिति मार्फत बुझाउनु पर्नेछ ।

३. १५ सदस्यता मार्फत आउने प्रतिनिधिले सम्बन्धित जिल्ला समितिमा बार्षिक शुल्क वापत रु. २,०००।- बुझाउनु पर्नेछ ।

(घ) आबद्ध राष्ट्रिय संघले श्रम विभागमा नवीकरण गरे पश्चात सम्पूर्ण आर्थिक तथा सांगठनिक विवरण सहित प्रत्येक ४ वर्षमा महासंघको संस्थागत सदस्यता नवीकरण गर्नु पर्नेछ ।

(ङ) आबद्धता लिनु पूर्व राष्ट्रिय संघ श्रम विभागमा वा सरकारले तोकेको मापदण्ड अनुसार ट्रेड यूनियनको रुपमा दर्ता/नवीकरण भएको हुनु पर्नेछ । तर दर्ता नभई आबद्धता लिन चाहने संघलाई १ वर्ष भित्र दर्ता/नवीकरण र अधिवेशन गर्ने गरी तदर्थ संघको रुपमा मान्यता प्रदान गर्न सकिनेछ ।

(च) श्रम कानून अनुसार दर्ता/नवीकरण नभएको र महाधिवेशन नगरेको राष्ट्रिय संघले महासंघको बैठक, सभा, सम्मेलन तथा महाधिवेशनमा पर्यवेक्षकको रुपमा सहभागी हुनेछन् । आवद्धता सम्बन्धि अन्य व्यवस्था विनियममा तोकिए बमोजिम हुनेछ ।

## ६.२ सदस्यता सम्बन्धि बिशेष व्यवस्था

(क) ट्रेड युनियन आन्दोलनमा समाहित भएका एवं ट्रेड युनियनको भावना र उद्देश्य पुरा गर्ने हेतुले महासंघको विधानलाई स्वीकार गरी सदस्य बन्न इच्छुक व्यक्तिका लागि जिल्ला समितिहरु मार्फत सदस्यता प्रदान गर्ने गरी बिशेष व्यवस्था गरिनेछ ।

(ख) ६.२(क) बमोजिम सदस्यता लिएको व्यक्ति जिल्ला अधिवेशनको स्वतः प्रतिनिधि हुनेछ ।

(ग) ६.२(ख) बमोजिम अधिवेशन प्रतिनिधिको संख्या सम्पूर्ण जिल्ला अधिवेशन प्रतिनिधिको एक प्रतिशत भन्दा बढी हुने छैन ।

### ६.३ मानार्थ सदस्य

श्रमिकहरु तथा श्रमिक कल्याण सम्बन्धि अध्ययन, अनुसन्धान तथा त्यस सम्बन्धि व्यवसायमा विशेष योगदान पुऱ्याउने स्वदेशी वा विदेशी व्यक्ति वा संस्था वा श्रमिकहरुको पेशागत हक हित तथा ट्रेड यूनियनको विकासमा योगदान पुऱ्याउने कुनै स्वदेशी वा विदेशी व्यक्ति वा संस्था वा विना कुनै शर्त श्रमिक कल्याण वा महासंघको विकासका लागि उल्लेखनीय आर्थिक तथा भौतिक सहयोग प्रदान गर्ने व्यक्ति वा संस्थालाई महासंघको राष्ट्रिय समितिले मानार्थ सदस्यता प्रदान गर्न सक्नेछ । तर यस्तो मानार्थ सदस्यको मताधिकार रहने छैन ।

### ६.४ सदस्यता नवीकरण

दफा ६.१ (ख) एवं ६.२ (क) बमोजिमका सदस्यहरुले सम्बन्धित आबद्ध संघ र जिल्ला समिति मार्फत प्रत्येक वर्ष आषाढ मसान्त भित्र नवीकरण गराउनु पर्नेछ । तर, अधिवेशन तोकिएको वर्षमा भने ६ महिना अगावै सदस्यता नवीकरण गराई अध्यावधिक गर्नुपर्नेछ ।

### ६.५ आचरण विरुद्धको कारबाही

महासंघको कुनै पदाधिकारी, कार्यकारी सदस्य र आवद्धसंघले उपदफा ६.६ बमोजिमको आचरण पालन नगरेको भन्ने कुनै सदस्यबाट सप्रमाण उजुरी पर्न आएमा सम्बन्धित समितिले सो सम्बन्धमा जाँचबुझ गर्न लगाउन सक्नेछ । यसरी जाँचबुझ गर्दा निजको आचरण सन्तोषजनक नभएको पाइएमा सो समितिले आवद्ध संघको हकमा दूई तिहाइ र पदाधिकारीको हकमा बहुमतको निर्णयबाट स्पस्टिकरण, चेतावनी, नसिहत, निलम्बनको कारबाही गर्न सक्ने छ । यसरी कारवाही गर्नुअघि सफाईको मौकाबाट बञ्चित गरिने छैन ।

### ६.६ पदाधिकारी र आबद्ध संघको आचरण

महासंघको प्रत्येक पदाधिकारी, कार्यकारी सदस्य एवं आवद्ध संघले देहाय बमोजिमको आचरण पालना गर्नुपर्नेछ ।

(क) महासंघको हित, उद्देश्य र विधान प्रति प्रतिबद्ध रहने ।

(ख) महासंघको गोपनीयता भंग गर्न नहुने ।

(ग) महासंघका नीति निर्णय एवं निर्देशनको पालना गर्नु पर्ने ।

(घ) महासंघको संबर्द्धन , सुदृढीकरण र उद्देश्य पूर्तिमा सक्रिय रहने ।

(ङ) श्रमिकको हित प्रतिकुल ठहरिने क्रियाकलापमा संलग्न हुनु नहुने ।

# परिच्छेद - ४

## ७. आवद्धसंघ सम्बन्धि व्यवस्था

७.१ नेपाल ट्रेड युनियन काँग्रेसमा आवद्ध भएका राष्ट्रिय संघहरुको सामूहिक स्वरुप नै नेपाल ट्रेड युनियन काँग्रेस हो ।

७.२ महासंघले समान प्रकृतिका श्रमिकहरु संलग्न भएर बनेका राष्ट्रिय संघहरुलाई यस बिधान बमोजिम आवद्ध भएको सदस्यता प्रदान गरी आबद्धता प्रमाण पत्र दिएपछि मात्र त्यस्ता संघहरु महासंघमा आवद्ध भएको मानिने छ ।

७.३. कुनै आवद्ध संघले महासंघको हित नीति, निर्देशन विपरित कार्य गरेको ठहर भएमा महासंघले आवद्ध राष्ट्रिय संघको आवद्धता समेत रद्द गर्न सक्नेछ ।

७.४ उपदफा ७.२ मा जेसुकै लेखिएको भए तापनि एकै प्रकृतिको काममा संलग्न श्रमिकहरुको एकभन्दा बढी राष्ट्रिय संघलाई महासंघले आबद्धता दिने छैन । तर आवश्यकतानुसार त्यस्ता संघहरुको एकिकरण, समायोजन वा छुट्टै संघीय परिषद (ऋयगलअष) निर्माण गरिनेछ । संघीय परिषद्को संचालन तोकिएको कार्यविधि अनुसार हुनेछ ।

७.५.१ महासंघसँग आवद्धता लिन चाहने राष्ट्रिय संघहरुले श्रम कानूनमा तोकिएबमोजिम गठन प्रक्रियाका प्रावधानहरु पूरा गरेको हुनुपर्नेछ ।

७.५.२ महासंघसंग आवद्धता प्राप्त कुनै राष्ट्रिय संघले आबद्धता फिर्ता लिन चाहेमा सम्बन्धित राष्ट्रिय संघको अधिवेशनका दुई तिहाई प्रतिनिधिहरुले निर्णय गरेमा आवद्धता फिर्ता लिन सक्नेछ ।

## ७.६ आवद्ध संघको अधिकार

यस विधानको अधीनमा रही महासंघका प्रत्येक आवद्ध संघलाई निम्न अधिकारहरु प्राप्त हुनेछन् ।

(क) समान मताधिकर ।

(ख) समान वाक स्वतन्त्रता ।

(ग) निर्णयमा सहभागिताको समान अधिकार ।

(घ) रकम लेखाजोखा गर्ने समान अधिकार ।

(ङ) प्रजातान्त्रिक निर्वाचनहरुमा भाग लिने समान अधिकार ।

## ७.७ आवद्ध संघको दायित्व

(क) महासंघसंग आवद्ध राष्ट्रिय संघहरु स्वतन्त्र संघको रुपमा संगठित भएतापनि महासंघको नीति तथा उद्देश्य विपरित कार्य गर्न पाउने छैनन् । आबद्ध राष्ट्रिय संघको बिधान महासंघको बिधानसंग बाँझिएमा बाँझिएको हदसम्म अमान्य हुनेछ ।

(ख) राष्ट्रिय संघहरुले आफ्नो कार्य समिति, परिषद वा अधिवेशनद्वारा निर्धारित भएको नीति तथा कार्यक्रमहरु महासंघको राष्ट्रिय समिति, प्रदेश समिति र जिल्लास्तर भए जिल्ला समितिमा अवगत गराउनु पर्नेछ ।

(ग) राष्ट्रिय संघहरुले आफ्नो विधानको अधिनमा रही विनियमहरु बनाउन सक्नेछ । सोको जानकारी महासंघलाई गराउनु पर्नेछ ।

(घ) राष्ट्रिय संघहरुले आफूलाई महासंघको अभिन्न अंगको रुपमा अङ्गिकार गर्नेछ ।

(ङ) राष्ट्रिय संघहरुले संचालन गर्ने राष्ट्रिय स्तरको कार्यक्रमहरु महासंघको राष्ट्रिय समितिसँग, प्रदेशस्तर र जिल्ला स्तरका भए महासंघको जिल्ला समितिसंग आपसी सहयोग र समन्वय गरि सञ्चालन गर्नेछ ।

(च) राष्ट्रिय संघहरुले आफ्ना सबै सदस्यहरुको सदस्यता कार्ड, परिचय पत्र र लेटर प्याडमा प्रष्ट बुझिने गरी नेपाल ट्रेड युनियन काँग्रेससंगको आवद्धता उल्लेख गर्ने छन् ।

(छ) राष्ट्रिय संघहरुले सो संघका सदस्यको नामावली र सदस्यता बापत महासंघलाई बुझाउनुपर्ने रकम तोकेको समयभित्र बुझाउने छन् ।

(ज) राष्ट्रिय संघहरुले आफ्नो अधिवेशन महासंघले तोकेको समयमा गर्नुपर्नेछ ।

(झ) राष्ट्रिय संघहरुले आफ्नो अधिवेशन प्रत्येक ४ वर्षमा अनिवार्य रुपमा गर्नुपर्नेछ ।

(ञ) आवद्ध संघ भित्रको आपसी विवादको समाधान सहज रुपमा नभएमा महासंघको निर्देशनको पालना गर्नुपर्नेछ ।

(ट) आवद्ध संघहरुले आफ्ना सांगठनिक संरचनाहरुलाई सम्भव भएसम्म “नेपाल ट्रेड युनियन काँग्रेस” को संरचनासँग मेलखाने गरी बनाउनु पर्नेछ ।

# परिच्छेद - ५

## ८ महासंघको स्वरूप

८.१ महासंघको संगठनात्मक स्वरुप देहाय बमोजिम हुनेछ ।

(क) गाउँ/नगर समिति

(ख) जिल्ला समिति

(ग) प्रदेश समिति

(घ) राष्ट्रिय समिति

जिल्ला समितिले आवश्यकता अनुसार निर्वाचन क्षेत्र, नगरपालिका, गाउँपालिकास्तरमा समितिहरु गठन गर्न सक्नेछन् ।

### ८.२ जिल्ला समितिको निर्वाचन

(क) जिल्ला अधिवेशनबाट निर्वाचित अध्यक्ष-१, निवर्तमान अध्यक्ष- १ पदेन, उपाध्यक्ष-५ (खुल्ला १, महिला १, सेवा क्षेत्र १, उत्पादन क्षेत्र १, अनौपचारिक तथा स्वरोजगार क्षेत्र १) सचिव-१, सह-सचिव-२, कोषाध्यक्ष-१, सह कोषाध्यक्ष १ (महिला), र **सदस्यहरु-९** (खुल्ला तर्फ -

५, महिला तर्फ -४) अध्यक्षद्वारा अधिवेशन प्रतिनिधि मध्येबाट मनोनित २ सदस्य (महिला १) गरी जम्मा २३ सदस्यीय जिल्ला समिति गठन गरिनेछ ।

(ख) पदेन सदस्यहरु

१. आबद्ध संघ जिल्ला समितिका अध्यक्षहरु

२. जिल्ला महिला समिति अध्यक्ष

३. जिल्ला यूवा समिति अध्यक्ष

४. नेपाल ट्रेड यूनियन काँग्रेसका महानगर, उपमहानगर, नगर र गाउँ कार्य समितिका अध्यक्षहरु ।

(घ) कुनै पनि जिल्ला समिति गठन हुन कम्तिमा पनि सम्पूर्ण आवद्ध संघहरुको संख्याको २५ प्रतिशत आवद्ध संघ आवद्धता भएको हुनुपर्नेछ । यसरी गठन भएका आवद्ध जिल्ला संघहरुको सदस्यता कम्तिमा १५ र नेपाल ट्रेड यूनियन काँग्रेस जिल्ला समितिको कुल सदस्यता संख्या कम्तिमा ३०० हुनुपर्नेछ ।

(ङ) कम्तिमा ६ महिनामा एक पटक सबै पदेन सदस्यहरु सहितको पूर्ण बैठक गर्नु पर्नेछ ।

**८.३ प्रदेश समितिको निर्वाचन**

**८.३.१** प्रदेश अधिवेशनबाट निर्वाचित अध्यक्ष-१, निवर्तमान अध्यक्ष- १ पदेन, उपाध्यक्ष-६ (खुल्ला २, महिला १, सेवा क्षेत्र १, उत्पादन क्षेत्र १, अनौपचारिक तथा स्वरोजगार क्षेत्र १) सचिव-१, सह-सचिव-५ (खुल्ला १, महिला १, सेवा क्षेत्र १, उत्पादन क्षेत्र १, अनौपचारिक तथा स्वरोजगार १), कोषाध्यक्ष-१, सह कोषाध्यक्ष १ (महिला), सदस्य-१९ (खुल्ला तर्फ ४, महिला ४, सेवा क्षेत्र ३ (महिला १), उत्पादन क्षेत्र ३ (महिला १), अनौपचारिक तथा स्वरोजगार ३ (महिला १) अध्यक्षबाट अधिवेशन प्रतिनिधि मध्येबाट मनोनित २ (१ महिला) गरी जम्मा ३५ सदस्यीय प्रदेश समिति गठन गरिनेछ ।

**८.३.२ पदेन सदस्यहरु**

(क) सम्बन्धित आवद्ध संघका प्रदेश अध्यक्षहरु

(ख) प्रदेश महिला समिति अध्यक्ष

(ग) प्रदेश यूवा समिति अध्यक्ष

(घ) सम्बन्धित प्रदेशका जिल्ला अध्यक्षहरु

८.३.३ कुनै पनि प्रदेशको प्रदेश समिति गठन हुन सम्बन्धित प्रदेशको कम्तिमा दुई तिहाई जिल्ला समितिको गठन र विस्तार भएको हुनु पर्नेछ ।

८.३.४ प्रदेश संरचना राज्यको पुर्नसंरचना बमोजिम देहाय अनुसार गर्ने ।

(क) प्रदेश नं. १

(ख) प्रदेश नं. २

(ग) प्रदेश नं. ३

(घ) प्रदेश नं. ४

(ङ) प्रदेश नं ५

(च) प्रदेश नं. ६

(ज) प्रदेश नं. ७

**८.४ राष्ट्रिय समितिको निर्वाचन**

८.४.१ राष्ट्रिय महाधिवेशनद्वारा निर्वाचित अध्यक्ष-१, निवर्तमान अध्यक्ष- १ पदेन, वरिष्ठ उपाध्यक्ष-१, उपाध्यक्ष - ६, (खुल्ला २, महिला १, सेवा क्षेत्र १, उत्पादन क्षेत्र १, अनौपचारिक तथा स्वरोजगार क्षेत्र १) महासचिव-१, उपमहासचिव-६ (खुल्ला २, महिला १, सेवा क्षेत्र १, उत्पादन क्षेत्र १, अनौपचारिक तथा स्वरोजगार १), कोषाध्यक्ष-१, सह-कोषाध्यक्ष–१(महिला), सदस्य- २८ (खुल्ला तर्फ ८, महिला ७, सेवा क्षेत्र ३ (महिला १), उत्पादन क्षेत्र ३ (महिला १), अनौपचारिक तथा स्वरोजगार ३ (महिला १), र अध्यक्षद्वारा महाधिवेशन प्रतिनिधिहरु मध्येबाट मनोनित सदस्य ४ ( महिला १) समेत रहेको ४६ सदस्यीय राष्ट्रिय समिति गठन गरिनेछ ।

### ८.४.२ पदेन सदस्यहरु

(१) प्रदेश अध्यक्षहरु

(२) आबद्ध राष्ट्रिय संघका अध्यक्षहरु

(३) महिला समितिका अध्यक्ष

(४) यूवा समितिका अध्यक्ष

### ८.५ पदावधि

नेपाल ट्रेड युनियन काँग्रेसको पदाधिकारीहरु तथा कार्यकारी सदस्यहरुको पदावधि निर्वाचन भएको मितिदेखि ४ बर्षको हुनेछ ।

## ९. परिषद

### ९.१ जिल्ला परिषद्

देहाय बमोजिमका पदाधिकारीहरु सम्मिलित भई प्रत्येक बर्षको एक पटक बस्ने बैठक नै जिल्ला परिषद हो ।

(क) जिल्ला समितिका पदाधिकारी तथा कार्यकारी सदस्यहरु ।

(ख) प्रत्येक आवद्ध संघबाट जिल्ला समितिका अध्यक्ष समेत ४ जना ।

(ग) महिला र युवा समितिबाट अध्यक्ष समेत ४/४ जना ।

(घ) जिल्ला भित्रका प्रतिष्ठानस्तरका ट्रेड यूनियनका अध्यक्षहरु ।

### ९.२ प्रदेश परिषद्

देहाय बमोजिमका पदाधिकारीहरु सम्मिलित भई प्रत्येक बर्षको एक पटक बस्ने बैठक नै प्रदेश परिषद हो ।

(क) सम्बन्धित प्रदेशवाट प्रतिनिधित्व गर्ने राष्ट्रिय समितिका पदाधिकारी तथा कार्यकारी सदस्यहरु ।

(ख) प्रदेश समितिका पदाधिकारी तथा कार्यकारी सदस्यहरु ।

(ग) आवद्ध संघका प्रदेश समितिका अध्यक्ष समेत ४ जना ।

(घ) सम्बन्धित प्रदेशवाट प्रतिनिधित्व गर्ने महिला र यूवा समितिका पदाधिकारीहरु ।

(ङ) सम्बन्धित जिल्ला समितिका अध्यक्ष समेत ४ जना ।

### ९.३ राष्ट्रिय परिषद

देहाय वमोजिमका पदाधिकारी सम्मिलित भई दफा ११.१ बमोजिम बस्ने राष्ट्रियस्तरको वृहद् बैठकनै राष्ट्रिय परिषद् हो ।

(क) राष्ट्रिय समितिका पदाधिकारी तथा कार्यकारी सदस्यहरु ।

(ख) महासंघको प्रदेश समितिबाट अध्यक्ष समेत ४ जना (१ महिला समेत) पदाधिकारी

(ग) आबद्ध राष्ट्रिय संघको केन्द्रीय समितिबाट अध्यक्ष समेत ४ जना ।

(घ) महिला/यूवा समिति समितिबाट प्रत्येकबाट अध्यक्ष वा संयोजक समेत ४ जना तर यूवा समितिबाट कम्तिमा १ महिला अनिवार्य ।

(ङ) महासंघको प्रत्येक जिल्ला समितिका अध्यक्षहरु ।

## १०. अधिवेशनको गठन

क) गाउँ/नगर अधिवेशन

आवद्ध राष्ट्रिय संघका सम्बन्धित महानगर, उपमहानगर, नगर तथा गाउँ कार्यपालीकाका सदस्यहरु मध्येबाट देहाय अनुसार स्थानीय गाउँ/नगर समिति गठन हुनेछ ।

| | |
|---|---|
| अध्यक्ष | १ |
| उपाध्यक्ष | २ (१ महिला) |
| सचिव | १ |
| सह सचिव | १ |
| कोषाध्यक्ष | १ |
| सदस्य | ७ (महिला ३) |

ख नेपाल ट्रेड यूनियन काँग्रेसको गाउँ/नगर समितिले आवद्ध राष्ट्रिय संघका सदस्यहरु मध्येबाट आवश्यकता अनुसार वडा समिति गठन गर्न सक्नेछ ।

**१०.१ जिल्ला अधिवेशन**

महासंघको जिल्ला अधिवेशन देहाय बमोजिमका सदस्यहरुबाट हुनेछ ।

१०.१.१ आवद्ध संघको जिल्लामा रहेको कूल सदस्य संख्याको आधारमा देहाय बमोजिमको संख्यामा निर्वाचित भई आएका सदस्यहरु

(क) २५ जना सम्ममा १ जना ।

(ख) २६ देखि माथी प्रत्येक २५ जनामा थप १ जना ।

(ग) जिल्ला समितिका पदाधिकारी तथा सदस्यहरु ।

१०.१.२ दफा ६.२ बमोजिमका सदस्यहरु ।

१०.१.३ आबद्ध राष्ट्रिय संघका जिल्ला समितिका अध्यक्षहरु र जिल्ला महिला/यूवा समितिका अध्यक्ष जिल्ला अधिवेशनका पदेन प्रतिनिधि रहनेछन् तर पदेन प्रतिनिधिहरु जिल्ला समितिको कुनै पनि पदमा उम्मेदवार बन्न सक्ने छैनन् ।

१०.१.४ जिल्ला अधिवेशन प्रत्येक ४ वर्षमा बस्नेछ ।

**१०.२ प्रदेश अधिवेशन**

महासंघको प्रदेश अधिवेशन देहाय बमोजिमका सदस्यहरुबाट हुनेछ ।

**१०.२.१ महासंघको जिल्ला अधिवेशनबाट कुल सदस्य संख्याको आधारमा देहाय बमोजिम निर्वाचित भई आएका सदस्यहरुबाट प्रदेश अधिवेशन गठन हुनेछ ।**

(क) २५० सम्ममा १ जना ।

(ख) २५१ देखि माथि प्रत्येक २५० जनामा थप १ जना ।

(ग) प्रदेश समितिका पदाधिकारी तथा सदस्यहरु ।

१०.२.२ सम्बन्धित प्रदेशबाट प्रतिनिधित्व गर्ने महासंघका राष्ट्रिय समितिका पदाधिकारी तथा सदस्यहरु र राष्ट्रिय संघका अध्यक्षहरु ।

१०.२.३ आवद्ध संघको सम्बन्धित प्रदेशका भित्रका केन्द्रीय उपाध्यक्ष वा प्रदेश अध्यक्षहरु पदेन प्रतिनिधि रहनेछन् ।

१०.२.४ महासंघको सम्बन्धित प्रदेश भित्रका जिल्ला अध्यक्षहरु, प्रदेश महिला तथा युवा समितिका अध्यक्षहरु पदेन प्रतिनिधि रहनेछन् । दफा १०.२.२, १०.२.३, १०.२.४ बमोजिमका पदेन प्रतिनिधिहरु प्रदेश समितिको कुनै पदमा उम्मेदवार हुन पाउने छैनन ।

**१०.३ राष्ट्रिय महाधिवेशन**

महासंघको राष्ट्रिय महाधिवेशनको गठन देहाय बमोजिमका सदस्यहरुबाट हुनेछ ।

१०.३.१ महासंघसँग आवद्ध राष्ट्रिय संघको सदस्य संख्याको आधारमा देहाय बमोजिमको संख्यामा निर्वाचित भई आएका सदस्यहरु :

(क) ५०० सम्ममा १ जना ।

(ख) ५०१ देखि माथि प्रत्येक ५०० मा थप १ जना ।

(ग) राष्ट्रिय समितिका पदाधिकारी तथा सदस्यहरु ।

१०.३.२ नेपाल ट्रेड युनियन काँग्रेसको जिल्ला अधिवेशनबाट कूल सदस्य संख्याको आधारमा देहाय बमोजिम निर्वाचित भई आएका सदस्यहरु ।

(क) ५०० सम्ममा १ जना ।

(ख) ५०१ देखि माथि प्रत्येक ५०० मा थप १ जना ।

१०.३.३ प्रदेश अध्यक्षहरु, आवद्ध संघका अध्यक्षहरु र महासंघका जिल्ला अध्यक्षहरु पदेन प्रतिनिधि रहने छन् तर पदेन प्रतिनिधिहरु राष्ट्रिय समितिको कुनै पनि पदमा उम्मेदवार हुन पाउने छैनन ।

**१०.४ राष्ट्रिय सम्मेलन**

महासंघको राष्ट्रिय महाधिवेशन पछिको दोस्रो वर्ष राष्ट्रिय सम्मेलन हुनेछ । दफा १०.३ बमोजिमको राष्ट्रिय महाधिवेशनका प्रतिनिधिहरु नै यस सम्मेलनको प्रतिनिधि हुनेछन् ।

# परिच्छेद – ६

## ११. परिषद् , सम्मेलन र अधिवेशनका प्रकृयाहरू सम्बन्धी व्यवस्था

### ११.१ नियमित परिषद, सम्मेलन र अधिवेशन सम्बन्धी व्यवस्था

(क) महासंघको परिषदको बैठक अधिवेशन पछिको पहिलो र तेस्रो वर्ष कार्य समितिले तोकेको समय र स्थानमा बस्नेछ ।

(ख) महासंघको अधिवेशन सम्बन्धित कार्य समितिले प्रत्येक ४ वर्षमा बोलाउनु पर्नेछ र राष्ट्रिय महाधिवेशन सम्पन्न भएको २ वर्षमा राष्ट्रिय सम्मेलन बोलाउनु पर्नेछ ।

(ग) खण्ड (क) र (ख) बमोजिम परिषद् वा सम्मेलन वा अधिवेशन वोलाउदा स्थान, मिति र छलफलका विषयहरु समेत उल्लेख गरी कम्तीमा ३० दिन अगावै सम्बन्धित सदस्यहरुलाई जानकारी दिनुपर्नेछ ।

(घ) सम्बन्धित परिषद्, सम्मेलन वा अधिवेशनमा ५० प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा परिषद्, सम्मेलन वा अधिवेशनको गणपुरक संख्या पुगेको मानिनेछ ।

(ङ) पहिलो पटक बोलाएको अधिवेशन, सम्मेलन वा परिषद्मा दफा (घ) बमोजिम गणपुरक संख्या नपुगेमा १५ दिनको समय दिई दोस्रो पटक परिषद्, सम्मेलन वा अधिवेशन बोलाइनेछ । जसमा एकतिहाई सदस्यहरु उपस्थित भए पनि गणपूरक संख्या पुगेको मानिनेछ ।

### ११.२ आकस्मिक वा विशेष अधिवेशन सम्बन्धि व्यवस्था

(क) महासंघको सम्बन्धित पूर्ण अधिवेशनका कम्तिमा २५ प्रतिशत सदस्यहरुले कारण खुलाई लिखितरुपमा विशेष अधिवेशन बोलाउन सम्बन्धित समितिलाई अनुरोध गरेमा तीन महिना भित्रमा विशेष अधिवेशन बोलाउनु पर्नेछ ।

ख) राष्ट्रिय समितिको दुई तिहाई बहुमतले आवश्यक ठानेमा विशेष महाधिवेशन बोलाउन सक्नेछ ।

## १२. छलफल र निर्णय

(क) अधिवेशन, सम्मेलन वा परिषदको अध्यक्षता सम्बन्धित कार्य समितिको अध्यक्षले र निजको अनुपस्थितिमा वरिष्ठ उपाध्यक्ष वा उपाध्यक्षले गर्नेछ। अध्यक्ष, बरिष्ठ उपाध्यक्ष वा उपाध्यक्षको अनुपस्थितिमा सम्बन्धित कार्य समितिका सदस्यहरुले आफू मध्येबाट छानेको पदाधिकारीले अध्यक्षता गर्नेछ ।

(ख) अधिवेशन, सम्मेलन वा परिषद्मा छलफल गरिने सबै विषयहरु प्रस्तावको रुपमा पेश गर्नुपर्नेछ ।

(ग) छलफलको क्रममा गोप्य वा खुल्ला मतदान हुँदा उपस्थित भई मतदान गर्ने सदस्यहरुको बहुमत प्राप्त रायलाई अधिवेशन, सम्मेलन वा परिषद् को निर्णय मानिनेछ । मत बराबर हुन गएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ ।

## १३. निर्णय पुस्तिका राख्नु पर्ने

अधिवेशन, सम्मेलन वा परिषद्मा भएको काम कारवाहीको विषयमा एउटा निर्णय पुस्तिका तयार गरी अध्यक्षता गर्ने व्यक्ति र अधिवेशन, सम्मेलन र परिषद् बाट मनोनित कम्तीमा दुई जना सदस्यहरुद्धारा प्रमाणित गराई सम्बन्धित कार्य समितिका महासचिव/सचिवले अध्यावधिक गराई राख्नु पर्नेछ ।

## १४. निर्णयको जानकारी दिनुपर्ने

महासंघको राष्ट्रिय, क्षेत्रिय र जिल्ला परिषद्, सम्मेलन वा अधिवेशनमा भएका निर्णयहरुको जानकारी १५ दिन सम्बन्धित निकाय र सदस्यहरुलाई सम्बन्धित समिति मार्फत दिनुपर्नेछ ।

## १५. अधिवेशन, सम्मेलन र परिषद्मा पेश गरिने विषयहरू

१५.१ (क) वार्षिक प्रतिवेदन ।

(ख) वार्षिक  योजना तथा कार्यक्रम ।

(ग) वार्षिक बजेट ।

(घ) लेखा परीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक ।

(ङ) लेखा परीक्षण प्रतिवेदन ।

(च) कर्मचारीको दरबन्दी श्रृजना र निजको पारिश्रमिक, सुविधा एवं सेवाका शर्तहरु तोक्ने ।

(छ) महासंघको बिधान अन्तर्गत बनाउने बिनियम ।

(ज) अन्य आवश्यक विषयहरु ।

१५.२ महासंघको विधान संशोधन प्रस्ताव राष्ट्रिय महाधिवेशन र राष्ट्रिय सम्मेलनमा मात्र पेश गरिनेछ ।

## परिच्छेद – ७

### १६. परिषद, अधिवेशन, सम्मेलन, र समितिको गठन काम कर्त्तव्य र अधिकार

**१६.१ जिल्ला परिषद्, प्रदेश परिषद् र राष्ट्रिय परिषद्**

(क) कार्य समितिले एक वर्षमा गरेका काम कारवाहीको मूल्याकन गर्ने ।

(ख) कार्य समितिले पेश गरेको कार्यक्रम तथा बार्षिक बजेट माथि छलफल गरी स्वीकृत गर्ने र आगामी बर्षका लागि कार्यक्रम स्वीकृत गर्ने ।

(ग) लेखा परीक्षकको बार्षिक प्रतिवेदन उपर छलफल र निर्णय गर्ने ।

(घ) नियमानुसार प्रस्तुत हुन आएका प्रस्तावहरु उपर विचार बिमर्श र निर्णय गर्ने ।

(ङ) आन्तरिक कार्य व्यवस्थापनका लागि नीति निर्धारण गर्ने ।

(च) आवद्धता सम्बन्धि निर्णयको अनुमोदन सम्बन्धि प्रस्ताव प्रस्तुत गर्ने ।

**१६.२. जिल्ला अधिवेशन तथा प्रदेश अधिवेशन**

(क) समितिले गरेको काम कारवाहीको मूल्याकन गर्ने ।

(ख) नेपाल ट्रेड युनियन काँग्रेसको भावी कार्यक्रमहरुको तर्जुमा गर्ने ।

(ग) समितिको प्रतिवेदन, कार्यक्रम र लेखापरीक्षण गरिएको बार्षिक आय/व्ययको हिसाब उपर निर्णय गर्ने र आगामी बर्षको कार्यक्रम तथा बजेट स्वीकृत गर्ने ।

(घ) नियमानुसार प्रस्तुत हुन आएका प्रस्तावहरु उपर विचार बिमर्श गर्ने र निर्णय गर्ने ।

(ङ) समिति र परिषदद्वारा बिचार बिमर्श हुनुपर्ने भनी प्रस्तुत गरेका अन्य प्रस्तावहरुमा छलफल र निर्णय गर्ने ।

(च) सम्बन्धित समितिको निर्वाचन गर्ने ।

**१६.३ राष्ट्रिय महाधिवेशन**

(क) राष्ट्रिय समितिले गरेको काम कारवाहीको मूल्याकन गर्ने ।

(ख) महासंघको भावी कार्यक्रमहरुको तर्जुमा गर्ने ।

(ग) राष्ट्रिय समितिको प्रतिवेदन, कार्यक्रम र लेखापरीक्षण गरिएको बार्षिक आय/व्ययको हिसाब उपर छलफल र निर्णय दिने र आगामी बर्षको कार्यक्रम तथा बजेट स्वीकृत गर्ने ।

(घ) प्रस्तुत हुन आएका प्रस्तावहरु उपर विचार बिमर्श गर्ने र निर्णय गर्ने ।

(ङ) राष्ट्रिय समिति, परिषद वा सम्मेलनद्वारा बिचार बिमर्श हुनुपर्ने भनी प्रस्तुत गरेका अन्य प्रस्तावहरुमा छलफल र निर्णय गर्ने ।

(झ) राष्ट्रिय समितिको निर्वाचन गर्ने ।

(च) आवद्धता सम्बन्धी निर्णयको अनुमोदन गर्ने ।

(छ) मातहतको समितिमा उठेको कुनै पनि मुद्दाको समाधान गर्ने ।

(ञ) विधान संशोधन गर्ने ।

**१६.४ राष्ट्रिय सम्मेलन**

राष्ट्रिय समितिको निर्वाचन वाहेकका राष्ट्रिय महाधिवेशनले गर्ने सम्पूर्ण कार्यहरु गर्ने ।

**१६.५. जिल्ला समिति**

(क) जिल्ला अधिवेशनले पारित गरेका कार्यक्रमहरु कार्यान्वयन गर्ने गराउने ।

(ख) जिल्ला परिषद्को आयोजना गर्ने र परिषद्द्वारा पारित प्रस्तावहरु कार्यान्वयन गर्ने गराउने ।

(ग) मातहतका समितिहरु बीच श्रमिक ऐक्यबद्धता कायम गराई विविध कार्यक्रमहरुको आयोजना गर्ने ।

(घ) महासंघको नीति, निर्देशनहरु अवगत गराउने ।

(ङ) साधारण सदस्यहरुको अभिलेख अध्यावधिक राख्ने ।

(च) महासंघको विधान र नीतिको अधीनमा रही कोष अभिवृद्धिका लागि आर्थिक कार्यक्रमहरु सञ्चालन गर्ने ।

(छ) दीर्घकालीन र अल्पकालीन शैक्षिक कार्यक्रमहरु सञ्चालन गर्ने ।

(ज) सांगठनिक सुदृढीकरणका लागि आवश्यक कार्यहरु गर्ने ।

(झ) श्रमिकहरुको व्यक्तिगत वा सामूहिक सौदाबाजी गर्नु पर्दा आवश्यकता हेरी वार्ताकारहरुको व्यवस्था गर्ने ।

(ञ) आवश्यकता अनुसार विविध कार्यक्रमहरु सञ्चालन गर्न जिल्ला समितिले आवश्यकता अनुसार तय गरेका निकायका पदाधिकारी तथा सदस्यको जिम्मेवारी तथा पदावधि तोक्ने ।

(ट) लेखा परिक्षकको नियुक्ति गर्ने ।

(ठ) विधान विपरित काम गर्ने पदाधिकारी उपर अनुशासनको कारवाहीको निम्ति राष्ट्रिय समितिमा सिफारिस गर्ने ।

(ड) दरबन्दी अनुसार कर्मचारी नियुक्ति गर्ने ।

(ढ) समितिको बैठकका लागि आवश्यक कार्यविधिको निर्धारण गर्ने ।

**१६.५.१ गाउँ/नगर समिति**

(क) गाउँ/नगर अधिवेशनले पारित गरेका कार्यक्रमहरु कार्यान्वयन गर्ने गराउने ।

(ख) मातहतका समितिहरु बीच श्रमिक ऐक्यबद्धता कायम गराई विविध कार्यक्रमहरुको आयोजना गर्ने ।

(ग) महासंघको नीति, निर्देशनहरु अवगत गराउने ।

(घ) साधारण सदस्यहरुको अभिलेख अध्यावधिक राख्ने ।

(ङ) महासंघको विधान र नीतिको अधीनमा रही कोष अभिवृद्धिका लागि आर्थिक कार्यक्रमहरु सञ्चालन गर्ने ।

(च) दीर्घकालीन र अल्पकालीन शैक्षिक कार्यक्रमहरु सञ्चालन गर्ने ।

(छ) सांगठनिक सुदृढीकरणका लागि आवश्यक कार्यहरु गर्ने ।

(ज) श्रमिकहरुको व्यक्तिगत वा सामूहिक सौदाबाजी गर्नु पर्दा आवश्यकता हेरी वार्ताकारहरुको व्यवस्था गर्ने ।

(झ) विधान विपरित काम गर्ने पदाधिकारी उपर अनुशासनको कारवाहीको निम्ति जिल्ला समितिमा सिफारिस गर्ने ।

(ञ) समितिको बैठकका लागि आवश्यक कार्यविधिको निर्धारण गर्ने ।

ट) गाउँ/नगर तहमा श्रमिकको हक हितका लागि प्रभावकारीरुपमा प्रतिनिधित्व र सहभागिता गर्ने ।

**१६.६. जिल्ला कार्य सम्पादन समिति**

जिल्ला समितिका अध्यक्षको अध्यक्षतामा अध्यक्ष-१, निवर्तमान अध्यक्ष-१ पदेन, उपाध्यक्ष-५ (खुल्ला १, महिला १, सेवा क्षेत्र १, उत्पादन क्षेत्र १, अनौपचारिक तथा स्वरोजगार क्षेत्र १) सचिव-१, सह-सचिव-२, कोषाध्यक्ष-१, सह कोषाध्यक्ष १ (महिला), महिला समितिको अध्यक्ष र यूवा समितिको अध्यक्ष समेत रहेको १४ सदस्यीय जिल्ला कार्य सम्पादन समिति रहनेछ ।

**१६.७. प्रदेश समिति**

(क) प्रदेश परिषद्को आयोजना गर्ने र राष्ट्रिय समितिको प्रतिकूल नहुने गरी परिषद्द्वारा पारित प्रस्तावहरु कार्यान्वयन गर्ने गराउने ।

(ख) मातहतका समितिहरु बीच श्रमिक ऐक्यबद्धता कायम गराई विविध कार्यक्रमहरुको आयोजना गर्ने ।

(ग) महासंघको नीति, निर्देशनहरु अवगत गराउने ।

(घ) महासंघको विधान र नीतिको अधीनमा रही प्रदेश कोष अभिवृद्धिका लागि आर्थिक कार्यक्रमहरु सञ्चालन गर्ने ।

(ङ) दीर्घकालीन र अल्पकालीन शैक्षिक कार्यक्रमहरु सञ्चालन गर्ने ।

(च) सांगठनिक सुदृढीकरणका लागि आवश्यक कार्यहरु गर्ने ।

(छ) लेखा परिक्षकको नियुक्ति गर्ने ।

(ज) विधान विपरित काम गर्ने पदाधिकारी उपर अनुशासनको कारवाहीका निमित्त राष्ट्रिय समितिमा सिफारिस गर्ने ।

(झ) दरबन्दी अनुसार कर्मचारी नियुक्ति गर्ने ।

(ञ) प्रदेश समितिको बैठकका लागि आवश्यक कार्यविधिको निर्धारण गर्ने ।

(ट) नेपाल सरकारको प्रदेश कानून बमोजिमका श्रम सम्बन्धि नीति नियम अनुसार प्रतिनिधित्व गर्ने, सहभागिता जनाउने र श्रमिक हितमा निर्णय लिने कार्यमा प्रभावकारी भूमिका निर्वाह गर्ने ।

## १६.८ प्रदेश कार्य सम्पादन समिति

प्रदेश समितिको अध्यक्षको अध्यक्षतामा अध्यक्ष-१, निवर्तमान अध्यक्ष-१ पदेन, उपाध्यक्ष-६ (खुल्ला २, महिला १, सेवा क्षेत्र १, उत्पादन क्षेत्र १, अनौपचारिक तथा स्वरोजगार क्षेत्र १) सचिव-१, सह-सचिव-५ (खुल्ला १, महिला १, सेवा क्षेत्र १, उत्पादन क्षेत्र १, अनौपचारिक तथा स्वरोजगार १), कोषाध्यक्ष-१, सह कोषाध्यक्ष १ (महिला), महिला समितिको अध्यक्ष र यूवा समितिको अध्यक्ष समेत रहेको १८ सदस्यीय प्रदेश कार्य सम्पादन समिति रहनेछ ।

## १६.९ राष्ट्रिय समिति

(क) राष्ट्रिय महाधिवेशन र राष्ट्रिय सम्मेलनले तय गरेका नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्ने गराउने ।

(ख) . राष्ट्रिय परिषद्, सम्मेलन र महाधिवेशनको आयोजना गर्ने ।

(ग) राष्ट्रिय परिषद्, सम्मेलन र महाधिवेशनद्धारा पारित प्रस्तावहरु कार्यान्वयन गर्ने, गराउने ।

(घ) साधारण सदस्यहरुको अभिलेख अध्यावधिक राख्ने ।

(ङ) कोष अभिवृद्धिका लागि आर्थिक कार्यक्रम तय गरी कार्यान्वन गर्ने गराउने ।

(च) महासंघको विधान विपरीत कार्य गर्ने सदस्य उपर जिल्ला र प्रदेश समितिले गरेको सिफारिस माथि आवश्यक छानविन गरी अनुशासनको कार्यबाहीको अन्तिम निर्णय दिने ।

(छ) आवश्यकता अनुसार राष्ट्रिय समितिको काम कारबाहीलाई सुचारुरुपले सञ्चालन गर्न कर्मचारीहरुको नियुक्ति गर्ने ।

(ज) संस्थागत सदस्यताका लागि आवेदन दिने संघहरुलाई परिषद् वा महाधिवेशनबाट अनुमोदन गराउने गरी सदस्यता प्रदान गर्ने ।

(झ) समितिको बैठक तथा कार्य सम्पादनका लागि कार्यविधिको निर्धारण गर्ने ।

(ञ) दफा १७.९ बमोजिमको कार्य गर्ने ।

(ठ) व्यक्तिगत वा सामूहिक सौदाबाजी गर्नु परेका अवस्थामा वार्ताकारको भूमिका निर्वाह गर्ने ।

(ठ) आगामी आर्थिक बर्षको बजेट विवरण राष्ट्रिय परिषद, वा महाधिवेशनमा पेश गर्ने ।

(ड) लेखा परिक्षकको नियुक्ति गर्ने ।

(ढ) लेखा परीक्षण प्रतिवेदन परिषद् वा महाधिवेशनमा पेश गर्ने ।

(ण) आवश्यकता अनुसार विभाग र कर्मचारीका दरबन्दीहरुको विवरण परिषद् वा बैठकमा पेश गर्ने ।

(त) अध्यक्षको राजिनामा स्वीकृत गर्ने ।

(थ) राष्ट्रिय वा अन्तराष्ट्रिय सभा, सेमीनार र तालिममा प्रतिनिधि पठाउने ।

(द) मातहतका समितिहरुलाई निर्देशन गर्ने ।

(ध) विधान संशोधन सम्बन्धि प्रस्ताव प्रस्तुत गर्ने ।

(न) आवद्ध संघमा असामान्य अवस्था सृजना भएमा सोको समाधान गर्ने ।

## १६.१० राष्ट्रिय कार्यसम्पादन समिति

(क) राष्ट्रिय समितिका अध्यक्षको अध्यक्षतामा अध्यक्ष-१, निवर्तमान अध्यक्ष-१ पदेन, वरिष्ठ उपाध्यक्ष-१, उपाध्यक्ष - ६, (खुल्ला २, महिला १, सेवा क्षेत्र १, उत्पादन क्षेत्र १, अनौपचारिक तथा स्वरोजगार क्षेत्र १) महासचिव-१, उपमहासचिव-६ (खुल्ला २, महिला १, सेवा क्षेत्र १, उत्पादन क्षेत्र १, अनौपचारिक तथा स्वरोजगार १), कोषाध्यक्ष-१, सह-कोषाध्यक्ष-१(महिला), महाधिवेशनमा बढी मत प्राप्त गर्ने खुल्ला सदस्य १ र महाधिवेशनमा बढी मत प्राप्त गर्ने महिला सदस्य १, प्रदेश समितिका अध्यक्षहरु ७, महिला समिति अध्यक्ष १, युवा समिति अध्यक्ष १ समेत रहेको २९ सदस्यीय राष्ट्रिय कार्य सम्पादन समिति रहनेछ ।

(ख) राष्ट्रिय समितिको नियमित बैठक नबसेको अवधिमा राष्ट्रिय समितिले प्रयोग गर्ने कार्यकारिणी अधिकार राष्ट्रिय कार्य सम्पादन समितिले प्रयोग गर्नेछ । तर यसले गरेका निर्णयहरुलाई राष्ट्रिय समितिको बैठकबाट अनुमोदन गराउनु पर्नेछ ।

(ग) राष्ट्रिय कार्य सम्पादन समितिको काम कारवाहीको सन्दर्भमा राष्ट्रिय समितिले विनियम बनाई लागू गर्न सक्नेछ ।

**१६.११ विभागको गठन**

आवश्यकता र औचित्यता हेरी राष्ट्रिय समितिले केन्द्रीय तहमा विभिन्न विषयगत विभागहरुको गठन गर्न सक्नेछ । विभागले केन्द्रीय सचिवालयको समन्वयमा कार्य समितिको निर्णयको कार्यान्वयन गर्नेछ । विभागको संचालन विभागीय कार्यविधि अनुसार हुनेछ ।

## १७. कार्य समितिको बैठक र निर्णय :

**१७.१** कार्य समितिको बैठक देहाय बमोजिम हुनेछ ।

(क) राष्ट्रिय समितिको नियमित बैठक कम्तिमा ४ महिनामा १ पटक बस्नेछ ।

(ख) प्रदेश समितिको नियमित बैठक कम्तिमा ३ महिनामा १ पटक बस्नेछ ।

(ग) जिल्ला समितिको नियमित बैठक कम्तिमा २ महिनामा १ पटक बस्नेछ ।

(घ) राष्ट्रिय, प्रदेश र जिल्ला कार्यसम्पादन समितिको बैठक कम्तिमा महिनामा एक पटक बस्नेछ । तर सम्बन्धित अध्यक्षले आवश्यक ठानी बोलाएमा जुनसुकै समयमा बैठक बस्नेछ ।

(ङ) सचिवालयको नियमित बैठक कम्तिमा ७ दिनमा १ पटक बस्नेछ ।

(च) विभागहरुको बैठक आवश्यकता अनुसार बस्नेछ ।

**१७.२** कार्य समितिका २५ प्रतिशत सदस्यहरुले लिखितरुपमा कारण खोली बैठक बोलाउन अध्यक्ष समक्ष अनुरोध गरेमा राष्ट्रिय समिति र प्रदेश समितिका हकमा ३० दिन र जिल्ला समितिका हकमा १५ दिन भित्र अनिवार्य रुपमा बैठक बोलाउनु पर्नेछ ।

**१७.३** अध्यक्षको अनुमति लिई बैठक बस्ने मिति, समय, स्थान र छलफलका विषयहरु तोकी राष्ट्रिय समितिका हकमा महासचिव, प्रदेश र जिल्ला समितिका हकमा सचिवले बैठक बोलाउनेछ ।

**१७.४** सम्बन्धित कार्य समितिका ५१ प्रतिशत भन्दा बढी सदस्यहरुको उपस्थिति भएमा बैठकको गणपूरक संख्या पुगेको मानिनेछ । तर ५१

प्रतिशत भन्दा कम सदस्यहरु उपस्थित भई दोस्रो पटक बैठक बस्नुपर्दा एक तिहाई सदस्यहरु उपस्थित भएमा पनि बैठकको गणपूरक संख्या पुगेको मानिनेछ ।

१७.५ बैठकको अध्यक्षता सम्बन्धित समितिको अध्यक्षले गर्नेछन् । निजको अनुपस्थितिमा राष्ट्रिय समितिको हकमा बरिष्ठ उपाध्यक्ष, प्रदेश वा जिल्ला समितिको हकमा उपाध्यक्षले अध्यक्षता गर्नेछन् । निजहरुको पनि अनुपस्थित भएमा राष्ट्रिय समितिको हकमा एक जना उपाध्यक्ष र प्रदेश वा जिल्लाको हकमा पदाधिकारीहरुले आफूमध्येबाट छानेको एकजनाले बैठकको अध्यक्षता गर्नेछन् ।

१७.६ बैठकमा बहुमतको निर्णय मान्य हुनेछ । मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ ।

१७.७ बैठकमा भएका निर्णय अध्यक्षता गर्ने व्यक्ति र राष्ट्रिय समितिको हकमा महासचिव, प्रदेश र जिल्ला समितिको हकमा सचिवले अध्यावधिक गराई निर्णय पुस्तिका तयार गरी राख्नु पर्नेछ । तर, बैठक शुरु गर्नु पूर्व अघिल्लो बैठकको निर्णय र कार्यान्वयनको अवस्था बारे कार्य समितिलाई जानकारी गराउनु पर्नेछ ।

१७.८ सम्बन्धित समितिका पदाधिकारी एवं सदस्यहरुलाई निर्णयको जानकारी महासचिव वा सचिवले अनिवार्य रुपमा गराउनुपर्नेछ ।

१७.९ बैठक सम्बन्धी अन्य कार्यविधि कार्य समिति आफैले निर्धारण गर्न सक्नेछ ।

# परिच्छेद - ८

## १८ पदाधिकारीको व्यवस्था काम, कर्त्तव्य र अधिकार

### १८.१ अध्यक्ष

(क) महासंघको सम्पूर्ण कार्यको रेखदेख गर्ने ।

(ख) सम्बन्धित परिषद्, सम्मेलन, अधिवेशन र समितिको बैठकको अध्यक्षता गर्ने ।

(ग) मत बरावर भएमा निर्णायक मत दिने ।

(घ) महासंघको हितका लागि नेतृत्व प्रदान गर्ने ।

(ङ) सम्बन्धित समितिले गरेको निर्णयहरु कार्यान्वयन गर्ने गराउने ।

(च) अपर्झट आई पर्ने कार्यको सन्दर्भमा पछि बैठकमा निर्णय गराउने गरी अध्यक्षको हैसियतले निर्णय गर्ने गराउने ।

(छ) महासंघको उद्देश्य प्राप्तिका लागि अन्य कार्यहरु गर्ने ।

(ज) सम्बन्धित समितिका पदाधिकारी तथा सदस्यको राजिनामा स्वीकृत गर्ने ।

(ञ) आवश्यक देखेमा मिति, स्थान, समय तोकी राष्ट्रिय समितिको हकमा महासचिव र प्रदेश तथा जिल्ला समितिको हकमा सचिव मार्फत् आकस्मिक बैठक बोलाउने ।

(ट) कार्यसम्पादन समितिको बैठकबाट अनुमोदन गराउने गरी भैपरी आउने कार्यका लागि राष्ट्रिय समितिका अध्यक्षले बढीमा रु. २५,०००/-, प्रदेश समितिका अध्यक्षले बढीमा रु. १०,०००/- र जिल्ला समितिका अध्यक्षले बढीमा रु. ५,०००/- सम्म रकम खर्च गर्न सक्नेछन् ।

(ठ) महासंघले सञ्चालन गरेको योजना तथा कार्यक्रमहरुको सुपरिवेक्षण, मूल्याङ्कन तथा रेखदेख गर्ने ।

(ड) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सभा, सम्मेलन वा अधिवेशनमा प्रतिनिधित्व गर्ने ।

**१८.२ बरिष्ठ उपाध्यक्ष**

(क) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने सबै कार्यहरु गर्ने ।

(ख) अध्यक्षको कार्यमा आवश्यक सहयोग पुऱ्याउने ।

(ग) महासंघको उद्देश्य प्राप्तिका निम्ति आवश्यक कार्य गर्ने ।

(घ) संगठन सुदृढीकरण कार्यमा प्रयत्नशील रहने

(ङ) ६ वटा उपाध्यक्षको कामको संयोजन, अनुगमन तथा सुपरिवेक्षण गर्ने ।

(च) मातहतका पदाधिकारी तथा निकायहरुको काम कारवाही सम्बन्धमा मूल्याङ्कन गरी आवधिक प्रतिवेदन पेश गर्ने ।

(छ) मातहतका निकायहरुको सांगठनिक विवाद, गुनासोहरु सुन्ने र त्यसको समाधानको लागि पहल गर्ने ।

**१८.३ उपाध्यक्ष (खुल्ला)**

राष्ट्रिय समितिका उपाध्यक्षको काम, कर्त्तव्य र अधिकार

(क) अध्यक्ष र बरिष्ठ उपाध्यक्षको अनुपस्थितिमा निजहरुले गरिआएको सम्पूर्ण कार्य गर्ने ।

(ख) संगठन सुदृढीकरण कार्यमा प्रयत्नशील रहने ।

(ग) यस विधानमा उल्लेखित उद्देश्य प्राप्तिका निम्ति आवश्यक कार्य गर्ने ।

(घ) महासंघले तोकेको कार्य गर्ने ।

(ङ) समितिको नीति निर्णय कार्यान्वयन गर्न सक्रिय रहने ।

च) खुल्ला उपाध्यक्षले उल्लेखित कार्यका अतिरिक्त लेखा परीक्षण तथा सुपरिवेक्षण समिति, अनुशासन समितिको संयोजक एवं कार्य समितिले तोके बमोजिमका अन्य कार्यहरु गर्ने गराउने ।

(छ) क्षेत्रगत रुपमा प्रतिनिधित्व गर्ने उपाध्यक्षहरु तथा उपाध्यक्ष (महिला) ले क्रमश : उल्लेखित कार्यका अतिरिक्त आफ्नो क्षेत्रको संगठन विस्तार र महिलाहरुको अधिकार प्रवर्द्धनमा सक्रिय रहने ।

**१८.४ राष्ट्रिय समितिका महासचिव, प्रदेश र जिल्ला समितिका सचिवको काम, कर्त्तव्य र अधिकार**

(क) महासंघको दैनिक कार्य सुचारुरुपले सञ्चालन गर्न मातहतका समितिलाई निर्देशन दिने ।

(ख) अध्यक्षको सल्लाह लिई समितिको बैठक बोलाउने, निर्णय पुस्तिकाहरु राख्ने ।

(ग) अध्यक्षको सल्लाह लिई महासंघको बार्षिक योजना तर्जुमा गर्ने गराउने तथा कार्यक्रमहरु कार्यान्वयन गर्ने गराउने ।

(घ) अध्यक्षको सल्लाह लिई बैठकको लागि प्रस्ताव तयार गर्ने ।

(ङ) महासचिवले प्रदेश समिति तथा जिल्ला समितिमा भएका काम कारवाहीको सुपरीवेक्षण, अनुगमन र मूल्याङ्कन गरी कार्य समितिलाई जानकारी गराउने ।

(च) महासंघको कामका लागि पछि राष्ट्रिय कार्य सम्पादन समितिबाट अनुमोदन गराउने गरी राष्ट्रिय समितिका महासचिवले बढीमा रु. १५,०००/–, प्रदेश समितिका सचिवले बढीमा रु. ५,०००/– र जिल्ला समितिका सचिवले बढीमा रु. ३,०००/– सम्म खर्च गर्न सक्नेछन् ।

(छ) महासंघले सञ्चालन गरेका योजना तथा कार्यक्रमहरुको सुपरिवेक्षण तथा मूल्याङ्कन गरी कार्य समितिमा जानकारी गराउने ।

(ज) आवद्ध राष्ट्रिय संघ तथा विभिन्न समितिहरुमा पत्र व्यवहार गर्ने ।

(झ) सदस्यहरुको अभिलेख अध्यावधिक राख्न व्यवस्था मिलाउने ।

(ञ) साङ्गठनिक सुदृढीकरणका लागि आवश्यक कार्यहरु गर्ने गराउने ।

(ट) कार्य समितिको निर्णयहरु कार्यान्वयनका लागि सचिवालयको संयोजकको हैसियतले कार्य गर्ने ।

**१८.५ उपमहासचिवको काम, कर्त्तव्य र अधिकार**

(क) महासचिवको कार्यमा सहयोग गर्ने ।

(ख) महासचिवको निर्देशनमा महासंघको दैनिक प्रशासनिक कार्यको रेखदेख र नियन्त्रण गर्ने ।

(ग) महासचिवको अनुपस्थितमा निजले गरी आएका कार्यहरु गर्ने ।

(घ) राष्ट्रिय समितिले तोके बमोजिम क्रमशः संगठन, नीति योजना तथा कार्यक्रम र प्रशासन सम्बन्धी कार्य गर्ने ।

(ङ) यस विधानमा उल्लेखित उद्देश्य प्राप्तिका निम्ति आवश्यक कार्य गर्ने ।

(च) साङ्गठनिक सुदृढीकरणका लागि आवश्यक कार्यहरु गर्ने गराउने ।

(छ) समितिले तोकेको अन्य काम गर्ने ।

**१८.६ कोषाध्यक्षको काम, कर्त्तव्य र अधिकार**

(क) महासंघको आर्थिक कारोबर तथा भौतिक सम्पत्तिको रेखदेख, नियन्त्रण र बन्दोवस्त गर्ने ।

(ख) महासंघको बार्षिक बजेट र त्यसको बाँडफाँड सम्बन्धि बिवरण समितिको

स्वीकृतमा तयार गर्ने र अधिवेशन, सम्मेलन तथा परिषदमा पेश गरी स्वीकृत गराउँने ।

(ग) महासंघको रकम, दैदस्तुर आदि असुल उपर गर्ने गराउने ।

(घ) महासंघको आर्थिक सुदृढीकरणका लागि विभिन्न योजना तर्जुमा गर्ने ।

(ङ) मातहतको समितिको आर्थिक स्थितिको निरीक्षण गर्ने गराउने ।

(च) महासंघको चल र अचल सम्पतिको अभिलेख तयार गर्ने गराउने ।

(छ) महासंघलाई आर्थिकरुपमा आत्म निर्भर बनाउन प्रत्यनशिल रहने ।

(ज) महासंघ भित्र आर्थिक अनुशासन कायम गर्ने गराउने ।

(झ) आर्थिक कारोवारहरुको लेखा परीक्षण गराउने ।

(ञ) समितिले तोकेको अन्य कार्यहरु गर्ने ।

(ट) महासंघको कामका लागि पछि राष्ट्रिय कार्य सम्पादन समितिबाट अनुमोदन गराउने गरी राष्ट्रिय समितिका कोषाध्यक्षले बढीमा ७,०००/- प्रदेश समितिका कोषाध्यक्षले ५,०००/- र जिल्ला समितिका कोषाध्यक्षले २,०००/- सम्म खर्च गर्न सक्नेछन् ।

**१८.७ सह–कोषाध्यक्षको काम, कर्त्तव्य र अधिकार**

(क) कोषाध्यक्षको कार्यमा सहयोग गर्ने ।

(ख) महासंघको आर्थिक स्थिति मजबूत बनाउन प्रयत्नशिल रहने ।

(ग) कोषाध्यक्षको अनुपस्थितिमा कोषाध्यक्षले गर्ने कार्य गर्ने ।

(घ) महासंघले तोकेको अन्य कार्य गर्ने ।

**१८.८ सदस्यको काम, कर्त्तव्य र अधिकार**

(क) समितिको बैठकमा नियमित रुपमा भाग लिने ।

(ख) समितिको निर्णय कार्यान्वयन गर्न सक्रिय रहने ।

(ग) साङ्गठनिक सुदृढीकरणका लागि आवश्यक कार्यहरु गर्ने गराउने ।

(घ) समितिले तोकेको अन्य कार्य गर्ने ।

१८.९ निवर्तमान अध्यक्षको पदीय जिम्मेवारी सम्बन्धित राष्ट्रिय, प्रदेश तथा जिल्ला समितिको सदस्य सरह हुनेछ ।

# परिच्छेद - ९

## १९. पदको रिक्तता र पूर्ति सम्बन्धि व्यवस्था

**१९.१ पद रिक्त हुने :** देहायको अवस्थामा पदाधिकारी एवं सदस्यको पद रिक्त हुनेछ ।

(क) सम्बन्धित आवद्धसंघमा सदस्यता कायम नरहेमा । तर कुनै कारणबस सेवाबाट अवकाश भएको कारणले सदस्य नरहेको भए निजको बाँकी पदावधि सम्म निज साविकको पदबाट हट्ने छैन् ।

(ख) राजीनामा स्वीकृत भएमा ।

(ग) मगज बिग्रिएको प्रमाणित भएमा ।

(घ) मृत्यु भएमा ।

(ङ) विधान विपरित कार्य गरेको प्रमाणित भएमा ।

(च) समितिको बैठक बस्ने सूचना पाएर पनि लगातार तिन पटक सम्म बिना सूचना समितिमा अनुपस्थित भएको कारणले समितिले निजलाई हटाउने निर्णय गरेमा । तर यसरी सदस्यता समाप्त गर्नु पूर्व सम्बन्धित व्यक्तिलाई आफ्नो सफाईको उचित मौका दिनु पर्नेछ ।

(छ) एक वर्ष वा सो भन्दा बढी अवधिका लागि विदेश गएमा तर महासंघले पठाएको हकमा लागू हुनेछैन् ।

(ज) दफा ३८ बमोजिम महाअभियोग वा अविश्वासको प्रस्तावले हटाइएमा ।

(झ) महासंघको कुनै समितिको पदाधिकारी एकै समयमा सो भन्दा माथिल्लो समितिको पदाधिकारीमा निर्वाचित हुन गएमा तल्लो समितिको पद स्वतः रिक्त हुनेछ ।

**१९.२ रिक्त पदको पूर्ति :** समितिको ५० प्रतिशत भन्दा बढी पद रिक्त हुन आएमा बाँकी पदाधिकारीले अधिवेशन बोलाई रिक्त पदको पूर्ति गरिनेछ । तर एक वर्षभन्दा कम अवधि बाँकी रहेको अवस्थामा भने बाँकी रहेका पदाधिकारीहरुले नै कार्य सञ्चालन गर्नेछन् ।

## २०. निर्वाचन

(क) महासंघको कार्य समितिको निर्वाचन प्रक्रिया निर्वाचन निर्देशिका बमोजिम हुनेछ ।

(ख) महासंघको निर्वाचन निर्वाचन निर्देशिका बमोजिम गठित निर्वाचन समितिले गराउनेछ ।

१. महाधिवेशनको लागि राष्ट्रिय समितिबाट सामान्यतया १ वर्ष अघि नै मिति तोकिनेछ ।

२. सोही समितिले निर्वाचनको तिथिसंगै निर्वाचन सम्बन्धमा अनुभवी तथा श्रम, कानूनी र प्राध्यापन क्षेत्रका विज्ञहरुबाट १ प्रमुख निर्वाचन अधिकृत र १ महिला सहित ५ सदस्यीय राष्ट्रिय निर्वाचन समिति गठन गर्नेछ । तर निजहरु महासंघको सदस्य नरहेको व्यक्ति हुनुपर्नेछ ।

३. निर्वाचन समितिले सबै अधिवेशनका प्रतिनिधिहरुको सबै पद निर्वाचनबाटै पूर्ति गर्नेछ । प्रतिनिधिहरुको प्रमाणिकरणको लागि फोटो सहितको परिचय खुल्ने परिचय पत्र वितरण गर्नेछ । साथै निर्वाचन सम्पन्न गर्नको निम्ति सबै संरचनामा निर्वाचन प्रतिनिधि तोक्नेछ ।

४. निर्वाचन प्रतिनिधिले प्रमाणित गरेको परिचय पत्रलाई मात्र आधिकारिकता दिइनेछ ।

५. निर्वाचन समितिले प्रकाशित गरेको निर्वाचन सम्बन्धि भित्तेपात्रोको आधारमा सबै संरचना/निकायको निर्वाचन हुनेछ । महाधिवेशनको ३ महिना अगाडि सबै संरचना/निकायहरुको अधिवेशन समाप्त भई निर्वाचन प्रक्रियाबाट नै प्रतिनिधि चयन हुनु पर्नेछ ।

६. महाधिवेशनमा सदस्य संख्या ४ वर्षको सदस्यता शुल्कको औसत आधारमा निर्धारण हुनेछ । तर एकिकरण लगायत विशेष कारणले अन्तिम वर्ष सदस्य वृद्धि भएको विषयलाई दुई तिहाई बहुमतबाट राष्ट्रिय समितिले अनुमोदन गरेमा औसत सदस्य भन्दा बढी सदस्यलाई स्वीकृत दिन सकिनेछ ।

# परिच्छेद – १०

## २१. आर्थिक व्यवस्था

२१.१ महासंघको आफ्नो एउटा छुट्टै कोष रहनेछ, जसमा देहाय बमोजिमको रकम रहनेछ ।

(क) सदस्यता शुल्क बापत उठेको रकम ।

(ख) आवद्धता शुल्क वापत प्राप्त रकम ।

(ग) राष्ट्रिय, अन्तर्राष्ट्रिय सरकारी तथा गैह्र सरकारी संघ संस्थाबाट प्राप्त अनुदान वा सहयोग रकम ।

(घ) महासंघको लागि उठाइएको वा आर्जेको रकम ।

(ङ) विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दा प्राप्त रकम ।

(च) मानार्थ सदस्यताबाट प्राप्त रकम ।

२१.२ महासंघको सम्पूर्ण खर्च उपदफा २१.१ बमोजिमको कोषबाट व्यहोरिनेछ।

२१.३ नेपाल सरकारबाट स्वीकृत प्राप्त कुनै पनि बैंक तथा बित्तिय संस्थामा महासंघको नाममा खाता खोलिने छ ।

२१.४ उपदफा २१.३ बमोजिमको खाता सञ्चालन सम्बन्धमा कोषाध्यक्षको हस्ताक्षर अनिर्वाय रहने गरी राष्ट्रिय समितिको हकमा अध्यक्ष वा महासचिव , प्रदेश र जिल्ला समितिको हकमा अध्यक्ष वा सचिव मध्ये एकको संयुक्त हस्ताक्षरवाट गरिनेछ ।

२१.५ खाता सञ्चालक मध्ये कसैको उपदफा १९.१ बमोजिम पद रिक्त हुन आएमा पदको पूर्ति नहुन्जेल सम्बन्धित समितिले निर्णय गरे बमोजिम हुनेछ ।

२१.६ महासंघले संगठन सुदृढीकरण, श्रमिक हित एवं कल्याणका लागि आवश्यकता अनुसार विभिन्न कोषहरु निर्माण गरी संचालन गर्न सक्नेछ ।

## २२. लेखा र लेखापरीक्षण

२२.१ महासंघको आर्थिक कारेवारको लेखा दोहोरो लेखा प्रणाली (Double entry system) बमोजिम हुनेछ ।

२२.२ प्रत्येक बर्ष नेपाल सरकारद्वारा स्वीकृत लेखापरीक्षकद्वारा महासंघको आर्थिक कारोबारको लेखा परीक्षण गराई त्यसको प्रतिवेदन सम्बन्धित अधिवेशन , सम्मेलन वा परिषदमा पेश गराउनु पर्नेछ ।

२२.३ लेखा परीक्षकको नियुक्ति र पारिश्रमिक सम्बन्धित अधिवेशन वा सम्मेलन वा परिषद्ले तोके बमोजिम हुनेछ ।

२२.४ प्रत्येक समितिले आर्थिक कारोबारको सम्पूर्ण श्रेस्ता अध्यावधिक राख्नुपर्नेछ र आन्तरिक लेखापरीक्षण गराउनु पर्नेछ । आर्थिक आय-व्ययको विवरण जिल्ला समितिले प्रदेश समितिमा र प्रदेश समितिले प्रत्येक वर्ष राष्ट्रिय समितिमा अनिवार्य रुपमा पठाउनु पर्नेछ ।

२२.५ महासंघको अर्थ सम्बन्धी अन्य व्यवस्था आर्थिक विनियममा तोकिए बमोजिम हुनेछ ।

२२.६. महासंघको आन्तरिक लेखापरीक्षण, व्यवस्थापकीय सुपरिवेक्षण, आन्तरिक नियन्त्रण तथा आर्थिक अनुशासन कायम गर्न स्वायत्त समितिको रुपमा उपाध्यक्षको संयोजकत्वमा देहाय अनुसारको ५ सदस्यीय लेखापरीक्षण तथा सुपरिवेक्षण समितिको गठन हुनेछ । यसको काम, कर्तव्य र अधिकार आर्थिक विनियममा तोकिए अनुसार हुनेछ ।

क) राष्ट्रिय समितिको उपाध्यक्ष (खुल्ला) - संयोजक

ख) प्रदेश अध्यक्षहरु मध्येबाट १ जना प्रदेश अध्यक्ष - सदस्य

ग) आवद्ध संघहरु मध्येबाट १ जना अध्यक्ष - सदस्य

घ) महिला समितिका अध्यक्ष - सदस्य

ङ) युवा समितिका अध्यक्ष - सदस्य

## २३. रकमको बाँडफाँड

२३.१ महासंघको कुनै खास उद्देश्यका लागि उठाएको रकम बाँडफाँट सम्बन्धित समितिले निश्चित गरे बमोजिम हुनेछ ।

२३.२ सदस्यता शुल्क वापत उठेको रकम मध्येबाट जिल्ला समितिले ५० प्रतिशत जिल्लामा राखी, २५ प्रतिशत प्रदेशमा पठाई बाँकी २५ प्रतिशत केन्द्रमा पठाइनेछ । तर यसरी प्राप्त हुने रकमको कम्तिमा ५०% रकम सम्बन्धित समितिले संगठन निर्माण र विस्तारमा खर्च गर्नु पर्नेछ ।

२३.३ मातहतका समिति वा आवद्धसंघलाई राष्ट्रिय समितिले आवश्यकता अनुसार बजेट प्रदान गर्नेछ ।

# परिच्छेद – ११

## २४. निष्पक्ष सुनुवाई

**२४.१ निष्पक्ष सुनुवाई सम्बन्धी व्यवस्था :**

(क) महासंघका विभिन्न समितिका पदाधिकारी एवं आवद्धसंघका पदाधिकारी विरुद्धको उजुरीको सुनुवाई सम्बन्धित समिति एंव आवद्ध संघमा हुनेछ ।

(ख) यसरी कुनै पनि पदाधिकारी एवं आबद्ध संघका पदाधिकारी विरुद्धको उजुरीमा सुनुवाई हुँदा निजलाई आफ्नो सफाई पेश गर्न मनासिब मौका दिनुपर्नेछ ।

(ग) उपदफा २४.१ (क) मा उल्लेख भए बमोजिमका उजुरीको सुनुवाई हुँदा सम्बन्धित समितिद्वारा गरिएको निर्णय उपर चित्त नबुझेमा महासंघको राष्ट्रिय समितिमा पुनरावेदन गर्न सकिनेछ ।

(घ) निष्पक्ष सुनुवाई सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

# परिच्छेद – १२

### विविध

## २५. विधानको संशोधन

यस विधानमा लेखिएको कुनै कुरा संशोधन गर्न **महाधिवेशन/सम्मेलन**मा उपस्थित सदस्य मध्ये दुई तिहाई बहुमतले संशोधन प्रस्ताव पारित गरेको हुनुपर्दछ । तर प्रस्तावनाको मूल भावना विपरीत संशोधन गरिने छैन ।

## २६. विधानको व्याख्या

यो विधानमा भएको अस्पष्टतामा राष्ट्रिय समितिले गरेको निर्णय राष्ट्रिय परिषद् वा सम्मेलन वा अधिवेशनद्वारा अमान्य घोषित तथा संशोधन नभएसम्म अन्तिम तथा मान्य हुनेछ ।

## २७. राजीनामा

महासंघको कुनै अधिवेशन वा समितिका सदस्यहरुले सम्बन्धित अध्यक्ष समक्ष र समितिका अध्यक्षले समितिका बरिष्ठ उपाध्यक्ष वा उपाध्यक्ष मार्फत् समितिमा राजिनामा दिन सक्नेछन् ।

## २८. सल्लाहकार समिति सम्बन्धि व्यवस्था

२८.१ नेपाल ट्रेड यूनियन काँग्रेसको उद्देश्य पूर्तिमा सघाउन पुऱ्याउन नेपाल ट्रेड यूनियन काँग्रेसको पुर्व पदाधिकारी एवं विज्ञहरु मध्येबाट राष्ट्रिय समितिमा बढीमा ७ जना सम्म, प्रदेश समितिमा बढीमा ५ जना सम्म र जिल्ला समिति बढीमा ३ जनासम्म रहेको सल्लाहकार सम्बन्धित समितिहरुबाट गठन हुनेछ ।

२८.२ राष्ट्रिय समितिले विषयगत/प्राविधिक सल्लाहकार आवश्यक भएमा छुट्टै नियुक्त गर्न सक्नेछ ।

## २९. नेपाल सरकारसंग सम्पर्क

महासंघले नेपाल सरकारसँग सम्बन्धित मन्त्रालय मार्फत् सम्पर्क राख्नेछ ।

## ३०. विनियम /उपनियम बनाउने अधिकार

यस विधानको उद्देश्य पूरा गर्नका लागि राष्ट्रिय परिषद् वा महाधिवेशनले आवश्यक विनियम बनाउन सक्नेछ ।

## ३१. महासंघको आधिकारिकता

श्रमिकहरुको हक हितका लागि गठन भएको वा हुने कुनै प्रकारको आयोग, कमिशन तथा श्रमिकसँग सम्बन्धित ऐन नियमको तर्जुमा र संशोधन गर्ने कार्यदल वा यस्तै अन्य निकायमा प्रतिनिधित्व गर्न महासंघ आधिकारिक मानिने छ ।

## ३२. कर्मचारी सम्बन्धि व्यवस्था

३२.१ महासंघको काम कारवाही सुचारुरुपले संचालन गर्नका लागि आवश्यकता अनुसार सम्बन्धित परिषद् वा सम्मेलन वा अधिवेशनले निर्धारित गरेको दरबन्दी भित्र रही कार्य समितिले कर्मचारीहरु नियुक्ति गर्न सक्नेछ ।

३२.२ उपदफा ३२.१ बमोजिम नियुक्ति हुने कर्मचारीको पारिश्रमिक सुविधा एवं सेवाको अन्य शर्तहरु सम्बन्धित परिषद् वा सम्मेलन वा अधिवेशनले तोके बमोजिम हुनेछ ।

३२.३ कर्मचारीहरुको सेवा र शर्तका सम्बन्धमा राष्ट्रिय समितिले आवश्यक कर्मचारी विनियम बनाई लागू गर्न सक्नेछ ।

३२.४. महासंघको व्यवस्थापकीय काम कारवाही संचालनार्थ एक कार्यालय सचिव/कार्यकारी अधिकृत रहनेछ । निज राष्ट्रिय समिति, कार्य सम्पादन समिति एवं सचिवालयको सदस्य सचिव भई कार्य गर्नेछन् । तर निजको मताधिकार हुने छैन । कर्मचारी विनियमावली बनाई जनशक्ति परिचालन सम्बन्धि व्यवस्था गरिनेछ ।

## ३३. दायित्व र सम्पति सर्ने

महासंघको विघटन भएमा सम्पत्ति तथा दायित्व आबद्धता प्राप्त संघले बराबरी बेहोर्नु पर्नेछ ।

## ३४. पदाधिकारीको पारिश्रमिक सम्बन्धि व्यवस्था

महासंघको सबै समितिका पदाधिकारीहरुको पारिश्रमिक तोकिए बमोजिम हुनेछ ।

## ३५. पदाधिकारीका लागि योग्यता

**३५.१** सम्बन्धित आबद्ध संघको सदस्यता कायम रहेको एवं नवीकरण भएको हुनुपर्ने । तर ६.२ को सदस्यको हकमा जिल्ला समिति मार्फत सदस्यता नवीकरण भएको हुनुपर्ने ।

**३५.२** नेपाली नागरिक हुनुपर्ने ।

**३५.३** सम्बन्धित आबद्ध संघको सदस्यता लिएको एक बर्ष पूरा भएको र ६.२ अनुसारको सदस्यको हकमा मनोनयन भई सम्बन्धित निकायबाट

प्रतिनिधि भएको हुनुपर्ने । कुनैपनि सदस्यले आफु कार्यरत संघ वा जिल्लाबाट मात्र प्रतिनिधित्व गर्नुपर्नेछ । १ भन्दा बढी आवद्ध संघ वा जिल्ला वा कार्य क्षेत्रबाट सदस्यता लिएको व्यक्ति निर्वाचनमा सहभागि हुन पाउने छैन । भएको पाइएमा उम्मेदवारी स्वतः खारेज हुनेछ ।

३५.४ महासंघको प्रदेश समितिको पदाधिकारी तथा सदस्यको उम्मेदवारीको लागि जिल्ला समिति वा आवद्ध संघको प्रदेश वा केन्द्रीय समितिमा रही एक पदावधि कार्य गरेको हुनु पर्नेछ ।

३५.५ राष्ट्रिय समितिको पदाधिकारी/कार्यकारी सदस्यका लागि उम्मेदवार हुन कम्तिमा राष्ट्रिय समिति वा आवद्ध संघको राष्ट्रिय समिति वा एक पदावधि जिल्ला अध्यक्ष भई कार्य गरेको वा प्रदेश समितिमा रही एक पदावधि कार्य गरेको हुनु पर्नेछ ।

३५.६ दफा ६.२ को योग्यता पुरा भएको हुनुपर्नेछ ।

३५.७ यस विधान अन्तरगत गठन हुने कुनै पनि संरचनामा एउटै ब्यक्ति दोहोरो पदमा बहाल रहने छैन । यदि बहाल रहेको पाईएमा पहिले बहाल रहेको पद स्वतः रिक्त भएको मानिनेछ ।

३५.८ नेपाल ट्रेड यूनियन काँग्रेसको राष्ट्रिय महाधिवेशन प्रतिनिधिको रुपमा सम्बन्धित महाधिवेशन बाहेक अघिल्लो महाधिवेशनमा प्रतिनिधि भई सकेको व्यक्तिलाई उम्मेदवार हुन बन्देज लाग्ने छैन ।

## ३६. सपथ

महासंघको विभिन्न समितिका अध्यक्षहरुले सम्बन्धित निर्वाचन समितिका प्रमूख समक्ष र अन्य पदाधिकारीहरुले आ–आफ्नो समितिको अध्यक्ष समक्ष **अनुसूची** ४ मा व्यवस्था भए बमोजिम सपथ लिनुपर्नेछ ।

## ३७. महाभियोग तथा अविश्वासको प्रस्ताव सम्बन्धि व्यवस्था

### ३७.१ महाअभियोगको प्रस्ताव

कुनै पनि समितिका पदाधिकारीले महासंघको उद्देश्य विपरीत काम गरेको प्रमाणित हुन आएमा त्यस्ता पदाधिकारीलाई सम्बन्धित अधिवेशनको दुई तिहाई बहुमतले महाअभियोगको प्रस्तावद्वारा निष्काशन गर्न सक्नेछ ।

### ३७.२ अविश्वासको प्रस्ताव

महासंघको कुनै पनि कार्य समितिले उद्देश्य तथा हित विपरीत काम गरेको प्रमाणित भएमा वा सक्षम नेतृत्व प्रदान गर्न नसकेको ठहर भएमा सम्बन्धित तहको आकस्मिक वा विशेष अधिवेशनको बहुमतले प्रस्ताव पारित गरी कार्य समिति भङ्ग गर्न सक्नेछ । यसरी कार्य समिति भङ्ग भएमा सोही विशेष वा आकस्मिक अधिवेशनले नयाँ कार्य समितिको चयन गर्नेछ ।

## ३८. अनुशासन सम्बन्धि ब्यवस्था

महासंघले आफ्नो सञ्चालन प्रकृयालाई ब्यवस्थित गर्न उपाध्यक्षको संयोजकत्वमा देहाय अनुसारको एक अनुशासन समितिको गठन गर्नेछ । समितिको काम, कर्तव्य र अधिकार राष्ट्रिय समितिले तय गरेको विनियममा उल्लेख भए बमोजिम हुनेछ ।

क) निर्वाचित उपाध्यक्ष (खुल्ला) - संयोजक

ख) प्रदेश अध्यक्षहरु मध्येबाट - १

ग) राष्ट्रिय आवद्ध संघको अध्यक्षहरु मध्येबाट १

घ) महिला र यूवा समितिबाट १/१

३८.१. अनुशासन समिति राष्ट्रिय समितिबाट पारित कार्यविधि अनुसार संचालन हुनेछ । कार्यविधिले निम्न व्यवस्थाहरु गर्नेछ ।

क) सदस्य तथा पदाधिकारीको आचरण सम्बन्धि व्यवस्था ।

ख) पदाधिकारीको महाअभियोग लगाउने तथा पारित गर्ने व्यवस्था ।

ग) अनुशासन समितिको निर्णयको कार्यान्वयनको बाध्यकारी अवस्था

घ) सफाई र उन्मुक्ति सम्बन्धि व्यवस्था ।

## ३९ वाधा, अड्काउ, फुकाउँ एवं सक्रमणकालिन अवस्था

महासंघको प्रस्तावना र उद्देश्य प्राप्तिका लागि कुनै ब्यवधान देखिएमा प्रस्तावना र उद्देश्यको प्रतिकूल नहुने गरि कुनै कार्य गर्न यस दफाको अधिकारको प्रयोग गर्दै गरिएको कार्य विधान बमोजिम गरिए सरह मान्य हुनेछ ।

## ४०. महिला प्रतिनिधित्व सम्बन्धि विशेष व्यवस्था

महासंघको अधिवेशन तथा अन्य सभा सम्मेलनहरुमा प्रतिनिधित्व छनोट गर्दा वा एक भन्दा बढी प्रतिनिधित्व गराउँदा एक महिला अनिवार्य हुने गरी राज्यले तोकेको र अन्तर्राष्ट्रिय मापदण्डले तोकेको प्रतिशतका आधारमा प्रतिनिधित्वको सुनिश्चितता क्रमशः गर्ने तर महिला सदस्य नै प्रतिनिधित्व हुने वा महिला सदस्य नै नभएको निकायको हकमा यो प्रावधान लागु हुने छैन ।

## ४१. महिला र युवा समिति सम्बन्धि व्यवस्था

महासंघको मातहतमा रहने गरी महिला समिति र युवा समितिको गठन हुनेछ । यि दुवै समितिको निर्वाचन र संचालन तोकिएको विनियम अनुसार हुनेछ ।

## ४२. नेपाली काँग्रेसको महाधिवेशनमा प्रतिनिधित्व सम्बन्धि व्यवस्था

नेपाल ट्रेड यूनियन काँग्रेसबाट नेपाली काँग्रेसको विधान अनुसार महाधिवेशनमा प्रतिनिधित्व गर्ने महाधिवेशन प्रतिनिधिहरु महासंघको महाधिवेशन/राष्ट्रिय सम्मेलनबाट चयन गरी (३३% महिला सुनिश्चित हुने गरी) पठाइनेछ ।

## ४३. श्रम प्रतिष्ठान सम्बन्धि व्यवस्था

नेपाल ट्रेड यूनियन काँग्रेसको राष्ट्रियस्तरमा राष्ट्रिय समितिको मातहत रहने गरी देहाय अनुसारको संरचना अनुसार एक श्रम प्रतिष्ठान रहनेछ । जसले प्रशिक्षण, अध्ययन, अनुसन्धान, पुस्तकालय आदि संचालन र व्यवस्थापन गर्नेछ ।

| | |
|---|---|
| अध्यक्ष | संरक्षक |
| कार्यकारी निर्देशक | १ |
| सदस्य | ७ |
| विज्ञ सदस्य | २ |
| निर्देशक | २ |

यसको संचालन कार्य विधि राष्ट्रिय समितिको निर्णय र निर्देशन बमोजिम हुनेछ ।

**४४.** महासंघको सम्पूर्ण संरचनामा निर्वाचित अध्यक्ष तथा पदाधिकारीहरुले निरन्तर दुई कार्यकाल भन्दा बढी उम्मेदवार हुन पाउने छैनन् ।

## ४५. सदस्यहरूको कर्तव्य

१. महासंघप्रति निष्ठावान हुँदै महासंघको इज्जत, प्रतिष्ठा बढाउनु प्रत्येक सदस्यको कर्तव्य हुनेछ ।

२. महासंघको विधान, ऐन, नियम पालन गर्नु सबै सदस्यको कर्तव्य हुनेछ ।

३. सार्वजनिक तथा सामाजिक हितका कार्यमा अग्रसर रहनु प्रत्येक सदस्यहरुको कर्तव्य हुनेछ ।

४. राज्यप्रति वफादार रहनु सबै सदस्यको कर्तव्य हुनेछ ।

५. महासंघले लगाएको र अह्राएका बखत इमान्दारीतापुर्व कार्य गर्नु र आचारसंहिता पालन गर्नु प्रत्येक सदस्यको कर्तव्य हुनेछ ।

### अनुसूची–१

**छाप (दफा ४ को उपदफा ४.४ संग सम्बन्धित)**

महासंघको छाप अण्डाकारको हुनेछ । छापको माथिल्लो भागमा नेपालीमा नेपाल ट्रेड युनियन काँग्रेस लेखिएको हुनेछ । बीचमा प्रतीक चिन्ह सहितको झण्डा र सो झण्डामुनी अंग्रेजीमा NTUC लेखिएको हुनेछ । साथै अंग्रेजीमा पनि यसै प्रकारको छाप हुनेछ ।

### अनुसूची–२

**प्रतीक चिन्ह (दफा ४ को उपदफा ४.४ संग सम्बन्धित**

सेतो पृष्ठभूमि भित्र ११ वटा दाँती भएको चक्र भित्र विश्व मानचित्रको मध्य भागमा मुठ्ठी बाँधेको महिला र पुरुषको हातको बीचमा नेपालको नक्सा अंकित चिन्ह नै महासंघको प्रतीक चिन्ह हुनेछ ।

### अनुसूची–३

**झण्डा (दफा ४ को उपदफा ४.४ संग सम्बन्धित)**

महासंघको झण्डा दुई रङ्गको हुनेछ । झण्डाको माथिल्लो भाग रातो तथा बीचको भाग सेतो र तल्लो भाग रातो हुनेछ । सेतो भागको बीचमा प्रतीक चिन्ह हुनेछ । तल्लो रातो भागमा संक्षिप्त नाम NTUC रहनेछ ।

## अनुसूची–४

सपथ (दफा ३६ संग सम्बन्धित)

म ............................................ नेपाल ट्रेड यूनियन काँग्रेसको ........ ................................. अधिवेशन/महाधिवेशनबाट ............ समितिको ..................पदमा ईश्वरको नाममा सत्य निष्ठापूर्वक यो सपथ लिन्छु कि, मैले जाने बुझेसम्म कसैको मुलाहिजा, दबाब र करकापमा नपरी नेपाल ट्रेड यूनियन काँग्रेसको गोपनीयता कायम राखि सधैंभरि निष्ठापूर्वक यस संस्थाको उद्देश्य पूर्ति र निरन्तर सुदृढीकरणका लागि आफ्नो सामर्थ्यले भ्याएसम्म हरतरहले सेवारत रहनेछु ।

## अनुसूची–५

वर्तमान श्रम बजारको कार्य प्रकृतिअनुसार अन्तर्राष्ट्रिय ट्रेड यूनियन संघहरुको संरचनासँग मेल खाने गरी राष्ट्रिय संघहरुको संरचनालाई पुर्नसंरचना गरी संघीय परिषद् (Sectorial Council) निर्माण तोकिएको कार्यविधि मार्फ्त गरिनेछ र आवद्ध संघहरुको समुह विभाजन निम्नानुसार गरिएकोछ ।

### १. सेवा

- ✓ नेपाल शिक्षक संघ
- ✓ नेपाल सार्वजनिक सेवा कर्मचारी संघ
- ✓ नेपाल वित्तिय संस्था कर्मचारी संघ
- ✓ नेपाल स्वास्थ्यकर्मी संघ
- ✓ नेपाल पर्यटन तथा होटल सम्बद्ध श्रमिक संघ
- ✓ नेपाल प्रेस यूनियन
- ✓ नेपाल साँस्कृतिक कलाकर्मी संघ
- ✓ नेपाल राष्ट्रिय सुरक्षागार्ड श्रमिक संघ

### २. उत्पादन क्षेत्र

- ✓ नेपाल कारखाना श्रमिक संघ
- ✓ नेपाल गलैंचा श्रमिक संघ

- ✓ नेपाल गार्मेन्ट मजदुर संघ
- ✓ नेपाल चिया वगान श्रमिक संघ
- ✓ नेपाल छापाखाना तथा सम्बद्ध श्रमिक संघ

**३. अनौपचारिक तथा स्वरोजगार क्षेत्र**

- ✓ नेपाल भन्सार तथा विमानस्थल सम्बद्ध श्रमिक संघ
- ✓ नेपाल कृषि श्रमिक संघ
- ✓ नेपाल भारवाहक मजदुर संघ
- ✓ नेपाल गृह श्रमिक संघ
- ✓ नेपाल व्युटिसियन संघ
- ✓ नेपाल नाई संघ
- ✓ नेपाल रिक्सा तथा ठेला श्रमिक संघ
- ✓ नेपाल निर्माण तथा सम्बद्ध श्रमिक संघ
- ✓ नेपाल यातायात मजदुर संघ
- ✓ नेपाल इम्ब्रोइडरी, हेण्डिक्राफ्ट तथा सिलाई बुनाई श्रमिक संघ
- ✓ नेपाल चलचित्र श्रमिक संघ
- ✓ नेपाल व्यापारिक तथा सम्बद्ध श्रमिक संघ

# नेपाल ट्रेड यूनियन काँग्रेस
## (NTUC)

# महिला समितिको विनियम

२०६८

(संशोधन तथा परिमार्जन २०७३, २०७६)

# नेपाल ट्रेड यूनियन काँग्रेस महिला समितिको

**विनियम २०६८**

**(संशोधन तथा परिमार्जन २०७३, २०७६)**

## प्रस्तावना

नेपालको श्रम बजारमा महिला श्रमिकका रुपमा लाखौं महिलाहरु दिनानुदिन प्रवेश गरिरहेका छन् । साथै औपचारिक क्षेत्रमा संलग्न महिला तथा अन्य श्रमिकबीच विभेद कम भएता पनि अनौपचारिक क्षेत्रमा संलग्न महिला श्रमिकहरु अझैपनि अधिकार, सुरक्षा र समानताबाट बञ्चित रहेका छन् । तसर्थ औपचारिक तथा अनौपचारिक क्षेत्रमा संलग्न महिला श्रमजीवीहरुलाई समेत संगठित गरी समता, सुरक्षा र अधिकार दिलाउन र बहुसंख्यक महिला श्रमजीवीहरुलाई ट्रेड यूनियनमा सहभागिता र प्रतिनिधित्व गराउन नेपाल ट्रेड यूनियन काँग्रेसको विधान २०६४ (संशोधन तथा परिमार्जन २०६८) को परिच्छेद १२ को दफा ३० बमोजिम नेपाल ट्रेड यूनियन काँग्रेस महिला समितिको विनियम २०६८ तर्जुमा गरी NTUC को राष्ट्रिय सम्मेलन २०६८ बाट पारित भएको मितिदेखि लागु हुने गरी यो विनियम तर्जुमा गरिएको छ ।

# परिच्छेद -१

## १. संक्षिप्त नाम र प्रारम्भ

क) नेपाल ट्रेड यूनियन काँग्रेससँग आवद्ध महिलाहरुको संगठित स्वरुपको नाम “नेपाल ट्रेड यूनियन काँग्रेस महिला समिति” रहनेछ ।

ख) यसलाई अंग्रेजीमा “NTUC Womens committee” भनिनेछ ।

ग) यो विनियम नेपाल ट्रेड यूनियन काँग्रेसको राष्ट्रिय सम्मेलनबाट पारित भएको मितिदेखि लागू हुनेछ ।

## २. परिभाषा

क) **“महिला समिति”** भन्नाले नेपाल ट्रेड यूनियन काँग्रेसको जिल्ला, प्रदेश, केन्द्र र आवद्ध संघको महिला समितिलाई जनाउनेछ ।

ख) **“समिति”** भन्नाले नेपाल ट्रेड यूनियन काँग्रेसको महिला समितिलाई जनाउनेछ ।

ग) **“कार्य सम्पादन समिति”** भन्नाले विभिन्न तहको समितिको कार्य सम्पादनका लागी तोकिएको समितिलाई जनाउनेछ ।

घ) **“पदाधिकारी”** भन्नाले नेपाल ट्रेड यूनियन काँग्रेस जिल्ला, प्रदेश र केन्द्रीय महिला समितिका अध्यक्ष, उपाध्यक्ष, सचिव, सह सचिव र कोषाध्यक्षलाई जनाउँछ । त्यसैगरी सदस्य भन्नाले नेपाल ट्रेड यूनियन काँग्रेस जिल्ला, प्रदेश र केन्द्रीय महिला समितिका सदस्यहरुलाई जनाउँछ ।

ङ) **“अधिवेशन”** भन्नाले जिल्ला, प्रदेश र केन्द्रीय अधिवशेनलाई जनाउनेछ ।

च) **“विनियम”** भन्नाले नेपाल ट्रेड यूनियन काँग्रेस महिला समितिको विनियमलाई जनाउनेछ ।

छ) तोकेको वा तोकिए बमोजिम भन्नाले विधान, अधिवेशन, परिषद समितिले तोकेको तोकिए बमोजिम भन्ने बुझाउँछ ।

## ३. उद्देश्य

३.१ नेपाल ट्रेड यूनियन काँग्रेसको विधानको अधिनमा रही यस समितिको उद्देश्य निम्न बमोजिम हुनेछ ।

क) नेपाल ट्रेड यूनियन काँग्रेस र यससँग आवद्ध संघका सम्पूर्ण महिला सदस्यहरुको हक हितका निम्ति क्रियाकलापहरु अघि बढाउनु तथा प्राथमिकता निर्धारण गरि महिला श्रमजीवीहरुसँग सम्बन्धित विषयमा रचनात्मक कार्य गर्ने गराउने ।

ख) महिला श्रमिक सम्बन्धि विभिन्न विषय तथा महिला श्रमिकका हकहितका लागी योजना तर्जुमा गर्ने तथा कार्यान्वयन गर्ने गराउने ।

ग) नेपाल ट्रेड यूनियन काँग्रेस र यसका आवद्ध संघका नीति, नियम, निर्णय तथा कार्यहरुमा जेण्डर तथा महिला समानताका लागी सल्लाह तथा सुझाव प्रदान गर्ने ।

घ) जेण्डर तथा महिला समानताको नियमन तथा अनुगमन गर्ने ।

ङ) महिला श्रमिकहरुको अधिकार सम्बर्द्धन तथा प्रवर्द्धन गर्दै महिला सम्बन्धि अन्तर्राष्ट्रिय अभिसन्धि लागू गर्न दवाव श्रृजना गर्ने ।

च) आई.टि.यु.सि महिला समिति लगायत ट्रेड यूनियनसँग सम्बद्ध राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरुसँग निकटतम सम्बन्ध राख्दै ट्रेड यूनियन

अभियानका अनुभव आदान प्रदान गर्ने र आईपर्ने समस्या समाधानमा समन्वय, कार्यगत एकता तथा ऐक्यवद्धता कायम राख्न प्रयासरत रहने ।

छ) देशका अन्य महिला सम्बन्धि सम्पूर्ण संघ, संगठन तथा समुहहरु र यस्तै अन्य राष्ट्रिय तथा अन्तर्राष्ट्रिय महिला सम्बन्धि कार्य गर्ने संघ संगठनहरुसँग सम्बन्ध सुत्रको विकास गर्ने ।

ज) राज्यको नीति अनुरुप ट्रेड यूनियन आन्दोलनका हरेक तहमा समावेशी अवधारणा लागु गर्दै लैजाने ।

झ) श्रमजीवी महिलाहरुको सामाजिक, आर्थिक एवं राजनीतिकस्तर अभिवृद्धि लगायत सर्वपक्षिय शसक्तिकरण अभियान संचालन गर्न आवश्यक कार्यहरु गर्ने गराउने ।

ञ) संगठन सुदृढीकरणका लागि काम गर्ने, सदस्यता बृद्धि गर्ने ।

# परिच्छेद - २

## ४. सदस्यता

४.१ सदस्यता सम्बन्धि व्यवस्था देहाय बमोजिम हुनेछ ।

क) नेपाल ट्रेड यूनियन काँग्रेससँग आवद्ध राष्ट्रिय संघका सम्पूर्ण महिला सदस्यहरु यसको साधारण सदस्य रहनेछन् ।

ख) नेपाल ट्रेड यूनियन काँग्रेसको विधान बमोजिम जिल्ला समितिबाट १% का आधारमा मनोनित महिला सदस्यहरु

## ५. कार्य समितिको गठन

**५.१ केन्द्रीय महिला समितिः**

यस समितिको राष्ट्रिय अधिवेशनबाट निर्वाचन गरी अध्यक्ष-१, उपाध्यक्ष-१, सचिव-१, सह सचिव-१, कोषाध्यक्ष-१, खुल्ला निर्वाचनबाट आउने सदस्य ६ जना र अध्यक्षबाट मनोनित २ जना सदस्य गरी जम्मा १३ सदस्यीय राष्ट्रिय महिला समितिको गठन हुनेछ ।

राष्ट्रिय महिला समितिमा प्रदेश महिला अध्यक्षहरु र आवद्ध संघका महिलाअध्यक्षहरु  पदेन सदस्य हुनेछन् ।

**५.२ प्रदेश महिला समिति :**

यस समितिको प्रदेश अधिवेशनबाट निर्वाचन गरी अध्यक्ष-१, उपाध्यक्ष-१, सचिव-१, सह-सचिव-१, कोषाध्यक्ष-१, सदस्य-४ र अध्यक्षबाट मनोनित २ जना सदस्य समेत गरी जम्मा ११ जनाको प्रदेश महिला समिति गठन हुनेछ । प्रदेश महिला समितिमा सम्बन्धित जिल्ला महिला अध्यक्षहरु र आवद्ध संघका प्रदेश महिला समितिका अध्यक्षहरु पदेन सदस्य हुनेछन् । साथै ल्तग्ऋ प्रदेश समितिमा निर्वाचित महिला पदाधिकारी तथा सदस्यहरु यस समितिका सल्लाहकार रहनेछन ।

**५.३ जिल्ला महिला समितिः**

यस समितिको जिल्ला अधिवेशनबाट निर्वाचन गरी अध्यक्ष-१, उपाध्यक्ष-१, सचिव-१, सह-सचिव-१, कोषाध्यक्ष-१, सदस्य-४ र अध्यक्षबाट मनोनित २ जना गरी जम्मा ११ सदस्यीय जिल्ला महिला समितिको गठन हुनेछ। उक्त समितिमा सम्बन्धित जिल्लाको आवद्ध संघको जिल्ला महिला समितिका अध्यक्षहरु पदेन सदस्य हुनेछन्। साथै NTUC जिल्ला समितिमा निर्वाचित महिला पदाधिकारी तथा सदस्यहरु यस समितिका सल्लाहकार रहनेछन ।

**५.४ सल्लाहकारको व्यवस्था :**

नेपाल ट्रेड यूनियन काँग्रेसको राष्ट्रिय समितिका निर्वाचित महिला पदाधिकारी तथा सदस्यहरु र आवद्ध संघका अध्यक्ष (महिलाभएमा) पदेन सल्लाहकार रहने छन् । साथै आवश्यकतानुसार बढीमा ३ जना सम्मको विशेषज्ञहरुलाई सल्लाहकारमा महिला समितिले मनोनयन गर्न सक्नेछ ।

## ६. पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार

**६.१. अध्यक्ष**

क) कार्यसमितिको बैठक बोलाउन लगाउने ।

ख) बैठकको अध्यक्षता गर्ने ।

ग) बैठकमा निर्णय गर्नुपर्ने विषयमा मत बराबर भएमा निर्णायक मत दिने ।

घ) बैठकले पारित गरेका निर्णयहरु कार्यान्वयन गर्ने गराउने ।

ङ) तोकेको अन्य काम गर्ने ।

### ६.२ उपाध्यक्ष

क) अध्यक्षलाई काम र कर्तव्य पालनमा सहयोग गर्ने ।

ख) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने समपूर्ण कार्य गर्ने ।

ग) तोकेको अन्य काम गर्ने ।

### ६.३ सचिव

क) समितिको दैनिक व्यवस्थापकिय कार्यसञ्चालन गर्ने ।

ख) कार्यसमितिको बैठकको अभिलेख व्यवस्थित गर्ने ।

ग) समितिद्धारा आयोजित कार्यक्रम सम्पन्न गर्न क्रियाशिल रही सम्पन्न भएका कार्यक्रम तथा गतिविधिहरुको प्रतिवेदन तयार पार्ने । पत्राचार गर्ने ।

घ) तोकेको अन्य काम गर्ने ।

### ६.४ सह-सचिव

क) सचिवलाई काम र कर्तव्य पालनामा सहयोग गर्ने ।

ख) सचिवको अनुपस्थितिमा निजले गर्ने सम्पूर्ण कार्य गर्ने ।

ग) तोकेको अन्य काम गर्ने ।

### ६.५ कोषाध्यक्ष

क) समितिको कोष वृद्धिमा विशेष पहल गर्ने ।

ख) समितिका सम्पूर्ण आय व्ययको फाटवारी दुरुस्त राख्ने ।

ग) सम्पूर्ण वित्तिय उत्तरदायित्व वहन गर्ने ।

## ७. सदस्यको काम कर्तव्य र अधिकार

क) समितिको बैठकमा नियमितरुपमा उपस्थित हुने ।

ख) समितिको निर्णय कार्यान्वयन गर्न सक्रिय रहने ।

ग) साँगठनिक सुदृढीकरणका लागी आवश्यक कार्यहरु गर्ने ।

घ) समितिले तोकेको अन्य कार्यहरु गर्ने ।

# परिच्छेद - ३

## ८. पदको रिक्तता र पूर्ति सम्बन्धि व्यवस्था

८.१ **पद रिक्त हुने :** देहायको अवस्थामा पदाधिकारी एवं सदस्यहरुको पद रिक्त हुनेछ ।

क) मृत्यु भएमा ।

ख) मजग विग्रिएको प्रमाणित भएमा ।

ग) राजीनामा स्वीकृत भएमा ।

घ) समितिको बैठक वस्ने सुचना पाएर पनि लगातार तीन पटकसम्म विना सुचना अनुपस्थित भई समितिले नीजलाई हटाउने निर्णय गरेमा । तर यसरी हटाउँदा निजलाई सफाईको मौका दिइनेछ ।

ङ) लगातार एक वर्ष वा सो भन्दा वढी अवधिका लागि विदेशमा बसेमा । तर समिति वा महासंघले पठाएर विदेश गएका हकमा लागु हुनेछैन ।

च) नेपाली नागरीकताको समाप्ती भएमा ।

छ) सम्बन्धित आवद्ध संघ वा NTUC को सदस्यता कायम नरहेमा ।

८.१ **रिक्त पदको पूर्तिः**

क) समितिको ५० प्रतिशत भन्दा वढी पद रिक्त हुन आएमा बाँकी पदाधिकारीहरुले अधिवेशन बोलाई जुन आधारमा निर्वाचित वा मनोनयन भएको हो सोही आधारमा पदको पूर्ति गरिनेछ । तर एक वर्षभन्दा कम अवधि बाँकी रहेको अवस्थामा भने बाँकी रहेको पदाधिकारीहरुले नै कार्य संचालन गर्नेछन् ।

# परिच्छेद-४

## ९. कार्य सम्पादन समिति

९.१ कार्य सम्पादनमा चुस्तताका लागी तहगत रुपमा राष्ट्रिय, प्रदेश र जिल्ला कार्य सम्पादन समिति हुनेछ ।

क) राष्ट्रिय कार्य सम्पादन समितिः राष्ट्रिय महिला समितिको अध्यक्ष, उपाध्यक्ष,

सचिव, सहसचिव, कोषाध्यक्ष र जुन क्षेत्रमा केन्द्रीय कार्यालय रहन्छ त्यस प्रदेशको महिला अध्यक्ष सदस्य रहनेछन् ।

ख) प्रदेश कार्य सम्पादन समितिः प्रदेश महिला समितिको अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव, कोषाध्यक्ष र क्षेत्रिय कार्यालय रहेको जिल्लाको महिला समितिको अध्यक्ष सदस्य रहनेछन् ।

ग) जिल्ला कार्य सम्पादन समिति : जिल्ला महिला समितिको अध्यक्ष, उपाध्यक्ष, सचिव, सह-सचिव, कोषाध्यक्ष रहेको जिल्ला कार्य सम्पादन समिति रहने छ ।

९.२ राष्ट्रिय कार्य सम्पादन समितिको काम, कर्तव्य र अधिकारः-

समितिको पूर्ण बैठक नबसेको समयमा पूर्ण बैठकले गर्ने कार्य यस समितिले गर्नेछ तर उक्त कार्यसम्पादन समितिले गरेका निर्णयहरु त्यस पछिको पूर्ण वैठकबाट अनुमोदन गर्नुपर्नेछ ।

## १०. प्रतिनिधि व्यवस्था

१०.१ महिला समितिको जिल्ला अधिवेशन कुल सदस्य संख्याको आधारमा देहाय बमोजिमको निर्वाचित भई आएका सदस्यहरुबाट हुनेछ ।

क) १० जना सम्ममा १ जना ।

ख) १० जना भन्दा माथि प्रत्येक १० जनामा थप १ जना ।

ग) वहालवाला महिला जिल्ला समितिका पदाधिकारी तथा सदस्यहरु ।

घ) सम्वन्धित आवद्ध संघका महिला समितिका अध्यक्षहरु पदेन प्रतिनिधि ।

ङ) आवद्ध संघका जिल्ला महिला उपाध्यक्षहरु ।

च) NTUC जिल्ला समितिमा निर्वाचित महिला पदाधिकारी तथा सदस्यहरु पदेन प्रतिनिधि ।

१०.२ महिला समितिको प्रदेश अधिवेशन कुल सदस्य संख्याको आधारमा देहाय बमोजिमको निर्वाचित भई आएका सदस्यहरुबाट हुनेछ ।

क) जिल्ला अधिवेशन बाट १०० जना सम्ममा १ जना ।

ख) १०० जना भन्दा माथि प्रत्येक १०० जनामा थप १ जना ।

ग) सम्वन्धित प्रदेशका महिला समितिका जिल्ला अध्यक्षहरु ।

घ) वहालवाला महिला प्रदेश समितिका पदाधिकारी तथा सदस्यहरु ।

ङ) सम्वन्धित आवद्ध संघका प्रदेश महिला समितिका अध्यक्षहरु पदेन प्रतिनिधि ।

च) आवद्ध संघका प्रदेश समितिका महिला उपाध्यक्षहरु ।

छ) NTUC प्रदेश समितिमा निर्वाचित महिला पदाधिकारी तथा सदस्यहरु पदेन प्रतिनिधि ।

१०.३ महिला समितिको केन्द्रीय अधिवेशन कुल सदस्य संख्याको आधारमा देहाय बमोजिमको निर्वाचित भई आएका सदस्यहरुबाट हुनेछ ।

क) प्रदेश महिला अधिवेशनबाट ३०० जना सम्ममा १ जना ।

ख) ३०० जना भन्दा माथि प्रत्येक ३०० जनामा थप १ जना ।

ग) जिल्ला महिला समितिका अध्यक्षहरु ।

घ) वहालवाला केन्द्रीय महिला समितिका पदाधिकारी तथा सदस्यहरु ।

ङ) नेपाल ट्रेड यूनियन काँग्रेस राष्ट्रिय समितिका निर्वाचित महिला पदाधिकारी तथा सदस्यहरु पदेन प्रतिनिधि ।

च) आवद्ध संघका अध्यक्ष (महिलाभएमा) पदेन प्रतिनिधि ।

छ) आवद्ध संघका महिला समितिका अध्यक्षहरु पदेन प्रतिनिधि ।

ज) आवद्ध संघका महिला उपाध्यक्षहरु ।

झ) प्रदेश महिला समितिका अध्यक्षहरु पदेन प्रतिनिधि ।

ञ) NTUC का जिल्ला अध्यक्ष (महिला भएमा)

१०.४ पदेन प्रतिनिधिहरु कुनै पनि समितिको अधिवेशनमा उम्मेद्वार हुन पाउने छैनन ।

# परिच्छेद - ५

## ११. समितिको क्रियाकलाप

११.१ नेपाल ट्रेड यूनियन काँग्रेसको अधिनमा रही यस समितिले गर्ने क्रियाकलाप निम्न प्रकारका हुनेछन् ।

- ✓ महिला समितिको हकमा मातहतका समितिहरुलाई नीति निर्देशन जारी गर्ने ।
- ✓ ट्रेड यूनियनमा जेण्डर तथा महिला समानताका लागी महिलाहरुलाई प्रेरीत गर्ने ।
- ✓ महिलासँग सरोकार राख्ने संघ संस्थाहरुसँग सम्बन्ध सुत्रको विकास तथा प्रवर्धनात्मक कार्य गरी देशभित्रका सम्पूर्ण श्रमिक महिलाहरुको हकहित संरक्षण र सम्वर्द्धन गर्ने ।
- ✓ देशभरीका सम्पूर्ण सदस्यहरुविच समस्वार्थ कार्यजालो निर्माण गरी सूचना तथा सञ्चार प्रविधिको समेत राष्ट्रिय कार्यजालो निर्माण गर्ने ।
- ✓ महिलाहरुको विषयमा सभा सम्मेलनको आयोजना गरी नीति नियम तर्जुमा तथा कार्यान्वयन गर्ने गराउने ।
- ✓ महिलाश्रमिकहरु सम्बन्धि स्तरीय अनुसन्धान सरसल्लाह एवं सुझाव प्रदान गर्न शिक्षा तथा अनुसन्धानको कार्य गर्ने ।
- ✓ समितिको विधानमा उल्लेखित उद्देश्य पूर्तिका लागी आवश्यक सम्पूर्ण कार्य गर्ने ।
- ✓ महिला समितिद्वारा आयोजित कार्यक्रम तथा गतिविधिहरुमा सक्रिय सहभागिता गर्ने गराउने ।

# परिच्छेद - ६

## १२. नेपाल ट्रेड यूनियन काग्रेस महिला समितिको अधिवेशन

१२.१ नेपाल ट्रेड यूनियन काँग्रेस महिला समितिको अधिवेशन प्रत्येक चार वर्षमा एक पटक हुनेछ ।

१२.२ महिला समितिको विभिन्न तहको अधिवेशनको मिति नेपाल ट्रेड यूनियन काँग्रेसको राष्ट्रिय समितिको समन्वयमा महिला समितिले तोक्नेछ ।

१२.३ सम्मेलनका सम्पूर्ण निर्णयहरु प्रजातान्त्रिक मान्यता अनुरुप गरिनेछ ।

## १३. महाधिवेशनको काम, कर्तव्य र अधिकार

१३.१ निर्वाचन गर्ने ।

१३.२ प्रस्तुत संगठनात्मक तथा आर्थिक प्रतिवेदन उपर छलफल गरी संशोधन तथा पारित गर्ने ।

१३.३ विनियम संशोधन गर्ने ।

१३.४ भावी कार्ययोजना तर्जुमा गरी अनुमोदन गर्ने ।

## १४. निर्वाचन तथा निर्वाचन प्रणाली

१४.१ महिला समितिको पदाधिकारीहरुको निर्वाचन गर्ने । निर्वाचन प्रणाली निर्वाचन निर्देशिका बमोजिम हुनेछ ।

## १५. समितिको बैठक

१५.१ महिला समितिको पूर्ण बैठक

महिला समितिको पूर्ण बैठक वर्षमा दुई पटक बस्नेछ । पूर्ण बैठकमा सम्बन्धित महिला समितिका पदाधिकारी र पदेन सदस्यहरुको सहभागीता हुनेछ । साथै सल्लाहकारहरु र आवश्यकतानुसार आमन्त्रीत सदस्यहरुलाई सहभागि गराउनु पर्नेछ ।

१५.२ कार्यसम्पादन समितिको बैठक

कार्यसम्पादन समितिको बैठक महिनाको एक पटक वस्नेछ ।

## १६. आर्थिक व्यवस्था

१६.१ जिल्ला, प्रदेश र राष्ट्रिय महिला समितिको नाममा छुट्टै बैंक खाताको व्यवस्था हुनेछ ।

१६.२ बैंक खाता संचालन सामान्यतः अध्यक्ष, महासचिव/सचिव/र कोषाध्यक्ष गरी तीन जना मध्ये कुनै दुई जनाको संयुक्त हस्ताक्षरबाट संचालन गरिनेछ । तर कोषाध्यक्षको हस्ताक्षर अनिवार्य हुनेछ ।

१६.३ नेपाल ट्रेड यूनियन काँग्रेस राष्ट्रिय महिला समितिको कार्यक्रम तथा क्रियाकलापको लागि आवश्यक आर्थिक स्रोत आवद्ध संघको अंशदान तथा मित्र संस्थाहरु र नेपाल ट्रेड यूनियन काँग्रेसको अंशदानबाट प्राप्त हुनेछ ।

## १७. अन्य प्रावधानहरू

१७.१ कुनै पदाधिकारीले समितिको विधान अनुसार आचरण नगरेमा, आर्थिक हिनामिना गरेमा, समितिको गोपनियता भङ्ग हुने कार्य गरेमा ल्त्ग्क्ष् राष्ट्रिय समितिको परामर्शमा राष्ट्रिय महिला समितिले कारवाही गरी हटाउन सक्नेछ । तर यसरी कारवाही गर्नुपूर्व निजलाई सफाईको मौका दिइनेछ ।

## १८. ब्याख्या गर्ने अधिकार

यस विनियमको ब्याख्या गर्ने अधिकार ल्त्ग्क्ष् राष्ट्रिय समितिलाई र यस अन्तर्गत बन्ने नियम उपनियमहरुमा भएको व्यवस्थाको ब्याख्या गर्ने अधिकार महिला समितिलाई हुनेछ ।

# नेपाल ट्रेड यूनियन कांग्रेस
## (NTUC)

# युवा समितिको विनियम

२०६८

(संशोधन तथा परिमार्जन २०७३, २०७६)

# नेपाल ट्रेड यूनियन काग्रेस युवा समितिको

**विनियम २०६८**

**(संशोधन तथा परिमार्जन २०७३, २०७६)**

## पृष्ठभूमि

श्रम वजारमा श्रमजीवीको रुपमा कार्यरत तरुण युवाहरु औपचारिक एवं अनौपचारिक क्षेत्रमा श्रम गरि रहेका छन् । हाम्रो मुलुकको सन्दर्भमा युवा समुहको निर्धारित उमेर किटान नभएता पनि हाम्रो सामाजिक परिवेश अनुरुप १५ वर्ष देखि माथिका श्रम बजारमा काम गरि राखेका पाइन्छन । अन्तर्राष्ट्रिय ट्रेड यूनियनहरुको मान्यतालाई हेर्ने हो भने ३५ वर्षसम्मकालाई श्रमजीवी युवा उमेर समुहमा राखि ट्रेड यूनियन आन्दोलन अभियानको अभिन्न अङ्ग बनाउने  काम भएको छ। सोही अनुरुप हाम्रो मुलुकमा रहेका बहुसंख्यक श्रमजीवी युवाहरुलाई ट्रेड यूनियनमा सहभागी गराउन र प्रतिनिधित्वको सुनिश्चितताका लागि नेपाल ट्रेड यूनियन काँग्रेसको विधानको परिच्छेद १२ को दफा ३० बमोजिम नेपाल ट्रेड यूनियन काँग्रेस युवा समितिको विनियम २०६८ (संशोधन तथा परिमार्जन २०७३, २०७६) तर्जुमा गरिएको छ ।

वर्तमान परिप्रेक्ष्यमा युवाहरु विदेशिने क्रम वढि रहेको छ। बेरोजगारी समस्या दिनानुदिन वृद्धि हुदै गएको छ, श्रमजीवी युवाहरुका विभेद र अनुचित श्रम अभ्यासको शिकार भएका छन् । युवा श्रमजीवीहरुको हक हित, क्षमता अभिवृद्धि लगायत अवसरहरुको श्रृजना गर्ने कार्यमा निश्चय पनि ट्रेड यूनियनको भूमिका कोशेढुङ्गा बन्दछ भन्ने हाम्रो मान्यता रहेको छ । विश्वव्यापीकरण, आर्थिक उदारीकरण, ध्त्इ, ज्क्ष्७⁄ब्क्ष्म्भ जस्ता समसामयिक विषयवस्तु र सामाजिक सुरक्षा, न्याय र संरक्षण लगायतका मुद्दाहरुको उचित व्यवस्थापन एवं नीति निर्माण तहमा श्रमजीवी युवाहरुको प्रतिनिधित्वको सुनिश्चितताका लागि युवाहरु ट्रेड यूनियनमा समाहित हुनु अपरिहार्य छ ।

श्रमजीवी युवाहरुले भोग्नु परेका यावत चुनौतिहरुको समाधान सामुहिक सहमति, सम्वाद र सहकार्यबाट खोज्नु पर्दछ । राज्यद्धारा युवा शसक्तिकरण रोजगारी पूर्वाधार तथा अवसरहरुको व्यापकता दिइनु पर्दछ । सवल, सक्षम शसक्त श्रमजीवी युवाहरु नै समृद्ध नेपाल निमाणका सम्वाहक भएको हुँदा ट्रेड यूनियन आन्दोलनमा युवा सहभागितालाई आत्मसात गर्दै नेपाल ट्रेड यूनियन काँग्रेसको राष्ट्रिय सम्मेलन २०६८ बाट पारित भएको मितिदेखि लागू हुने गरी यो विनियम तर्जुमा गरिएको छ ।

# परिच्छेद -१

## १. संक्षिप्त नाम र प्रारम्भ

क) नेपाल ट्रेड यूनियन काँग्रेससँग आवद्ध युवाहरुको संगठित स्वरुपको नाम "नेपाल ट्रेड यूनियन काँग्रेस युवा समिति" रहनेछ ।

ख) यसलाई अंग्रेजीमा "NTUC Youth committee" भनिनेछ ।

ग) यो विनियम नेपाल ट्रेड यूनियन काँग्रेसको राष्ट्रिय सम्मेलनबाट पारित भएको मितिदेखि लागू हुनेछ ।

## २. परिभाषा

क) **"युवा समिति"** भन्नाले नेपाल ट्रेड यूनियन काँग्रेसको जिल्ला, प्रदेश, केन्द्र र आवद्ध संघको युवा समितिलाई जनाउनेछ ।

ख) **"समिति"** भन्नाले नेपाल ट्रेड यूनियन काँग्रेसको युवा समितिलाई जनाउनेछ ।

ग) **"सचिवालय समिति"** भन्नाले विभिन्न तहको समितिको कार्य सम्पादनका लागि तोकिएको समितिलाई जनाउनेछ ।

घ) **"पदाधिकारी"** भन्नाले नेपाल ट्रेड यूनियन काँग्रेस जिल्ला, प्रदेश र केन्द्रीय युवा समितिका अध्यक्ष, उपाध्यक्ष, सचिव, सह सचिव र कोषाध्यक्षलाई जनाउँछ । त्यसैगरी सदस्य भन्नाले नेपाल ट्रेड यूनियन काँग्रेस जिल्ला, प्रदेश र केन्द्रीय युवा समितिका सदस्यहरुलाई जनाउँछ ।

ङ) **"अधिवेशन"** भन्नाले जिल्ला, प्रदेश र केन्द्रीय अधिवशेनलाई जनाउनेछ ।

च) **"विनियम"** भन्नाले नेपाल ट्रेड यूनियन काँग्रेस युवा समितिको विनियमलाई जनाउनेछ ।

छ) **"सपोर्ट ग्रुप"** भन्नाले नेपाल बाहिर श्रम गर्ने युवाहरुको समुह/समितिलाई जनाउने छ ।

ज) **"युवा"** भन्नाले ल्तग्अ संग आवद्ध ३५ वर्ष ननाघेका सदस्यहरुलाई जनाउने छ ।

## ३. उद्देश्य

३.१ नेपाल ट्रेड यूनियन काँग्रेसको विधानको अधीनमा रही यस समितिको उद्देश्य निम्न बमोजिम हुनेछ ।

क) नेपाल ट्रेड यूनियन काँग्रेस र यससँग आवद्ध संघका सम्पूर्ण युवा सदस्यहरुको हक हितका निम्ति क्रियाकलापहरु अघि बढाउने र प्राथमिकता निर्धारण गरि युवाहरुलाई ट्रेड यूनियन आन्दोलनमा समाहित हुन अभिप्रेरित गर्ने ।

ख) युवा श्रमिक सम्बन्धि विषय तथा युवा श्रमिकका हकहितका लागि योजना तर्जुमा गर्ने, कार्यान्वयन गर्ने गराउने र युवाहरुको रोजगारी अभिवृद्धिका लागि आवश्यक नीति निर्माण गर्न दवाव श्रृजना गर्ने ।

ग) नेपाल ट्रेड यूनियन काँग्रेस र यसका आवद्ध संघका नीति, नियम, निर्णय तथा कार्यहरुमा श्रमजीवी युवाहरुको सहभागिता गराउने र ट्रेड यूनियन सुदृढीकरणका लागि सल्लाह तथा सुझाव प्रदान गर्ने ।

घ) श्रमजीवी युवाहरुसँग सम्बन्धित विषयमा नियमन तथा अनुगमन गर्ने गराउने ।

ङ) युवा श्रमिकहरुको अधिकार सम्बर्द्धन तथा प्रवर्द्धन गर्दै श्रमजीवी युवासँग सम्बन्धि अन्तर्राष्ट्रिय अभिसन्धि लागू गर्न दवाव श्रृजना गर्ने ।

च) अन्तर्राष्ट्रिय मान्यता अनुरुप युवाहरुको प्रवर्द्धन तथा शसक्तिकरणमा जोड दिने र आई.टि.यु.सि लगायत अन्य ट्रेड यूनियनसँग सम्बद्ध राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरुसँग निकतम सम्बन्ध राख्दै ट्रेड यूनियन अभियानका अनुभव आदान प्रदान गर्ने र श्रमजीवी युवा माथि आईपर्ने समस्या समाधान तथा अवसरका लागि सहयोग तथा सहकार्य गर्ने गराउने ।

छ) देशका अन्य युवासँग सम्बन्धित संघ, संस्था तथा समुहहरु र यस्तै अन्य राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरुसँग सम्बन्ध सुत्रको विकास गर्ने र कार्यगत एकता गर्ने ।

ज) राज्यको नीति अनुरुप ट्रेड यूनियन आन्दोलनका हरेक तहमा समावेशी अवधारणा लागु गर्दै लैजाने ।

झ) श्रमजीवी युवाहरुको सामाजिक, आर्थिक एवं राजनीतिकस्तर अभिवृद्धि

लगायत सर्वपक्षीय शसक्तिकरण अभियान संचालन गर्ने आवश्यक कार्यहरु गर्ने गराउने ।

ञ) आप्रवासमा रहेका युवा श्रमजीवीहरुका विच सपोर्ट ग्रुप निर्माण गरी जोखिममा रहेका युवा श्रमजीवीहरुको अधिकार एवं सामाजिक सुरक्षा तथा उद्धारका लागी आवश्यक कार्य गर्ने ।

# परिच्छेद - २

## ४. सदस्यता

**४.१ सदस्यता सम्बन्धि व्यवस्था देहाय बमोजिम हुनेछ ।**

क) नेपाल ट्रेड यूनियन काँग्रेससँग आवद्ध राष्ट्रिय संघका सम्पूर्ण ३५ वर्ष भन्दा कम उमेर समुहका युवा सदस्यहरु ।

ख) नेपाल ट्रेड यूनियन काँग्रेसको विधान बमोजिम १ प्रतिशतको संख्यामा मनोनित युवा सदस्यहरु ।

## ५. कार्य समितिको गठन

**५.१ केन्द्रीय समिति:**

यस समितिको राष्ट्रिय अधिवेशनबाट निर्वाचन गरी अध्यक्ष-१, उपाध्यक्ष-२ (महिला १), सचिव-१, सह-सचिव- २ (महिला १), कोषाध्यक्ष-१, सदस्य ४ (महिला २) र अध्यक्षबाट मनोनित २ जना सदस्य गरी जम्मा १३ सदस्यीय केन्द्रीय युवा समितिको गठन हुनेछ । केन्द्रीय युवा समितिमा प्रदेश युवा समितिका अध्यक्षहरु र आवद्ध संघका युवा समितिका अध्यक्षहरु पदेन सदस्य हुनेछन ।

**५.२ प्रदेश युवा समिति:**

यस समिति को प्रदेश अधिवेशनबाट निर्वाचन गरी अध्यक्ष-१, उपाध्यक्ष-२ (महिला १), सचिव-१, सह-सचिव-१, कोषाध्यक्ष-१, सदस्य-३ (महिला १) र अध्यक्षबाट मनोनित २ जना सदस्य समेत गरी जम्मा ११ जनाको प्रदेश युवा समिति गठन हुनेछ ।

प्रदेश युवा समितिमा सम्बन्धित जिल्ला युवा समितिका अध्यक्षहरु र आवद्ध संघका प्रदेश युवा समितिका अध्यक्षहरु पदेन सदस्य हुनेछन् ।

५.३ **जिल्ला युवा समिति:**

यस समितिको जिल्ला अधिवेशनबाट निर्वाचन गरी अध्यक्ष-१, उपाध्यक्ष २ (महिला १), सचिव-१, सह-सचिव-१, कोषाध्यक्ष-१, सदस्य-३ (महिला १) र अध्यक्षबाट मनोनित २ जना गरी जम्मा ११ सदस्यीय जिल्ला युवा समितिको गठन हुनेछ ।

जिल्ला युवा समितिमा सम्बन्धित जिल्लाको आवद्ध संघको युवा अध्यक्षाहरु पदेन सदस्य हुनेछन् ।

५.४ यस युवा केन्द्रीय समितिले यस विनियमलाई आधार बनाई आफ्नो अधिवेशनका लागि निर्देशिका निर्माण गर्ने र नेपाल ट्रेड यूनियन काँग्रेसबाट पारित गराई लागू गराउनु पर्नेछ ।

## ६. पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार

### ६.१ अध्यक्ष

क) कार्यसमितिको बैठक बोलाउन लगाउने ।

ख) बैठकको अध्यक्षता गर्ने ।

ग) बैठकमा निर्णय गर्नुपर्ने विषयमा मत बराबर भएमा निर्णायक मत दिने ।

घ) बैठकले पारित गरेका निर्णयहरु कार्यान्वयन गर्ने गराउने ।

### ६.२ उपाध्यक्ष

क) अध्यक्षलाई काम र कर्तव्य पालनमा सहयोग गर्ने ।

ख) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने सम्पूर्ण कार्य गर्ने ।

### ६.३ सचिव

क) समितिको दैनिक व्यवस्थापकिय कार्यसञ्चालन गर्ने ।

ख) कार्यसमितिको बैठकको अभिलेख व्यवस्थित गर्ने ।

ग) समितिद्वारा आयोजित कार्यक्रम सम्पन्न गर्न क्रियाशील रही सम्पन्न भएका कार्यक्रम तथा गतिविधिहरुको प्रतिवेदन तयार पार्ने ।

### ६.४ सह-सचिव

क) सचिवलाई काम र कर्तव्य पालनामा सहयोग गर्ने ।

ख) सचिवको अनुपस्थितिमा निजले गर्ने सम्पूर्ण कार्य गर्ने ।

६.५ **कोषाध्यक्ष**

क) समितिको कोष वृद्धिमा विशेष पहल गर्ने ।

ख) समितिका सम्पूर्ण आय व्ययको फाटवारी दुरुस्त राख्ने ।

ग) सम्पूर्ण वित्तिय उत्तरदायित्व वहन गर्ने ।

## ७. सदस्यको काम कर्तव्य र अधिकार

क) समितिको बैठकमा नियमितरुपमा उपस्थित हुने ।

ख) समितिको निर्णय कार्यान्वयन गर्न सक्रिय रहने ।

ग) साँगठनिक सुदृढीकरणका लागी आवश्यक कार्यहरु गर्ने ।

घ) समितिले तोकेको अन्य कार्यहरु गर्ने ।

ङ) निर्णयमा सहभागि हुने ।

# परिच्छेद - ३

## ८. पदको रिक्तता र पूर्ति सम्बन्धि व्यवस्था

८.१ **पद रिक्त हुने :** देहायको अवस्थामा पदाधिकारी एवं सदस्यहरुको पद रिक्त हुनेछ ।

क) मृत्यु भएमा ।

ख) मजग विग्रिएको प्रमाणीत भएमा ।

ग) राजीनामा स्वीकृत भएमा ।

घ) समितिको बैठक वस्ने सुचना पाएर पनि लगातार तीन पटकसम्म विना सूचना अनुपस्थित भई समितिले नीजलाइ हटाउने निर्णय गरेमा । तर यसरी हटाउँदा निजलाई सफाईको मौका बाट वञ्चित गरिने छैन ।

ङ) लगातार एक वर्ष वा सो भन्दा वढी अवधीका लागी विदेश गएर बसेमा । तर समिति वा NTUC ले पठाएर विदेश गएका हकमा लागु हुनेछैन ।

च) नेपाली नागरीकताको समाप्ती भएमा ।

छ) सम्बन्धित आवद्ध संघ एवं ल्त्ग्रऋ को सदस्यता कायम नरहेमा ।

### ८.१ रिक्त पदको पूर्ति:

क) समितिको ५० प्रतिशत भन्दा वढी पद रिक्त हुन आएमा बाँकी पदाधिकारीहरुले अधिवेशन बोलाई पदको पूर्ति गरिनेछ। तर एक वर्षभन्दा कम अवधि बाँकी रहेको अवस्थामा भने बाँकी रहेको पदाधिकारीहरुले नै कार्य संचालन गर्नेछन्।

# परिच्छेद-४

## ९.१ कार्य सम्पादन समिति

कार्य सम्पादनमा दैनिक रुपमा कार्य संचालनका लागी तहगतरुमा देहाय बमोजिम कार्य सम्पादन समितिको गठन गरिने छ।

**क) केन्द्रीय कार्य सम्पादन समिति:**

केन्द्रीय युवा समितिको अध्यक्ष, महिला उपाध्यक्ष, उपाध्यक्ष, सचिव, सह सचिव, कोषाध्यक्ष, सहकोषाध्यक्ष र जुन क्षेत्रमा केन्द्रीय कार्यालय रहन्छ त्यस क्षेत्रको युवा अध्यक्ष र सदस्य मध्येबाट १ जना रहेको ९ सदस्यीय कार्य सम्पादन समिति रहनेछ।

**ख) प्रदेश कार्य सम्पादन समिति:**

प्रदेश युवा समितिको अध्यक्ष, महिला उपाध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव, कोषाध्यक्ष र प्रदेश कार्यालय रहेको जिल्लाको युवासमितिको अध्यक्ष सदस्य रहेको ७ सदस्यीय कार्य सम्पादन समिति रहने छ।

**ग) जिल्ला कार्य सम्पादन समिति :**

जिल्ला युवा समितिको अध्यक्ष, महिला उपाध्यक्ष, उपाध्यक्ष, सचिव, सह-सचिव, कोषाध्यक्ष रहेको जिल्ला कार्य सम्पादन समिति रहने छ।

### ९.२ केन्द्रीय कार्य सम्पादन समितिको काम, कर्तव्य र अधिकार:-

समितिको पूर्ण बैठक नबसेको समयमा पूर्ण बैठकले गर्ने कार्य यस समितिले गर्नेछ तर उक्त कार्य सम्पादन समितिले गरेका निर्णयहरु त्यस पछिको पूर्ण बैठकबाट अनुमोदन गर्नुपर्नेछ।

## १०. प्रतिनिधि व्यवस्था

**१०.१ युवा समितिको जिल्ला अधिवेशन कुल सदस्य संख्याको आधारमा देहाय बमोजिमको निर्वाचित भई आएका सदस्यहरुबाट हुनेछ ।**

क) १० जना सम्ममा १ जना ।

ख) १० जना भन्दा माथि प्रत्येक १० जनामा थप १ जना ।

ग) वहालवाला युवा जिल्ला समितिका पदाधिकारी तथा सदस्यहरु ।

घ) सम्वन्धित आवद्ध संघका युवा अध्यक्षहरु पदेन प्रतिनिधि ।

**१०.२ युवा समितिको प्रदेश अधिवेशन कुल सदस्य संख्याको आधारमा देहाय बमोजिमको निर्वाचित भई आएका सदस्यहरुबाट हुनेछ ।**

क) जिल्ला अधिवेशन बाट ५० जना सम्ममा १ जना प्रतिनिधि ।

ख) ५० जना भन्दा माथि प्रत्येक ५० जनामा थप १ जना ।

ग) जिल्ला युवा समितिका अध्यक्षहरु पदेन प्रतिनिधि ।

घ) वहालवाला प्रदेश युवा समितिका पदाधिकारी तथा सदस्यहरु ।

ङ) सम्वन्धित आवद्ध संघका प्रदेश युवा अध्यक्षहरु पदेन प्रतिनिधि ।

**१०.३ युवा समितिको केन्द्रीय अधिवेशन कुल सदस्य संख्याको आधारमा देहाय बमोजिमको निर्वाचित भई आएका सदस्यहरुबाट हुनेछ ।**

क) प्रदेश युवा अधिवेशनबाट १०० जना सम्ममा १ जना ।

ख) १०० जना भन्दा माथि प्रत्येक १०० जनामा थप १ जना ।

ग) जिल्ला युवा समितिका अध्यक्षहरु ।

घ) वहालवाला केन्द्रीय युवा समितिका पदाधिकारी तथा सदस्यहरु ।

ङ) प्रदेश युवा समितिका अध्यक्षहरु पदेन प्रतिनिधि ।

च) आवद्ध संघका युवा समितिका अध्यक्षहरु पदेन प्रतिनिधि ।

**१०.४ पदेन प्रतिनिधिहरु कुनै पनि समितिको अधिवेशनमा उम्मेद्वार हुन पाउने छैनन ।**

# परिच्छेद - ५

## ११. समितिको क्रियाकलाप

११.१ नेपाल ट्रेड यूनियन काँग्रेसको अधिनमा रही यस समितिले गर्ने क्रियाकलाप निम्न प्रकारका हुनेछन् ।

- ✓ युवा समितिको हकमा मातहतका समितिहरुलाई नीति निर्देशन जारी गर्ने ।
- ✓ ट्रेड यूनियनमा युवा सहभागीता तथा क्रियाशिलताका लागि प्रेरीत गर्ने ।
- ✓ युवासँग सरोकार राख्ने संघ संस्थाहरुसँग सम्बन्ध सुत्रको विकास तथा प्रवर्द्धनात्मक कार्य गरी देशभित्रका सम्पूर्ण श्रमिक युवाहरुको हकहित संरक्षण र सम्वर्द्धन गर्ने ।
- ✓ मुलुक वाहिर श्रम गर्न गएका नेपाली श्रमजीवीहरुलाई सुरक्षित र संरक्षित गर्ने गराउने कार्यका लागी विशेष भूमिका निर्वाह गर्ने र NTUC Youth Support Group गठन गर्ने गराउने ।
- ✓ Youth Support Group का विच सहयोग तथा समन्वय संयन्त्र निर्माण गर्ने ।
- ✓ रोजगारी पूर्वाधारको विकास, युवा स्वरोजगार तथा श्रमजीवी युवाहरुको क्षमता अभिवृद्धि लगायतका कार्य गर्न गराउन आवश्यक कार्य गर्ने ।
- ✓ देशभरीका सम्पूर्ण सदस्यहरुविच समस्वार्थ कार्यजालो निर्माण गरी सूचना तथा सञ्चार प्रविधिको समेत राष्ट्रिय कार्यजालो निर्माण गर्ने ।
- ✓ युवाहरुको विषयमा सभा सम्मेलनको आयोजन गरी नीति नियम तर्जुमा तथा कार्यान्वयन गर्ने गराउने ।
- ✓ युवा श्रमिकहरु सम्बन्धि स्तरीय अनुसन्धान सरसल्लाह एवं सुझाव प्रदान गर्न शिक्षा तथा अनुसन्धानको कार्य गर्ने ।
- ✓ समितिको विधानमा उल्लेखित उद्देश्य पूर्तिका लागी आवश्यक सम्पूर्ण कार्य गर्ने ।
- ✓ युवा समितिद्वारा आयोजित कार्यक्रम तथा गतिविधिहरुमा सक्रिय सहभागिता गर्ने गराउने ।

# परिच्छेद - ६

## १२. नेपाल ट्रेड यूनियन काग्रेस युवा समितिको अधिवेशन

१२.१ नेपाल ट्रेड यूनियन काँग्रेस युवा अधिवेशन प्रत्येक चार वर्षमा एक पटक हुनेछ ।

१२.२ युवा समितिको विभिन्न तहको अधिवेशनको मिति नेपाल ट्रेड यूनियन काँग्रेसको राष्ट्रिय समितिको समन्वयमा युवा समितिले तोक्नेछ ।

१२.३ सम्मेलनका सम्पूर्ण निर्णयहरु प्रजातान्त्रिक मान्यता अनुरुप गरिनेछ ।

१२.४ अधिवेशनमा उम्मेदवार हुने पदाधिकारीको उमेर ३१ वर्ष नकाटेको हुनुपर्नेछ र नागरिकताको फोटोकपि अनिवार्यरुपमा पेश गर्नुपर्नेछ ।

१२.५ अधिवेशन NTUC सँग समन्वय गरी सम्पन्न गरिने छ ।

## १३. महाधिवेशनको काम, कर्तव्य र अधिकार

१३.१ निर्वाचन गर्ने ।

१३.२ प्रस्तुत संगठनात्मक तथा आर्थिक प्रतिवेदन उपर छलफल गरी संशोधन तथा पारित गर्ने ।

१३.३ विनियम संशोधन गर्ने ।

१३.४ भावी कार्ययोजना तर्जुमा गर्ने ।

## १४. निर्वाचन तथा निर्वाचन प्रणाली

१४.१ युवा समितिको पदाधिकारीहरुको निर्वाचन गर्ने ।

## १५. समितिको बैठक

### १५.१ युवा समितिको पूर्ण बैठक

युवा समितिको पूर्ण बैठक वर्षमा दुई पटक बस्नेछ । पूर्ण बैठकमा सम्बन्धित युवा समितिका पदाधिकारी र पदेन सदस्यहरुको सहभागिता हुनेछ । बैठकमा ५१ प्रतिशत सदस्य संख्यालाई गणपूरक मानिनेछ । ५१ प्रतिशत अनुपस्थित रहेमा बैठक स्थगित गरिनेछ । प्रथम पटक बैठक स्थगित भएको खण्डमा दोश्रो बैठकमा ३५ प्रतिशतको गणपुरक संख्याले बैठक वस्न सक्नेछ ।

### १५.२ कार्य सम्पादन समितिको बैठक

कार्य सम्पादन समितिको बैठक महिनामा कम्तिमा एक पटक वस्नेछ ।

**१५.३** तत्काल केही निर्णय गर्नुपर्ने र कार्यक्रम गर्नुपर्ने अवस्थामा कुनैपनि बेला बस्न सक्नेछ ।

## १६. आर्थिक व्यवस्था

१६.१ जिल्ला, क्षेत्र र केन्द्रीय युवा समितिको नाममा छुट्टै बैंक खाताको व्यवस्था हुनेछ ।

१६.२ बैंक खाता संचालन सामान्यतः अध्यक्ष, महासचिव/सचिव र कोषाध्यक्ष गरी ३ (तीन) जना मध्ये कुनै दुई जनाको हस्ताक्षरद्वारा हुनेछ । तर कोषाध्यक्षको हस्ताक्षर अनिवार्य हुनेछ ।

१६.३ नेपाल ट्रेड यूनियन काँग्रेस केन्द्रीय युवा समितिको कार्यक्रम तथा क्रियाकलापको लागि आवश्यक आर्थिक स्रोत विभिन्न संघ संस्थाबाट प्राप्त अनुदान, आवद्ध संघको अंशदान, NTUC Youth Support Group तथा मित्र संस्थाहरु र नेपाल ट्रेड यूनियन काँग्रेसको अंशदानबाट प्राप्त हुनेछ ।

१६.४ युवा समितिले तय गरेका विभिन्न रचनात्मक कार्यबाट संकलित रकमहरु ।

## १७. अन्य प्रावधानहरू

१७.१ कुनै पदाधिकारीले समितिको विधान अनुसार आचरण नगरेमा, आर्थिक हिनामिना गरेमा, समितिको गोपनियता भङ्ग हुने कार्य गरेमा निजलाई केन्द्रीय युवा समितिले कारवाही गरी हटाउन सक्नेछ। तर यसरी कारवाही गर्नुपूर्व निजलाई सफाईको मौकाबाट वञ्चित गरिने छैन ।

१७.२ वाहृय मुलकहरुमा आवश्यकता अनुसार NTUC Youth Support Group को विस्तार गरिनेछ ।

## १८. ब्याख्या गर्ने अधिकार

यस विनियमको ब्याख्या गर्ने अधिकार NTUC राष्ट्रिय समितिलाई र विनियम अन्तर्गत बन्ने नियम उपनियमहरुमा भएको व्यवस्थाको ब्याख्या गर्ने अधिकार युवा समितिलाई मात्र हुनेछ ।

# नेपाल ट्रेड यूनियन काँग्रेस

## आर्थिक विनियम-२०६५

(संशोधन २०७५)

नेपाल ट्रेड यूनियन काँग्रेस ( NTUC)

# आर्थिक विनियम - २०६५

## प्रस्तावना

नेपाल ट्रेड यूनियन काँग्रेसलाई आर्थिकरुपमा एक सवल सक्षम र आत्मनिर्भर एवं व्यवस्थित संस्थाको रुपमा अगाडि बढाउन आवश्यक पर्ने श्रोत र साधनको परिचालन गरी खर्चमा नियमितता, मितव्ययिता, कार्यदक्षता र पारदर्शिता अपनाई आर्थिक सुदृढिकरणको व्यवस्था गर्न, नेपाल ट्रेड युनियन काँग्रेससंग आवद्ध सदस्यहरुको मनोवल उच्च राख्न, विभिन्न प्रकारका कार्यक्रम एवं केन्द्र, प्रदेश र जिल्ला समिति र आवद्ध संघको लेखा प्रणाली व्यवस्थित गर्न आवश्यक देखिएकोले नेपाल ट्रेड यूनियन काँग्रेसको विधान २०६४ को परिच्छेद १२ को दफा ३० अनुसार यो विनियम जारी गरिएको छ ।

## परिच्छेद ( १

### संक्षिप्त नाम, प्रारम्भ र परिभाषा

**१) यो विनियमको नाम "आर्थिक विनियम २०६५" रहनेछ ।**

**२) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विनियममा,**

क) महासंघ भन्नाले "नेपाल ट्रेड यूनियन कांग्रेस " सम्झनु पर्छ ।

ख) "राष्ट्रिय समिति, प्रदेश समिति, जिल्ला समिति" भन्नाले नेपाल ट्रेड यूनियन कांग्रेसको राष्ट्रिय समिति, प्रदेश समिति, जिल्ला समितिलाई सम्झनु पर्दछ ।

ग) "अध्यक्ष" भन्नाले राष्ट्रिय समिति, प्रदेश समिति, जिल्ला समितिका अध्यक्षलाई सम्झनु पर्दछ ।

घ) "आर्थिक वर्ष" भन्नाले प्रत्येक वर्ष श्रावण १ गतेदेखि आषाढ मसान्तलाई सम्झनु पर्दछ ।

ङ) "बजेट" भन्नाले महासंघको अनुमानित वार्षिक आयव्यय सम्झनु पर्दछ ।

च) "आर्थिक कारोवार" भन्नाले नगद, वैंक खाता, खरिद, भुक्तानी, पेश्की, दायित्व, आम्दानी, वित्तिय सहायता, चन्दा, सहयोग सम्बन्धी काम सम्झनु पर्दछ ।

छ) “लेखा” भन्नाले विनियम अनुसार कारोवारको मौद्रिक अंक यथार्थ देखिने गरी खडा गरिने अभिलेख खाता सम्झनु पर्दछ ।

ज) “मालसामान” भन्नाले सबै प्रकारका खर्च हुने वा नहुने कुनै प्रकारको सामग्री, पदार्थ र अन्य वस्तु सम्झनु पर्दछ ।

झ) “भौतिक सम्पत्ति” भन्नाले घर, जग्गा आदि र यन्त्र, औजार, उपकरण, फर्निचर, सवारी साधन समेत सम्झनु पर्दछ ।

ञ) “बैंक” भन्नाले महासंघले आफ्नो आर्थिक कारोवार खाता एवं अन्य बैंक सम्बन्धि कार्य गर्ने बैंकलाई सम्झनु पर्दछ ।

ट) “समिति” भन्नाले लेखा तथा सुपरिवेक्षण समितिलाई सम्झनु पर्दछ ।

ठ) लेखा तथा सुरपरिवेक्षण समितिको स्वरुप देहाय बमोजिमको हुनेछ ।

| | | | |
|---|---|---|---|
| १) | संयोजक | राष्ट्रिय समितिका खुल्ला उपाध्यक्ष | १ जना |
| २) | सदस्य | प्रदेश अध्यक्षहरु मध्येबाट | १ जना |
| ३) | सदस्य | आवद्ध संघका अध्यक्षहरु मध्येबाट | १ जना |
| ४) | सदस्य | महिला समितिका अध्यक्ष | १ जना |
| ५) | सदस्य | युवा समितिका अध्यक्ष | १ जना |

# परिच्छेद - २

## कोषको व्यवस्था र सञ्चालन

### १) बजेट व्यवस्था

१.१ महासंघले आर्थिकरुपमा आत्मनिर्भर भई आफ्नो कार्य सञ्चालन गर्नका लागि आवश्यक कोषको व्यवस्था गर्नेछ ।

१.२ महासंघको कोष सञ्चालन सम्वन्धित समितिको अध्यक्ष वा महासचिव/सचिव मध्ये एक र कोषाध्यक्षको संयुक्त दस्तखतबाट गर्नु पर्ने छ ।

१.३ महासंघले निम्न तरिकाबाट उक्त कोषमा रकम जुटाउन सक्नेछ ।

क) साधारण सदस्यता शुल्क वापत उठेको रकम ।

ख) आवद्धता शुल्क वापत उठेको रकम ।

ग) राष्ट्रिय, अन्तर्राष्ट्रिय सरकारी वा गैह्र सरकारी संस्था, व्यक्ति र श्रम संगठनहरुबाट प्राप्त हुने अनुदान वा सहयोग रकम ।

घ) महासंघका लागि उठाइएको रकम वा यसले आर्जेको अन्य रकम ।

ङ) विभिन्न कार्यक्रम सञ्चालन गर्दा प्राप्त हुने रकम ।

१.४ यसका अतिरिक्त महासघंले आवश्यक देखेमा अन्य कुनै तरिकाबाट पनि आर्थिक स्रोत जुटाउन सक्नेछ। तर उक्त स्रोत जुटाउनका लागि राष्ट्रिय समितिबाट स्वीकृति लिनुपर्नेछ ।

१.५ नेपाल ट्रेड यूनियन काँग्रेसको जिल्ला समिति र प्रदेश समितिले कुनै पनि प्रकारको आर्थिक स्रोत जुटाउँदा राष्ट्रिय समितिको पूर्व स्वीकृति लिनुपर्नेछ । तर सदस्यता शुल्क वा स्थानीय सहयोग वापतको रकम उठाउनमा यो विनियम अनुसार बाधा पुगेको मानिने छैन । तर सो को जानकारी एवं समन्वय राष्ट्रिय समितिलाई दिनु पर्नेछ ।

१.६ राष्ट्रिय समितिको स्वीकृति लिई जिल्ला समिति र प्रदेश समितिहरुले आवश्यक कार्यक्रम संचालनका लागि स्रोत जुटाउन सक्नेछन् । यसरी राष्ट्रिय समितिले कार्यक्रम संचालन तथा परियोजना संचालन गर्न स्वीकृति दिँदा पूर्व शर्तहरु तोक्न सक्नेछ ।

१.७ राष्ट्रिय समितिबाट कुनैपनि आर्थिक विनियम बनाउँदा कोषाध्यक्ष र लेखा तथा सुपरिवेक्षण समितिको परामर्शमा गरिनेछ ।

## २. भैपरी आउने नगदी कोष

२.१ भैपरी आउने नगदीकोष कोषाध्यक्षको जिम्मामा रहनेछ। यस्तो कोषमा वढीमा नगद रु २५,०००/- सम्म रहनेछ ।

२.२ महासंघले आर्थिक कारोवार गर्दा चेक मार्फत गर्नु पर्नेछ । तर आर्थिक कारोवारको सिलसिलामा नगदै रकम खर्च गर्नु पर्ने, पेश्की दिनु पर्ने तथा भुक्तानी दिनु पर्ने अवस्थामा अध्यक्ष वा महा-सचिवको आदेशबाट व्यक्ति वा संस्थासँग एक कारोवारमा बढीमा रु ५,०००/- सम्म नगद कारोवार गर्न सक्नेछ ।

२.३ यस्तो भैपरी आउने नगदी तहविलबाट हुने नगदी कारोवारको खर्च विजक वा रसिद वा भरपाई प्रमाणित भएको हुनुपर्ने छ ।

२.४ भैपरी आउने नगदी तहविलबाट भएको कारोवारको जाँचबुझ अध्यक्ष, महासचिवले समय समयमा गर्नुपर्नेछ । यस्तो खर्चको फर्स्यौट १५ दिन भित्र गराउनु पर्नेछ । एक पटक नगदी कोषको लागि झिकेको रकम फर्स्यौट नहुँदै पुनः झिक्न पाईने छैन ।

२.५ यसरी खर्च भएको रकम नियमित हुन नसकेमा खर्च गर्ने, गराउने पदाधिकारी वा सम्बन्धित व्यक्ति नै जिम्मेवार हुनुपर्नेछ ।

२.६ विधानको परिच्छेद-८ दफा १८ बमोजिम सम्वन्धित समितिको वैठकबाट अनुमोदन गराउने गरी देहायका पदाधिकारीले विधान वमोजिम एकपटकमा निम्न वमोजिम खर्च गर्न सक्नेछन् ।

| | | |
|---|---|---|
| क) | अध्यक्ष राष्ट्रिय समिति | रु २५,०००।– |
| | अध्यक्ष प्रदेश समिति | रु १०,०००।– |
| | अध्यक्ष जिल्ला समिति | रु ५,०००।– |
| ख) | महासचिव राष्ट्रिय समिति | रु १५,०००।– |
| | सचिव प्रदेश समिति | रु ५,०००।– |
| | सचिव जिल्ला समिति | रु ३,०००।– |
| ग) | कोषाध्यक्ष राष्ट्रिय समिति | रु ७,०००।– |
| | कोषाध्यक्ष प्रदेश समिति | रु ५,०००।– |
| | कोषाध्यक्ष जिल्ला समिति | रु २,०००।– |

## ३. श्रमिक कल्याणकारी कोषको व्यवस्था

३.१ महासंघप्रति आबद्ध सदस्यहरु त्था आश्रित परिवारको कल्याणका लागि महासंघले आवश्यक श्रमिक कल्याणकारी कोषको व्यवस्था गर्न सक्नेछ ।

३.२ महासंघको परियोजना अन्तर्गत संचालन हुने कार्यक्रमका लागी प्राप्त आम्दानी भएको रकमको घटिमा ५५ रकम उक्त कल्याणकारी कोषमा जम्मा गर्नुपर्ने छ ।

३.३ यस कोषका लागि छुट्टै बैंक खाता खोल्नु पर्नेछ । कोषको सञ्चालन अध्यक्ष वा महासचिव र कोषाध्यक्षको संयुक्त जिम्मेवारीबाट मात्र हुनेछ। तर उक्त कोषको खाता कोष सञ्चालन गर्न एउटा छुट्टै विनियम बनाई स्वीकृत गराई लागू गर्नसक्नेछ ।

३.४ भ्रमण तथा कार्यक्रममा सहभागी भई प्राप्त गरेको भत्ता रकमको १०% कल्याणकारी कोषमा जम्मा गर्नुपर्ने छ ।

३.५ कुनै पनि आम्दानीको ५% रकमबाट अक्षय कोष खडा गर्न सकिनेछ ।

३.६ महासंघ अन्तर्गत श्रमिक ऐक्यवद्धता कोष र आपतकालिन कोषको गठन गर्न सकिनेछ । गठित कोषको गठन र संचालन सम्वन्धित कोषको कार्यविधिमा तोकिए बमोजिम हुने छ ।

# परिच्छेद - ३

## १. लेखा पद्धति

महासंघको सम्पुर्ण आर्थिक कारोवारको स्पष्ट अभिलेख राख्नु पर्नेछ, यसका लागि नगद आम्दानी, खर्च, पेश्की, जिन्सी र अन्य खाता र तोकिए अनुसारको शिर्षक र ढाँचामा कारोवार गराउनु पर्ने छ ।

## २. भौचर र नगदी रसिद सम्बन्धी व्यवस्था

महासंघको दैनिक नगद तथा जरनल कारोवारको लागि भुक्तानी लिँदा दिँदा विल भौचर तथा रसिदको प्रयोग गर्नुपर्नेछ ।

## ३. नगद खाता

महासंघलाई प्राप्त नगद आम्दानी र खर्च नगद खातामा लेखा राख्नु पर्नेछ ।

## ४. आम्दानी खाता

महासंघले विभिन्न स्रोतबाट आम्दानीको रुपमा प्राप्त हुनआएको रकमलाई मुख्यतः निम्न शिर्षकमा विभक्त गरी लेखा राख्नु पर्नेछ र आवश्यक परेमा केन्द्रीय समितिको स्वीकृति लिई अन्य शिर्षक खोल्न सकिने छ ।

क) सदस्यता शुल्क

ख) आवद्धता शुल्क

ग) चन्दा, सहयोग वा कमिशन रकम

घ) व्याज

ङ) कार्यक्रम सञ्चालनबाट प्राप्त आम्दानी

च) लेवी

छ) विविध

कुनै विशेष परियोजना वा कार्यक्रम सञ्चालनको लागि प्राप्त रकमलाई कार्यक्रम सञ्चालन आम्दानी अन्तर्गत सम्बन्धित परियोजना वा कार्यक्रमको उप शिर्षक खोली सोही शिर्षकमा रकम जम्मा गर्नु पर्नेछ ।

## ५. खर्च खाता

महासंघका विभिन्न कार्यक्रम सञ्चालन गर्न भएका सम्पूर्ण खर्चलाई मुख्यतया निम्न शिर्षकमा विभक्त गरी अभिलेख राख्नु पर्नेछ । आवश्यकता परेमा अन्य शिर्षक खोल्न सकिनेछ ।

### क) कार्यालय खर्च

१) तलब भत्ता तथा पारिश्रमिक

२) दैनिक भ्रमण भत्ता

३) विजुली/पानी

४) टेलिफोन, फ्याक्स, हुलाक टिकट, इमेल, इन्टरनेट

५) मसलन्द/छपाई

६) मर्मत/संभार

७) ईन्धन/परिवहन

८) अतिथि सत्कार

९) घरभाडा खर्च

१०) बैंक कमिशन खर्च

११) विज्ञापन खर्च

१२) मिन्हा/अवलेखन

१३) आर्थिक सहयोग (क) संस्थागत (ख) व्यक्तिगत

१४) चन्दा पुरस्कार

१५) विविध

**ख) कार्यक्रम खर्च**

१) सेमिनार

२) तालीम

३) निर्माण

४) पूँजीगत खर्च

**ग) सांगठनिक खर्च**

१) बैठक खर्च

२) महाधिवेशन/सम्मेलन/ परिषद्

३) पोष्टर/ व्यानर/ ब्रोसर आदि

४) संगठन विस्तार

## ६. पेश्की खाता

महासंघका पदाधिकारी वा अन्य व्यक्ति वा संस्थालाई विभिन्न प्रयोजनका निमित्त प्रदान गरिएको रकम र पेश्की फर्स्यौट हुँदाको रकमको लेजर अभिलेख यस खातामा राखिने छ ।

## ७. जिन्सी खाता

महासंघको सम्पत्तिको रुपमा खरिद गरेको वा महासंघलाई विविध ढंगबाट प्राप्त हुने अचल सम्पत्ति, फर्निचर, मेसिनरी, स्टेशनरी तथा अन्य जिन्सी सामानको लेखा जिन्सी खातामा राख्नु पर्नेछ ।

यस्तो प्रकारको लेखा राख्ने तथा सो को वार्षिक प्रतिवेदन तयार गर्ने काम कोषाध्यक्षको हुनेछ ।

८. खर्चको शीर्षकहरुमा एकरुपताका लागि कोड नं तयार गरी प्रदेश तथा जिल्ला समितिलाई परिपत्र गरी लागू गराउन सकिने छ ।

**९.** केन्द्र, प्रदेश र जिल्ला समितिले आफ्नो आम्दानी खर्चको वार्षिक लेखा परिक्षण गराउनु पर्नेछ ।

९.१ वार्षिक आम्दानी खर्चको प्रतिवेदन (लेखापरिक्षणको प्रतिवेदन सहित) आ-आफ्नो परिषद्, अधिवेशनबाट छलफल गराई पारित गर्नुपर्नेछ ।

# परिच्छेद - ४

## लेखापरिक्षण तथा सुपरिवेक्षण समितिको गठन, काम, कर्तव्य र अधिकार

**१.** महासंघको र मातहतका  विभिन्न संरचनामा तल उल्लेख भए बमोजिम लेखापरिक्षण तथा सुपरिवेक्षण समिति गठन गरिने छ। उक्त समितिहरुको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।

१.१ राष्ट्रिय स्तरमा महासंघको विधानको परिच्छेद १० को दफा २२ को उपदफा २२.६ बमोजिम लेखापरिक्षण तथा सुपरिवेक्षण समिति गठन हुनेछ ।

१.२ महासंघको विधानको परिच्छेद १० को दफा २२ को उपदफा २२.६ बमोजिम लेखापरिक्षण तथा सुपरिवेक्षण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) महासंघको आय, व्यय तथा आर्थिक कारोवारको प्रत्येक आर्थिक वर्षको आन्तरिक लेखापरिक्षण गरी राष्ट्रिय समिति समक्ष प्रतिवेदन पेश गर्ने । उक्त समितिले समय समयमा अनुगमन र निरीक्षण गर्न सक्नेछ ।

ख) महासंघलाई आर्थिकरुपमा समेत सवल र सक्षम एवं व्यवस्थित तुल्याउन विभिन्न प्रस्ताव एवं सुझाव राष्ट्रिय समितिमा पेश गर्ने ।

ग) नियमित्ता, मितव्ययित्ता, प्रभावकारिता, औचित्यता र पारदर्शिता समेत विचार गरी आर्थिक कारोवार गराउनराष्ट्रिय समितिलाई आवश्यक राय सुझाव उपलव्ध गराउने ।

घ) आर्थिक कारोवार सम्वन्धि कुनै खिचलो वा विवाद भएको खण्डमा समितिले सम्वन्धित पदाधिकारीहरुको समन्वयमा आवश्यक राय सुझाव राष्ट्रिय समितिमा प्रस्तुत गर्न सक्नेछ ।

ङ) परियोजना संचालन भएका आवद्ध संघ, प्रदेश समिति र जिल्ला

समितिहरुको राष्ट्रिय समितिको निर्देशन बमोजिम आवश्यकतानुसार निरीक्षण तथा अनुगमन गर्ने ।

१.३ प्रदेश समिति अन्तर्गत देहायबमोजिमको लेखापरिक्षण तथा सुपरिवेक्षण समिति गठन हुनेछ ।

क) प्रदेश समितिको उपाध्यक्ष (खुल्ला) – संयोजक

ख) प्रदेश समिति अन्तरगतका आवद्ध संघका अध्यक्ष मध्ये १ जना – सदस्य

ग) जिल्ला अध्यक्षहरु मध्येबाट एक जना–सदस्य

१.४ प्रदेश स्तरीय लेखापरीक्षण तथा सुपरिवेक्षण समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।

क) प्रदेश समिति र मातहतका जिल्ला समितिको आय, व्यय तथा आर्थिक कारोवारको प्रत्येक आर्थिक वर्षको आन्तरिक लेखापरिक्षण गरी प्रदेश समिति समक्ष प्रतिवेदन पेश गर्ने ।

ख) नियमित्ता, मितव्ययित्ता, प्रभावकारिता, औचित्यता र पारदर्शिता समेत विचार गरी आर्थिक कारोवार गराउन आवश्यक राय सुझाव सहित जिल्ला समितिलाई निर्देशन दिने ।

ग) समय समयमा मातहतका जिल्ला समितिहरुको आर्थिक कारोवारको निरीक्षण र अनुगमन गर्ने ।

## परिच्छेद - ५

### १. प्रदेश, जिल्ला समिति र आवद्ध संघहरुका सन्दर्भमा

क) प्रदेश समिति वा जिल्ला समिति वा आवद्ध संघहरुलाई राष्ट्रिय समितिले कुनै पनि रकम पठाउँदा सम्बन्धित समितिको खातामा जम्मा हुनेगरी पठाउनु पर्नेछ ।

ख) महासंघ अन्तर्गतको कार्यक्रम सञ्चालनको लागि व्यक्तिलाई रकम उपलब्ध नगराई सम्बन्धित समिति (प्रदेश, जिल्ला, आवद्ध संघ) लाई उपलब्ध गराउने ।

ग) सम्बन्धित जिल्ला प्रदेश समिति र आवद्ध संघले रकम खर्च गर्दा विधान वमोजिम नियम पुर्‍याई खर्च गर्ने र राष्ट्रिय समितिलाई विल भरपाई

पठाई फर्स्यौट गर्नुपर्ने रकमको हकमा कार्यक्रम सञ्चालन भै समाप्त भएको दिन भित्र राष्ट्रिय समितिमा पठाई सक्नु पर्नेछ । जिल्ला प्रदेश र आवद्ध संघमा भएको आर्थिक कारोवारको निरीक्षण राष्ट्रिय समितिले गर्न सक्नेछ ।

घ) नेपाल ट्रेड युनियन कांग्रेसद्वारा सञ्चालन गरिने कुनै पनि शैक्षिक कार्यक्रममा सहभागीले सहभागी भए वापत न्यूनतम शुल्क बुझाउनु पर्नेछ । यस्तो रकम सम्बन्धित जिल्ला/ प्रदेश समिति मार्फत उपलब्ध गराउनु पर्नेछ ।

# परिच्छेद - ६

## १. माल सामान, यन्त्र उपकरण खरिद र छपाई

१.१ अधिकार प्राप्त अधिकारीको आदेश विना कुनै मालसामान खरिद गर्नु गराउनु हुँदैन ।

१.२ अध्यक्षको आदेशबाट एकपटकमा रु २५,०००/- सम्मको सामानको खरिद गर्नु परेमा सिधै खरिद गर्न सकिनेछ ।

१.३ रु २५,०००/- देखि माथि रु ५०,०००/- सम्मको सामान खरिद गर्नु परेमा कम्तिमा तीन वटा छुट्टाछुट्टै कोटेशन लिई मुल्य र गुणस्तर हेरी सबैभन्दा कम दर भाउमा दिने संस्थाबाट खरिद गर्न सकिनेछ ।

१.४ रु ५०,०००/- देखि रु १,००,०००/- सम्मको मालसामान खरिद गर्नु परेमा कोटेशन माग गरी लेखा तथा सुपरिवेक्षण समितिको समेत राय लिई नियमानुसारका कोटेशन, गुणस्तर जाँची खरिद गर्ने ।

१.५ रु १,००,०००/- भन्दा माथिको सम्पत्ति सामान खरिद गर्नु परेमा राष्ट्रिय समितिको निर्णय अनुसार खरिद गरिनेछ ।

# परिच्छेद - ७

## १. दैनिक भ्रमण भत्ता

१.१ महासंघको विशेष कामका लागि महासंघका पदाधिकारी वा अन्य सम्वन्धित व्यक्तिलाई आवश्यकतानुसार नेपाल भित्र काजमा खटाउन वा भ्रमण आदेश दिन सकिनेछ । तर यसरी काजमा पठाउँदा यथासम्भव

कम खर्चिलो बाटो वा स्थल यातायातको साधनबाट पठाउनु पर्नेछ र यातायात खर्च उपलव्ध गराउँदा महासंघबाट समय समयमा तोकिएको भाडादरमा  उपलव्ध गराईने छ । साथै वैदेशिक कार्यक्रममा पठाउन पर्ने अवस्था भएमा संस्थाको निर्णय अनुसार पठाउन सकिनेछ ।

१.२ यसरी काज खटाउँदा एक पटकमा ७ दिन भन्दा बढी खटाउन पाईने छैन ।

१.३ महासंघको काममा देशभित्र खटिई जाने व्यक्तिलाई दैनिक रु १११०।– भत्ता उपलब्ध गराईने छ ।

१.४ स्थानिय स्तरमा कार्यक्रम भएमा स्थानिय यातायात भत्ता वापत दैनिक रु ३००।– मात्र उपलव्ध गराईनेछ ।

१.५ तर लिखित भ्रमण आदेश वा स्विकृति विना काज खर्च उपलब्ध गराईने छैन ।

१.६ स्थानिय भत्ता र दैनिक भ्रमण भत्ता उपलब्ध गराउँदा कल्याणकारी कोष वापतको १० प्रतिशत रकम कट्टि गरिनेछ ।

## २. स्रोत व्यक्ति

२.१ महासंघ भन्दा वाहिरको विशेषज्ञ (श्रोत व्यक्ति) को हकमा कार्यक्रम एवं श्रोत व्यक्तिको स्तर हेरी बढिमा प्रति सेसन रु ५०००।– सम्म उपलव्ध गराउन सकिनेछ। महासंघको श्रोत व्यक्तिलाई प्रति सेसन रु १५००।– उपलव्ध गराईने छ । तर एक दिनमा एक सेसन भन्दा बढि लिनु पर्ने अवस्था भएमा एकमुष्ठ दैनिक रु २५००।– उपलब्ध गराइनेछ । यस्तो भत्ता तोकिए बमोजिमको श्रोत व्यक्तिलाई मात्र उपलब्ध गराईने छ । श्रोत व्यक्तिलाई रकम उपलब्ध गराउँदा नियमानुसारको कर र कल्याणकारी कोष वापतको १० प्रतिशत रकम कट्टि गरिनेछ ।

२.२ कुनै कार्यक्रम सञ्चालन गर्न जाँदा संयोजक भै जाने व्यक्तिलाई कार्यक्रम अवधिको संयोजन वापत दैनिक रु १०००/- दिइनेछ। उक्त रकम उपलव्ध गराउँदा कल्याणकारी कोष वापतको १० प्रतिशत रकम कट्टि गरिनेछ ।

# परिच्छेद - ८

## १. आर्थिक सहयोग, चन्दा र पुरस्कार

१.१ राष्ट्रिय समितिको निर्णय बाहेक महासंघको घर जग्गा, सवारी साधन, फर्निचर, मालसामान वा अन्य पूँजिगत जायजेथा नगद वा अन्य चल अचल सम्पत्ति कुनै संस्था वा व्यक्तिलाई दान, दातव्य, निशुल्क हस्तान्तरण गर्न गराउन वा बकस दिनु दिलाउँनु हुँदैन । तर आवश्यकता र औचित्यतालाई विचार गरि आर्थिक सहयोग वा पुरस्कार दिन यो विनियमले वाधा पुऱ्याएको मानिने छैन । यस्तो सहयोग उपलव्ध गराउँदा राष्ट्रिय कार्य समपादन समितिमा अनुमोदन गराउनु पर्नेछ ।

१.२ राष्ट्रिय समितिले आर्थिक सहयोग वा पुरस्कार दिँदा देहायका लागि यथाशक्य प्राथमिकता दिनु पर्नेछ ।

क) दैवी प्रकोप वा कुनै सार्वजनिक प्रतिष्ठानमा काम गर्दा दुर्घटना वा सार्वजनिक घटनाहरुबाट पिडित भएका व्यक्तिहरु ।

ख) रोगी, अपांग, असहाय, श्रमिक व्यक्तिहरु ।

दफा १.२ को उपदफा क र ख बमोजिमका अवस्थाका श्रमिकलाई आर्थिक सहायता उपलव्ध गराउँदा श्रमिक कल्याणकारी कोषको कार्यविधिमा व्यवस्था भए बमोजिम उपलव्ध गराईनेछ ।

१.३ यस्तो सहयोग यस विनियमको परिच्छेद २ दफा ३ अनुसार "श्रमिक कल्याणकारी कोष" स्थापना गरी सो कोषको नाममा छुट्टै नन अपरेटिङ खाता खोली सो रकमको ब्याजबाट दिइनेछ ।

१.४ यसरी प्रदान गरिने आर्थिक सहयोग वा पुरस्कार रकम एक पटकमा एक व्यक्ति वा संस्थालाई देहाय वमोजिम दिन सकिनेछ ।

क) अध्यक्षको तोक आदेशबाट रु २५००/-

ख) महासचिवको तोक आदेशबाट रु १०००/-

ग) यो भन्दा बढी रकम रु १०,०००/- सम्म दिनु पर्दा औचित्यतालाई पुष्टि गर्न कोषाध्यक्षको राय र लेखा तथा सुरपरिवेक्षण समितिको परामर्श लिई राष्ट्रिय कार्य सम्पादन समितिबाट निर्णय गरि दिन सकिनेछ । रु १०,०००/- भन्दा माथि सहयोग दिनु पर्दा कोषाध्यक्षले राष्ट्रिय समितिमा पेश गरी समितिको निर्णयानुसार दिइने छ ।

# परिच्छेद - ९

## पेश्की र त्यसको फस्र्यौट

१) अध्यक्षले महासंघको कामको सिलसिलामा आवश्यक रकम कुनै सदस्य, व्यक्ति वा जिल्ला क्षेत्रिय समिति र आवद्ध संघलाई पेश्की उपलब्ध गराउन सक्नेछ । तर कुनै पनि व्यक्ति वा संस्थालाई सापटी स्वरुप रकम उपलब्ध गराईने छैन् ।

२) पेश्की दिँदा दिनु पर्ने पर्याप्त कारण र समयमा फस्र्यौट हुन सक्ने तर्फ विचार गरी मात्र दिनु पर्नेछ ।

३) पेश्की प्राप्तकर्ताले पेश्कीसँग सम्बन्धित काम समाप्त भएको मितिले २१ दिन भित्र पेश्की फस्र्यौट गरी सक्नुपर्नेछ । उपरोक्त समय भित्र पेश्की फस्र्यौट नभएसम्म सोही पदाधिकारी, व्यक्ति वा जिल्ला समिति, प्रदेश समिति र आवद्ध संघलाई पुनः पेश्की दिइने छैन् ।

४) प्रत्येक महिनाको अन्त्यमा फस्र्यौट हुन बाँकी रहेको पेश्की रकमको विवरण तयार गरी पेश्की फस्र्यौट गर्ने/गराउने जिम्मेवारी कोषाध्यक्षको हुनेछ ।

५) प्रत्येक आ.ब.को आषाढ मसान्त भित्र सम्बन्धित संस्था तथा व्यक्तिले पेश्की हिसाब फस्र्यौट गरि सक्नु पर्नेछ ।

६) कार्य सम्पादन भएको मितिले एक महिना भित्र पेश्की फस्र्यौट नगर्ने पदाधिकारी वा सदस्यलाई पेश्की फस्र्यौट नभएसम्मका लागि कुनै पनि कार्यक्रममा सहभागी गराईने छैन् ।

७) महासंघमा बाँकी बक्यौता रहने कुनै पनि पदाधिकारी वा सदस्यले महासंघको कुनै पनि तहको निर्वाचनमा उम्मेद्बवार हुन वा मनोनयन हुन पाउने छैन् ।

# परिच्छेद - १०

१) देहायको अवस्थामा आफ्नो जिम्मामा रहेको नगद, मालसामान, सम्पत्ति र प्रलेख वा कागजात र लेखा आदिको बरबुझारथ गर्नु प्रत्येक पदाधिकारीको दायित्व हुनेछ ।

    क) कार्यकाल समाप्त भई नयाँ पदाधिकारी निर्वाचित वा मनोनित भै आएमा ।

    ख) सम्बन्धित पदाधिकारीले राजिनामा दिएमा

२) बरबुझारथ गर्नु पर्ने कर्तव्य र दायित्व भएका प्रत्येक पदाधिकारीले १५ दिन भित्र बरबुझारथ गरी सक्नु पर्नेछ ।

३)	बरबुझारथ हुँदा नगद, जिन्सी, मालसामान, सम्पत्ति कागजात जस्ता श्रेस्ता, लेखा आदि हानी नोक्सानी हुने देखिएमा जुन पदाधिकारीको लापरवाहीबाट हुन गएको हो, सो पदाधिकारीबाट उक्त रकम असुल गरिनेछ ।

# परिच्छेद - ११

## विविध

### १. सुविधा

महासंघका पदाधिकारीलाई उपलब्ध गराईने सुविधाको हकमा राष्ट्रिय समितिले तोके वमोजिम हुनेछ ।

### २. संशोधन र व्यवस्था

क) राष्ट्रिय समितिले आवश्यकता देखेमा यस विनियमको संशोधन वा व्याख्या गर्न सक्नेछ ।

ख) यो विनियम राष्ट्रिय समितिबाट पारित भएको मिति देखि लागु हुनेछ ।

### ३. अधिकार प्रत्यायोजन

यो विनियम वमोजिम आवश्यक कार्य सञ्चालन गर्न अध्यक्षले विधान वमोजिम तोकिएको पदाधिकारीलाई अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

### ४. वचाउ

यो विनियम लागु हुनुभन्दा अगाडि महासंघले गरेका आर्थिक कारोवार यसै विनियम अनुसार भए गरेको मानिने छ । विनियममा रहेका कुनै प्रावधान बाझिएमा बाझिएको हदसम्म बिधानमा ब्यबस्था भएको प्रावधान अनुसार हुनेछ ।

# नेपाल ट्रेड यूनियन काँग्रेस

## स्थानीय तह गठन निर्देशिका

२०७६

नेपाल ट्रेड यूनियन काँग्रेसको विधान –२०६४ (संशोधन २०६८, २०७० र २०७३) को दफा ३० ले दिएको अधिकार प्रयोग गरी नेपाल ट्रेड यूनियन काँग्रेस स्थानिय तह गठन सम्बन्धि निर्देशिका जारी गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : यस निर्देशिकाको नाम नेपाल ट्रेड यूनियन काँग्रेस स्थानिय तह गठन सम्बन्धि निर्देशिका २०७६ रहेको छ ।

२. यो निर्देशिका ट्रेड यूनियन काँग्रेसको राष्ट्रिय समितिको बैठकबाट पारित भएको मिति देखि लागु हुनेछ ।

३. **परिभाषा**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा –

(क) **"स्थानिय तह समिति"** भन्नाले नेपाल ट्रेड यूनियन काँग्रेसको विधान –२०६४ (संशोधन २०६८, २०७० र २०७३) को दफा ८.१ (क) बमोजिम गठित समितिलाई सम्झनु पर्दछ ।

(ख) **"अध्यक्ष"** भन्नाले नेपाल ट्रेड यूनियन काँग्रेसको विधान –२०६४ (संशोधन २०६८, २०७० र २०७३) को दफा १० बमोजिम गठित समितिको अध्यक्षलाई सम्झनु पर्दछ ।

(ग) **"पदाधिकारी"** भन्नाले नेपाल ट्रेड यूनियन काँग्रेसको विधान –२०६४ (संशोधन २०६८, २०७० र २०७३) को दफा १० बमोजिम गठित समितिका पदाधिकारीलाई सम्झनु पर्दछ ।

(घ) **"सदस्य"** भन्नाले नेपाल ट्रेड यूनियन काँग्रेसको विधान –२०६४ (संशोधन २०६८, २०७० र २०७३) को दफा १० बमोजिम गठित समितिका सदस्यलाई सम्झनु पर्दछ ।

(ङ) **"राष्ट्रिय संघ"** भन्नाले नेपाल ट्रेड यूनियन काँग्रेसको विधान–२०६४ (संशोधन २०६८, २०७० र २०७३) को दफा ७.५.१ बमोजिमको संघलाई सम्झनु पर्दछ ।

(च) **"आवद्ध संघ"** भन्नाले महासंघको सदस्यता प्राप्त सम्वद्ध संघलाई सम्झनु पर्दछ ।

(छ) **"कार्य समिति"** भन्नाले नेपाल ट्रेड यूनियन काँग्रेसको विधान –२०६४ (संशोधन २०६८, २०७० र २०७३) को दफा १० बमोजिम गठित

समितिलाई सम्झनु पर्दछ ।

(ज) **"विधान"** भन्नाले नेपाल ट्रेड यूनियन काँग्रेसको विधान–२०६४ (संशोधन २०६८, २०७० र २०७३) लाई सम्झनु पर्दछ ।

## ४. स्थापना र कार्यालय

(क) नेपाल ट्रेड यूनियन काँग्रेस स्थानिय तह समिति नामको समिति गठन हुनेछ ।

(ख) समितिको कार्यालय सम्बन्धित समितिको कार्य क्षेत्र भित्र सम्बन्धित समितिले तोकेको स्थानमा रहने छ ।

## ५. सदस्यता र शुल्क

(क) नेपाल ट्रेड यूनियन काँग्रेसका आवद्ध राष्ट्रिय संघका साधारण सदस्यहरु नै यस समिति अन्तरगतका साधारण सदस्य हुने छन् ।

(ख) नेपाल ट्रेड यूनियन काँग्रेसको विधानको दफा ६ ले तोके बमोजिमको सदस्यता शुल्क सम्बन्धि व्यवस्था लागु हुने छ ।

**६. अधिवेशन**ः नेपाल ट्रेड यूनियन काँग्रेस स्थानिय तहको अधिवेशन विधान २०६४ ले तोके बमोजिम हुनेछ ।

**७. पदावधि**ः नेपाल ट्रेड यूनियन काँग्रेस स्थानिय तह समितिका पदाधिकारी तथा सदस्यहरुको पदावधि विधान २०६४ बमोजिम हुनेछ ।

## ८. समितिको गठनः

(क) आवद्ध राष्ट्रिय संघका सम्बन्धित महानगर, उप महानगर, नगर तथा गाउँपालिकाका सदस्यहरु मध्येबाट देहाय अनुसारको स्थानिय गाउँ/नगर समिति गठन हुनेछ ।

| | |
|---|---|
| अध्यक्ष – | १ |
| उपाध्यक्ष– | २ (महिला १) |
| सचिव– | १ |
| सह सचिव– | १ |
| कोषाध्यक्ष– | १ |

सदस्य –　　　　　७ (महिला ३)

(ख) सम्बन्धित स्थानिय तहका आवद्ध संघका अध्यक्ष पदेन सदस्य रहने छन् ।

(ग) नेपाल ट्रेड यूनियन काँग्रेसको गाउँ/नगर समितिले आवद्ध राष्ट्रिय संघका सदस्यहरु मध्येबाट आवश्यकता अनुसारका वडा समिति गठन गर्न सक्नेछ ।

## ९. समितिको काम, कर्तव्य र अधिकार

गाउँ, नगर समितिको काम, कर्तव्य र अधिकार देहाय अनुसारको हुनेछ ।

(क) गाउँ/नगर समितिको अधिवेशनले पारित गरेका कार्यक्रमहरु कार्यान्वयन गर्ने, गराउने ।

(ख) मातहतका श्रमिकहरु विचको श्रमिक ऐक्यवद्धता कायम गराई विविध कार्यक्रमहरुको आयोजना गर्ने ।

(ग) महासंघको नीति र निर्देशनहरु अवगत गराउने ।

(घ) साधारण सदस्यहरुको अभिलेख अध्यावधिक राख्ने ।

(ङ) महासंघको विधान र नीतिको अधिनमा रहि कोष अभिवृद्धिका लागि आर्थिक कार्यक्रमहरु संचालन गर्ने ।

(च) दीर्घकालिन र अल्पकालिन शैक्षिक कार्यक्रमहरु संचालन गर्ने ।

(छ) सांगठनिक सुदृढिकरणका लागि आवश्यक कार्यहरु गर्ने ।

(ज) श्रमिकहरुकको व्यक्तिगत वा सामुहिक सौदावाजि गर्नु पर्दा आवश्यकता हेरी वार्ताकारको व्यवस्था गर्ने ।

(झ) विधान विपरित काम गर्ने पदाधिकारी उपर अनुशासनको कारवाहीको नीम्ति जिल्ला समितिमा सिफारिस गर्ने ।

(ञ) समितिको बैठकका लागि आवश्यक कार्यविधिको निर्धारण गर्ने ।

(ट) गाउँ/नगर तहमा श्रमिकहरुको हक हितका लागि प्रभावकारी रुपमा प्रतिनिधित्व र सहभागिता गर्ने ।

(ठ) असंगठित रुपमा रहेका श्रमिकहरुलाई संगठित गर्ने ।

## १०. पदाधिकारी तथा सदस्यको लागि योग्यता

(क) नेपाल ट्रेड यूनियन काँग्रेस संग आवद्ध संघको सदस्य रहेको एवं नविकरण भएको हुनु पर्ने ।

(ख) नेपाल ट्रेड यूनियन काँग्रेसको विधान २०६४ को दफा ६.२ बमोजिमको सदस्य भए जिल्ला समितिबाट नविकरण भएको हुनु पर्नेछ ।

(ग) नेपाली नागरिक हुनु पर्ने ।

(घ) नेपाली काँग्रेस, नेपाली काँग्रेसका भातृ तथा शुभेच्छुक संघ/संस्थातथा स्थानिय तहमा निर्वाचित/मनोनित पदाधिकारी तथा सदस्य नेपाल ट्रेड यूनियन काँग्रेसको स्थानिय तह समितिमा पदाधिकारी वा सदस्य हुन पाउने छैन्न । तर नेपाल ट्रेड यूनियन काँग्रेसको संस्थागत निर्णयबाट नेपाली काँग्रेस र राज्यका विभिन्न निकायमा निर्वाचित भएको र शुभेच्छुक संस्था नेपाल शिक्षक संघ, नेपाल प्रेस यूनियन जस्ता यस महासंघको आवद्ध राष्ट्रिय संघकोहकमा यो दफाले वाधा पुर्‍याएको मानिने छैन् ।

(ङ) नेपाल ट्रेड यूनियन काँग्रेसको विधान २०६४ को दफा ३५.७ मा जेसुकै लेखिएको भएता पनि स्थानिय तहको समिति पहिलो पटक गठन भएको तदर्थ समितिका लागि जिल्ला समितिमा रहेका पदाधिकारीको हकमा उक्त दफाले वाधा पुर्‍याएको मानिने छैन् ।

## ११. समितिका पदाधिकारीको काम, कर्तव्य र अधिकार

### ११.१ अध्यक्षको काम, कर्तव्य र अधिकारः

(क) समितिको सम्पूर्ण कार्यको रेखदेख गर्ने ।

(ख) समितिको सम्बन्धित अधिवेशन, बैठकको अध्यक्षता गर्ने ।

(ग) मत वरावर भएमा निर्णायक मत दिने ।

(घ) महासंघको हितका लागि समितिको नेतृत्व प्रदान गर्ने ।

(ङ) समितिले गरेका निर्णयहरुको कार्यान्वयन गर्ने गराउने ।

(च) अपर्झट आई पर्ने कार्यको सन्दर्भमा पछि बैठकमा निर्णय गराउने गरी अध्यक्षको हैसियतले निर्णय गर्ने गराउने ।

(छ) सम्बन्धित पदाधिकारीहरुको राजिनामा स्वीकृत गर्ने ।

(ज) आवश्यक देखेमा मिति, स्थान र समय तोकी सचिव मार्फत बैठक बोलाउने ।

(झ) समितिको बैठकबाट स्वीकृति गराउने गरी भैपरी आउने कार्यका लागि बढिमा रु ३०००।– सम्म खर्च गर्ने ।

(ञ) समितिले संचालन गरेका योजना तथा कार्यक्रमहरुको सुपरिवेक्षण, मूल्यांकंन तथा रेखदेख गर्ने ।

**११.२ उपाध्यक्षको काम, कर्तव्य र अधिकारः**

(क) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने सवै कार्यहरु गर्ने ।

(ख) अध्यक्षको कार्यमा आवश्यक सहयोग पुऱ्याउने ।

(ग) महासंघको उद्देश्य प्राप्तिका लागि आवश्यक कार्य गर्ने ।

(घ) मातहतका सांगठनिक निकायको विवाद, गुनासाहरु सुन्ने र समस्या समाधानका लागि पहल गर्ने ।

**११.३ सचिवको काम, कर्तव्य र अधिकारः**

(क) समितिको कार्य सुचारुरुपले संचालन गर्ने ।

(ख) अध्यक्षको सल्लाहमा बैठक वोलाउने, निर्णय पुस्तिका राख्ने ।

(ग) समितिका निर्णय, कार्य योजनाहरुको कार्यान्वयन गर्ने गराउने ।

(घ) समितिको बैठकबाट अनुमोदन गराउने गरी बढि मा रु २०००।– सम्म खर्च गर्न सक्नेछन ।

(ङ) समितिले संचालन गरेका योजना तथा कार्यक्रमहरुको मूल्याकंन तथा सुपरिवेक्षण गरी कार्य समितिलाई जानकारी गराउने ।

(च) सदस्यहरुको अभिलेख अध्यावधिक राख्ने व्यवस्था मिलाउने ।

(छ) संगठन सुदृढिकरणका लागि आवश्यक कार्यहरु गर्ने गराउने ।

**११.४ सह सचिवको काम, कर्तव्य र अधिकार:**

(क) सचिवको कार्यमा सहयोग गर्ने ।

(ख) सचिवको अनुपस्थितिमा निजले गर्दै आएका कार्यहरु गर्ने ।

(ग) महासंघको उद्देश्य प्राप्तिका लागि अन्य कार्यहरु गर्ने ।

(घ) समितिले तोकेका अन्य कार्यहरु गर्ने ।

**११.५ कोषाध्यक्षको काम, कर्तव्य र अधिकार:**

(क) समितिको आर्थिक कारोवार, भौतिक सम्पत्तिको रेखदेख, नियन्त्रण र वन्दोवस्त गर्ने ।

(ख) समितिको वार्षिक बजेट तर्जुमा गर्ने, स्वीकृतिका लागि समितिको बैठक, अधिवेशनमा पेश गर्ने ।

(ग) समितिको आर्थिक सुदृढिकरणका लागि कार्य योजना बनाउने ।

(घ) समितिको आर्थिक कारोवारको लेखा परिक्षण गराउने ।

(ङ) समितिको बैठकबाट पछि स्वीकृति गराउने गरी बढिमा रु १०००।– सम्म खर्च गर्न सक्नेछन ।

(च) समितिले तोकेका अन्य कार्यहरु गर्ने ।

**११.६ सदस्यहरुको काम, कर्तव्य र अधिकार:**

(क) समितिको बैठकमा नियमितरुपमा भाग लिने ।

(ख) समितिको निर्णय कार्यान्वयन गर्न निरन्तर सक्रिय रहने ।

(ग) सांगठनिक सुदृढिकरणका लागि समितिले तोकेका अन्य कार्यहरु गर्ने ।

## १२. समितिको कोषको व्यवस्था र संचालन

१२.१ समितिको एउटा छुट्टै कोष रहनेछ जस्मा देहाय बमोजिमको रकम रहने छ ।

(क) महासंघबाट कार्यक्रम संचालनार्थ प्राप्त रकम ।

(ख) अन्य संघ संस्थाबाट प्राप्त अनुदान वा सहयोग रकम ।

(ग) आवद्ध संघहरुबाट प्राप्त सहयोग रकम ।

(घ) विभिन्न कार्यक्रम संचालन गर्दा प्राप्त रकम ।

१२.२ नेपाल सरकारबाट स्वीकृति प्राप्त कुनै पनि बैंक तथा वित्तीय संस्था, नेपाल सरकारबाट स्वीकृत प्राप्त सहकारी संस्थामा समितिको खाता खोलिने छ ।

१२.३ अध्यक्ष वा सचिव मध्ये एक र कोषाध्यक्षको अनिवार्य हस्ताक्षर रहने गरी संयूक्त हस्ताक्षरबाट खाता संचालन गरिने छ ।

१२.४ समितिको आर्थिक कारोवार दोहोरो लेखा प्रणाली बमोजिम हुनेछ ।

१२.५ प्रत्येक वर्ष नेपाल सरकारद्वारा स्वीकृत प्राप्त लेखापरिक्षकद्वारा समितिको आर्थिक कारोवारको लेखापरिक्षण गराई त्यसको प्रतिवेदन सम्बन्धित समितिको अधिवेशन, बैठकमा पेश गर्नु पर्नेछ ।

**१३. बैठक** : कार्य समितिको बैठक कम्तिमा १ महिनामा एक पटक वस्नेछ । बैठक सम्बन्धि अन्य विधि र प्रक्रिया विधानको दफा १७ को व्यवस्था बमोजिम हुनेछ ।

**१४. राजिनामा**: समितिका पदाधिकारी एवं सदस्यहरुले सम्बन्धित अध्यक्ष समक्ष र अध्यक्षले समितिका उपाध्यक्ष समक्ष राजिनामा दिन सक्नेछन ।

**१५. सल्लाहकार समिति सम्बन्धि व्यवस्था** : नेपाल ट्रेड यूनियन काँग्रेस स्थानिय तह समितिको उद्देश्य पूर्तिमा सहयोग पुऱ्याउन बढिमा ३ जना सम्म रहेको सल्लाहकार समितिको गठन हुनेछ ।

**१६.** यो निर्देशिकामा समावेश नभएका विषयहरु नेपाल ट्रेड यूनियन काँग्रेसको विधान – २०६४ (संशोधन २०६८, २०७० र २०७३) बमोजिम लागु हुने छन ।

# नेपाल ट्रेड यूनियन कांग्रेस

## विभागीय संरचना सम्वन्धि काम, कर्तव्य, अधिकार र कार्यक्षेत्र

नेपाल ट्रेड यूनियन काँग्रेसको विधान २०६४ (संशोधित २०६८, २०७० र २०७३) को परिच्छेद ७ को दफा १६.११ बमोजिम गठित विभागहरुको काम, कर्तव्य, अधिकार र कार्यक्षेत्र देहाय बमोजिम रहेको छ ।

## विभागहरूको कार्य क्षेत्र देहाय वमोजिम हुनेछ ।

क) हरेक विभागले तोके वमोजिमको कार्य क्षेत्र अन्तर्गत भएका कामको प्रतिवेदन तथा विभाग अन्तर्गत उठेका सार्वजनिक चासोका विषयमा कार्य समितिलाई जानकारी गराउने ।

ख) आफ्नो विभागको वैठक सञ्चालन गर्ने सम्बन्धि कार्यविधि आफैं तय गर्ने ।

ग) हरेक विभागले आफ्नो कार्य क्षेत्र अन्तर्गत पर्ने विभिन्न कार्यक्रमहरुको योजना तथा नीतिहरु तय गरी कार्यान्वयनका लागि राष्ट्रिय समिति तथा राष्ट्रिय कार्य सम्पादन समितिमा सुझावको रुपमा प्रस्तुत गर्ने ।

घ) विभागले गर्ने भनि राष्ट्रिय समिति एवं राष्ट्रिय कार्य सम्पादन समितिले तोकेको काम गर्ने तथा गराउने ।

ङ) राष्ट्रिय समिति वा राष्ट्रिय कार्य सम्पादन समिति वा अध्यक्षले सम्बन्धित विभागलाई तोकेको कार्य गर्ने ।

च) राष्ट्रिय समिति, राष्ट्रिय कार्य सम्पादन समितिमा सम्बन्धित विभागको गतिविधिको बारेमा उठेका विषयवस्तुहरुको सम्बन्धमा अध्यक्षको अनुमतिले विभागिय प्रमुखले प्रस्तुत गर्ने ।

छ) विभागले गरेका निर्णयहरु महासचिव मार्फत राष्ट्रिय समिति, राष्ट्रिय कार्य सम्पादन समितिमा सुझावको रुपमा प्रस्तुत गर्ने । त्यस्ता निर्णयहरु आवश्यकतानुसार महासचिव मार्फत राष्ट्रियसंघ वा जिल्ला समितिमा परिपत्र गर्ने ।

### १. वैदेशिक सम्वन्ध विभाग

✓ महासंघ तथा आवद्ध संघलाई वैदेशिक संस्थाहरुसंग सम्बन्ध विस्तार तथा आवद्धता दिलाउने सम्बन्धि सुझाव राष्ट्रिय समितिमा पेश गर्ने ।

- ✓ विदेशी अतिथिहरुको आवागमन तथा आतिथ्यका निम्ति आवश्यक ब्यवस्था मिलाउने ।
- ✓ अन्य मुलुकका संस्थाहरुलाई महासंघको तर्फबाट आवश्यक सूचना एवं जानकारीहरु उपलब्ध गराउने तथा अन्य विदेशी संस्थाहरुबाट प्राप्त सूचना तथा जानकारीहरुलाई नियमित गरी कार्य समितिलाई जानकारी गराउने ।
- ✓ अन्तर्राष्ट्रिय सम्बन्धका वारेमा नीति तयार गरी समितिमा पेश गर्ने ।

## २. संगठन विभाग

- ✓ संगठन विस्तार तथा सुदृढीकरणका लागि आवश्यक पहल गर्ने ।
- ✓ संगठन विस्तारका लागि आवश्यक समन्वय गर्ने ।
- ✓ संगठनका वारेमा कार्य समितिलाई प्रतिवेदन दिने ।
- ✓ संगठन विस्तारका लागि आवश्यक रणनीति तयार गरी कार्य समितिमा पेश गर्ने ।
- ✓ प्रतिष्ठान दर्ता तथा नविकरण गर्ने ।

## ३. प्रचारप्रसार तथा प्रकाशन विभाग

- ✓ राष्ट्रिय समितिले प्रचार प्रसार गर्न योग्य ठानेका निर्णयहरु प्रचार प्रसार गर्ने गराउने ।
- ✓ महासंघको गतिविधि समेत समावेश गरी कार्य समितिले आवश्यक ठानेका कागजातहरु प्रकाशन गने गराउने ।
- ✓ राष्ट्रिय समितिले आवश्यक ठानेका महासंघका लेख, रचना प्रकाशन गर्ने, गराउने ।
- ✓ पोष्टर, पम्प्लेट, अपील, प्रतिवेदनहरु तयार पारी राष्ट्रिय समितिको निर्णय बमोजिम प्रकाशन गर्ने ।
- ✓ आवद्ध राष्ट्रिय संघहरुको प्रचार प्रसारको कार्यमा सहयोग पुऱ्याउने ।

## ४. शिक्षा विभाग

- ✓ महासंघको राष्ट्रिय, प्रदेश एवं जिल्ला स्तरिय ट्रेड युनियन शिक्षा तथा प्रशिक्षण कार्यक्रम सञ्चालनका लागि कार्ययोजना तयार गरी कार्य

समितिमा पेश गर्ने ।

- ✓ आवश्यकतानुसार प्रशिक्षण सामग्री तथा प्रशिक्षण निर्देशिका तयार गरी समितिमा पेश गर्ने।
- ✓ समितिको निर्णयानुसार महासंघको राष्ट्रिय, प्रदेश एवं जिल्ला स्तरीय नेतृत्व विकासका निम्ति विभिन्न प्रशिक्षण कार्यक्रम सञ्चालन गर्न समितिलाई सहयोग गर्ने ।
- ✓ ट्रेड युनियन शिक्षा तथा तालिम सम्वन्धि विभिन्न गतिविधिहरु संचालनका लागि आवश्यक कार्ययोजना बनाई समितिमा प्रस्तुत गर्ने ।

## ५. योजना तथा अनुसन्धान विभाग

- ✓ महासंघका कार्यक्रमहरुको योजना तर्जुमा गरी राष्ट्रिय समितिमा पेश गर्ने ।
- ✓ समितिको निर्णयानुसार श्रमिकसँग सम्वन्धित विभिन्न विषयमा अध्ययन अनुसन्धान गर्ने ।
- ✓ श्रमिकहरुको संख्या, कार्य क्षेत्र, कार्यावस्थाको बारेमा अध्ययन अनुसन्धान गरी समितिमा पेश गर्ने ।

## ६. श्रम सम्बन्ध विभाग

- ✓ श्रम विवाद समाधानका लागि कार्य समितिलाई आवश्यक राय दिने ।
- ✓ राष्ट्रिय स्तरका श्रम विवादको बारेमा गृहकार्य गरी कार्य समितिमा पेश गर्ने ।
- ✓ श्रम सम्बन्ध विकासमा महासंघले गर्नु पर्ने काम एवं लिनु पर्ने नीतिका बारेमा धारणा वनाई समितिमा पेश गर्ने ।
- ✓ सम्बन्धित राष्ट्रिय संघले आवश्यक ठानेमा राष्ट्रिय संघ अन्तर्गतका श्रम विवाद समाधानमा पहल गर्ने ।
- ✓ श्रम क्षेत्रलाई अझ व्यवस्थित गर्न श्रम सम्वादहरु गर्ने ।
- ✓ श्रम सम्बन्धि आन्तरिक सम्बन्धहरुको विकसित गर्ने
- ✓ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय श्रम नीति सम्बन्धि नीतिगत कुराहरु गर्ने ।

- ✓ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय श्रम सम्बन्धमा सहयोग पुऱ्याउने ।
- ✓ श्रम कानून, ऐन, नियम, विनियमका बारेमा जानकारी गराउने र श्रमिकहरुका कानूनी समस्याहरुलाई कानूनी उपचार प्रदान गर्न पहल गर्ने ।
- ✓ प्रतिष्ठान दर्ता तथा नविकरण गर्ने कार्यमा सहयोग गर्ने ।
- ✓ श्रमिकहरुलाई श्रम क्षेत्रका सम्पूर्ण ऐन कानूनहरुको जानकारी गराउन कानूनी सचेतना कार्यक्रमहरु संचालन गर्ने गराउने ।

## ७. व्यवसायजन्य स्वास्थ्य एवं स्वास्थ्य तथा वातावरण विभाग

- ✓ श्रमिकहरुको ब्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यसंग सम्बन्धित विभिन्न चेतनामूलक कार्यक्रमहरुको सञ्चालनका लागि आवश्यक कार्य योजनाको तर्जुमा गरी समितिमा पेश गर्ने ।
- ✓ श्रमिकको सुरक्षा र स्वास्थ्यसंग सम्बन्धित ऐन, कानूनको निर्माणका लागि दवावमूलक कार्यक्रम सञ्चालन गर्न आवश्यक नीतिको तर्जुमा गर्न कार्य समितिमा सिफारिस गर्ने ।
- ✓ आवश्यकता अनुसार ब्यवसायजन्य स्वास्थ्य र सुरक्षा सम्बन्धि कार्यक्रमहरु सञ्चालन गर्ने ।

## ८. सामाजिक सुरक्षा तथा श्रमिक कल्याण विभाग

- ✓ महासंघको सामाजिक सुरक्षा तथा संरक्षण सम्वन्धि अवधारणा तयार गरी कार्य समितिमा पेश गर्ने ।
- ✓ श्रमिकहरुको कल्याणका निम्ति संचालन गर्नुपर्ने कार्यक्रमहरुको बारेमा राष्ट्रिय समितिमा राय पेश गर्ने ।
- ✓ महासंघको निर्देशानुसार श्रमिक कल्याणसँग सम्वन्धित अवधारणा तयार गरी समितिमा सुझाव दिने ।

## ९. बैदेशिक रोजगार तथा रोजगार प्रवर्द्धन विभाग

- ✓ नेपालमा वेरोजगार तथा रोजगारीको खोजिमा रहेका श्रमिकहरुलाई रोजगारीमा संलग्न गराउन रोजगारी प्रवर्द्धन हुने क्षेत्रको पहिचान गरी रोजगारीका निम्ति समितिमा राय सुझाव पेश गर्ने ।

- ✓ स्वदेश तथा बिदेशमा कार्यरत श्रमिकहरुको मानव अधिकार, ट्रेड युनियन अधिकार, सामाजिक सुरक्षा र उचित पारिश्रमिक र रोजगारीको सुरक्षाका निम्ति आवश्यक गतिबिधि संचालनका निम्ति कार्ययोजना तयार गरी समितिमा पेश गर्ने ।
- ✓ वैदेशिक रोजगारमा जाने श्रमिकहरुलाई सम्वन्धित मुलुकको श्रम कानून र श्रमिक अधिकारको वारेमा चेतनामूलक कार्यक्रम, प्रशिक्षण आदिको व्यवस्था गर्ने ।
- ✓ प्रवासका श्रमिकहरुलाई संगठित गरी NTUC Support Group गठनका लागि सहयोग पुऱ्याउने ।

## १०. राजनीतिक तथा संघ संस्था समन्वय विभाग

- ✓ ट्रेड यूनियनहरु राजनीतिसँग सधै जानकार रहनु पर्ने र सधै सरोकारको विषय बनिरहने हुँदा नेपाल ट्रेड यूनियन काँग्रेसका तर्फबाट देशको राजनीतिक परिस्थितिको बारेमा मूल्याङ्कन, समिक्षा, विश्लेषण, दृष्टिकोणहरु निर्माण गर्ने ।
- ✓ श्रम क्षेत्रका विषयहरुलाई समाधान गर्न, राजनीतिक सम्बन्ध बनाई राख्न र सरकारसँग समेत सम्बन्ध बनाइराख्न पहल गर्ने ।
- ✓ श्रमिकहरुको हक र अधिकार स्थापित गराउनका लागि राज्यको नीति निर्माणको तहमा बैधानिक ढंगले श्रमिकहरुको संस्थागत सहभागिता वृद्धि गराउन पहल गर्ने ।
- ✓ नेपाली काँग्रेससँगको विशेष सम्बन्धलाई अझ बलियो बनाउन समन्वय गर्ने र नेपाली काँग्रेसको सवै संरचनामा श्रमिकको प्रतिनिधित्व गराउन विशेष पहल गर्ने ।
- ✓ समसामयिक राजनीतिका प्रति श्रमिकहरुलाई जागरुक राख्ने र सार्वजनिक महत्वका विषयहरुमा महासंघको आफ्नो धारणा सार्वजनिक गर्ने ।
- ✓ महासंघको सञ्जालभित्र अझ बैचारिक सुसंगठन र प्रजातन्त्रप्रतिको प्रतिवद्धता निर्माण गर्न सघन ढंगले प्रेरित गर्ने र बैचारिक प्रशिक्षणका कार्यक्रमहरु संचालन गर्ने ।
- ✓ देशको राजनीतिक परिस्थितिको सही मूल्याङ्कन र विश्लेषण गर्दै महासंघलाई

समय साक्षेपरुपमा गतिशिल बनाउन सहयोग गर्ने ।

- ✓ ट्रेड यूनियनहरु र राजनीतिक दलहरु बीचको सम्बन्ध असल बनाउन सरकार र राजनीतिक दलहरुसँगको राजनीतिक सम्बन्धलाई श्रमिक पक्षीय बनाउन राजनीतिक सहयोग पुऱ्याउने ।
- ✓ यस महासंघको नेतृत्वदायी भूमिकाको सफलताको लागि राजनीतिक परामर्श प्रदान गर्ने ।
- ✓ राष्ट्रियता, प्रजातन्त्र, समाजवाद, शान्ति, स्वतन्त्रता, मानव अधिकार, श्रमिक अधिकार र एकताका लागि नेपाली काँग्रेस र अन्य अन्य भातृ तथा शुभेच्छुक संघ संस्थाहरुसँग समन्वय एवं सहकार्य गर्ने ।
- ✓ श्रमिकहरुको हितका लागि गैरसरकारी संघ संस्थाहरुसँग सहकार्य गर्ने ।
- ✓ वर्गीय आवाजलाई माथी उठाउन र ट्रेड यूनियनहरुलाई पनि सामाजिक आन्दोलनमा स्थापित गर्न गैरसरकारी संस्थासँग असल सम्बन्ध बनाउने ।
- ✓ श्रमिकका पक्षमा कार्य गर्न गैरसरकारी संस्थालाई आकर्षित एवं उत्प्रेरणा जगाउन सहयोग पुऱ्याउने ।

## ११. सहकारी तथा शीप विकास विभाग

- ✓ श्रमजीवीहरुको आर्थिक जीवनस्तर उठाउन एवं सामाजिक सम्मान कायम राख्नका निम्ति प्रत्येक जिल्लामा एक श्रमिक सहकारी संस्थाको स्थापना गर्न पहल गर्ने ।
- ✓ श्रमजीवीहरुको क्षमता अभिवृद्धि गर्दै रोजगारी श्रृजना गर्नका निम्ति सीपमुलक कार्यक्रमहरु संचालन गर्ने ।
- ✓ श्रमिक हितका निम्ति सहकारिताको भावना विकास गर्न क्रियाशिल रहने
- ✓ श्रमिकहरुको चेतना, सीप, क्षमता अभिवृद्धिका लागि आवश्यक कार्य गर्ने ।

## १२. मानव तथा ट्रेड यूनियन अधिकार विभाग

- ✓ अन्तर्राष्ट्रिय श्रम संगठन (ILO) का श्रमिक सरोकारका अभिसन्धिहरुको अनुमोदन, कार्यान्वयन र पालना सम्बन्धमा आवश्यक कार्य गर्ने ।

- ✓ अन्तर्राष्ट्रिय श्रम संगठन (ILO) को संगठन स्वतन्त्रता सम्वन्धि अभिसन्धि नं. ८७ को अनुमोदनका क्रियाशिल रहने ।
- ✓ संविधानमा मौलिक हकका रुपमा रहेको श्रमिकका आधारभूत अधिकारको संरक्षणमा क्रियाशिल रहने ।
- ✓ श्रम ऐन कानूनमा उल्लेख भएका श्रमिक हक अधिकारका विषयहरुको कार्यान्वयनका लागि क्रियाशिल रहने ।
- ✓ सम्पूर्ण श्रमजीवीहरुलाई ट्रेड यूनियन अधिकार र आधारभूत ट्रेड यूनियन शिक्षा सम्बन्धि जनचेतनामुलक कार्यक्रमहरु संचालन गर्ने ।

## १३. बाल श्रम तथा वाध्यकारी श्रम विभाग

- ✓ बालबालीकाहरुलाई निकृष्ट र जोखिमपूर्ण काममा लगाउने परिपाटीको अन्त्य गरि निशुल्क शिक्षा, स्वास्थ्य र पोषणयुक्त खानाको व्यवस्था गर्ने संवैधानिक व्यवस्थाको कार्यान्वयनका लागि क्रियाशील रहने ।
- ✓ बालश्रम न्यूनिकरणका लागि क्रियाशिल रहने ।
- ✓ बाँधा श्रम र इच्छा विरुद्ध काममा नलगाउने र क्षिइ अभिसन्धि नं २९ र १०५ को पूर्ण पालनाको गराउन सरोकारवाला निकायमा खबरदारी गर्ने ।
- ✓ बालश्रम निवारण लगायतका विषयमा संचालन गर्नुपर्ने कार्यक्रम तथा अभियानका वारेमा कार्य समितिमा सुझाव पेश गर्ने ।

# नेपाल ट्रेड यूनियन काँग्रेस

## संघीय यूनियन परिषद (**Nepal Trade Union Congress,Sectorial Unions' Council**) को कार्यविधि-२०७५

## १. संक्षिप्त नाम र प्रारम्भ

१.१ यस कार्यविधिको नामू नेपाल ट्रेड यूनियन काँग्रेस संघीय यूनियन परिषद (NepalTrade Union Congress Sectorial Unions' Council) को कार्यविधि २०७५ रहने छ ।

१.२ यसलाई अंग्रेजीमा Nepal Trade Unions Congress Sectorial Unions' Council भनिने छ ।

१.३ यो कार्यविधि नेपाल ट्रेड यूनियन काँग्रेसको राष्ट्रिय समितिको बैठकबाट पारित भएको मिति देखि लागु हुनेछ ।

## २. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

२.१ **"परिषद"** भन्नाले नेपाल ट्रेड यूनियन काँग्रेसको विधान २०६४ (संशोधित २०७३) को परिच्छेद ४ को दफा ७ को उपदफा ७.४ र अनुसूची-५ बमोजिम गठित संघीय यूनियन परिषदलाई जनाउने छ ।

२.२ **"पदाधिकारी"** भन्नाले अनुसूचि ५ बमोजिमको पदाधिकारीलाई जनाउने छ ।

२.३ **"कार्यविधि"** भन्नाले नेपाल ट्रेड यूनियन काँग्रेसको विधान २०६४ (संशोधित २०७३) को परिच्छेद ४ को दफा ७ को उपदफा ७.४ र अनुसूची- ५ बमोजिम गठित संघीय यूनियन परिषदको कार्यविधिलाई जनाउने छ ।

## ३. उद्देश्य

३.१ श्रम वजारको कार्य प्रकृति अनुसार अन्तर्राष्ट्रिय ट्रेड यूनियन संघहरुको संरचना संग मेलखाने गरी आवद्ध राष्ट्रिय संघहरुको संरचनालाई एकिकृत गर्दै लैजाने ।

३.२ वर्तमान आवद्ध संघहरुको सुदृढिकरण तथा समानकार्य प्रकृतिकाश्रम बजारमा क्रियाशिल असंगठित श्रमिकहरुलाई संगठित गर्न क्रियाशिल रहने ।

३.३ सम्वन्धित क्षेत्रका श्रमिकहरुको क्षमता अभिवृद्धिका लागि तालिम, सेमीनार तथा गोष्ठीहरुको संचालन गर्ने ।

३.४ सम्वन्धित क्षेत्रका युवा तथा महिलाहरुको नेतृत्व विकास र नीति निर्माणमा उनीहरुको पहुँच र सहभागिता वृद्धिका लागि प्रयत्नशिल रहने ।

३.५ औद्योगिक समुहमा सामुहिक सौदावाजीको प्रक्रियालाई प्रभावशाली बनाउन सक्रिय रहने ।

३.६ मर्यादित कामको सुनिश्चितताका लागि प्रयत्नशिल रहने ।

३.७ विषयगत क्षेत्र संग सम्वन्धित अर्न्तराष्ट्रिय अभिसन्धि, सिफारिस र घोषणाहरुको कार्यान्वयनका लागि क्रियाशिल रहने ।

३.८ अनौपचारिक क्षेत्र लगायतका अन्तर्राष्ट्रिय श्रम संगठनबाट पारित अभिसन्धिहरुको अनुमोदनका लागि पहल गर्ने ।

## ४. परिषदको गठन

४.१ नेपाल ट्रेड यूनियन काँग्रेसको विधान २०६४ (संशोधित २०७३) को अनुसूची-५ बमोजिमनिम्नअनुसारको ट्रेड यूनियन परिषदको गठन गरिने छ ।

**(क) सेवा क्षेत्र संघीय ट्रेड यूनियन परिषद Service Sector Trade Unions' Council**

- नेपाल शिक्षक संघ
- नेपाल सार्वजनिक सेवाकर्मचारी संघ
- नेपाल वित्तीय संस्था कर्मचारी संघ
- नेपाल स्वास्थ्यकर्मी संघ
- नेपाल पर्यटन तथा होटेल सम्वद्ध श्रमिक संघ
- नेपाल प्रेश यूनियन
- नेपाल साँस्कृतिक तथा कलाकर्मी संघ
- नेपाल राष्ट्रिय सुरक्षागार्ड श्रमिक संघ
- स्थानियतह कर्मचारी यूनियन

(ख) **उत्पादन क्षेत्र ट्रेड यूनियन परिषद Production Sector Trade Unions' Council**

- नेपाल कारखाना श्रमिक संघ
- नेपाल गलैचा श्रमिक संघ
- नेपाल गार्मेन्ट मजदूर संघ
- नेपाल चिया वगान श्रमिक संघ
- नेपाल छापाखाना तथा सम्वद्ध श्रमिक संघ

(ग) **अनौपचारिक क्षेत्र ट्रेड यूनियन परिषद Informal Sector Trade Unions' Council**

- नेपाल भन्सार तथा विमानस्थल सम्वद्ध श्रमिक संघ
- नेपाल कृषि श्रमिक संघ
- नेपाल भारवाहक मजदूर संघ
- नेपाल गृह श्रमिक संघ
- नेपाल व्युटिसियन संघ
- नेपाल नाई संघ
- नेपाल रिक्शा तथा ठेला श्रमिक संघ
- नेपाल निर्माण तथा सम्वद्ध श्रमिक संघ
- नेपाल यातायात मजदूर संघ
- नेपाल इम्ब्रोडरी, हेण्डीक्राफ्ट तथा सिलाई बुनाई श्रमिक संघ
- नेपाल चलचित्र श्रमिक संघ
- नेपाल व्यापार तथा सम्वद्ध श्रमिक संघ

## ५. परिषद समितिको गठन प्रक्रिया

**५.१ परिषद समितिको गठन देहायबमोजिमहुने छ ।**

- संयोजक- नेपाल ट्रेड यूनियन काँग्रेसको राष्ट्रिय महाधिवेशनबाट

निर्वाचित सम्वन्धित सेक्टरका उपाध्यक्ष

- सह संयोजक- नेपाल ट्रेड यूनियन काँग्रेसको राष्ट्रिय महाधिवेशनबाट निर्वाचित सम्वन्धित सेक्टरका उप महासचिव
- सचिव-नेपाल ट्रेड यूनियन काँग्रेसको राष्ट्रिय महाधिवेशनबाट निर्वाचित सम्वन्धित क्षेत्रका सदस्यहरु मध्ये परिषद (Council) को कार्य समितिबाट मनोनित ।
- सदस्यहरु - नेपाल ट्रेड यूनियन काँग्रेसको राष्ट्रिय महाधिवेशनबाट निर्वाचित सम्वन्धित सेक्टरका सदस्यहरु
- पदेन सदस्यहरु - सम्वन्धित क्षेत्रका आवद्ध संघका राष्ट्रिय अध्यक्षहरु
- आवश्यकता अनुसार सम्वन्धित क्षेत्रबाट निर्वाचित वा मनोनित पदाधिकारी वा सदस्यहरुलाई आमन्त्रित गर्न सकिनेछ ।

## ६. परिषदको काम, कर्तव्य र अधिकार

- राष्ट्रिय समितिबाट परिषद (Council) मार्फत कार्यान्वयन गर्ने गरी भएका नीति तथा कार्यक्रम सम्वन्धि निर्णयहरुको कार्यान्वयन गर्ने, गराउने ।
- सम्वन्धित क्षेत्रका ट्रेड यूनियनहरुको विकास, विस्तार र सुदृढिकरणका लागि आवश्यक नीति कार्यक्रमको तर्जुमा गरी राष्ट्रिय समितिको बैठकमा पेश गर्ने ।
- सम्वन्धित क्षेत्र भित्र संगठित नभएका श्रमिकहरुको पहिचान गरी संगठन विस्तारका कार्यक्रम अगाडि बढाउन राष्ट्रिय समितिमा प्रस्ताव पेश गर्ने ।
- परिषद बैठकको आयोजना गर्ने ।
- राष्ट्रिय समितिले तोके बमोजिमको ढाँचामा साधारण सदस्यहरुको अभिलेख अध्यावधिक राख्ने ।
- युवा तथा महिलाहरुको नेतृत्व विकास तथा क्षमता अभिवृद्धि सम्वन्धि कार्यक्रममा विशेष जोड दिने ।
- सम्वन्धित क्षेत्रका ट्रेड यूनियनहरु भित्र देखा पर्ने श्रम विवाद र सामुहिक

सौदावाजीको प्रक्रियामा सहयोग पुऱ्याउने ।

- सुमधुर औद्योगिक सम्वन्ध विकासका लागि सामाजिक संवादका कार्यक्रम संचालन गर्ने ।
- सम्वन्धित क्षेत्रको श्रम बजारका सम्वन्धमा अध्ययन अनुसन्धान गर्ने, गराउने ।

## ७. बैठक

- परिषद (Council) को बैठक कम्तिमा २ महिनामा १ पटक वस्नेछ ।

## ८. आर्थिक व्यवस्था

- सदस्यता शुल्क वापत उठेको रकम मध्ये केन्द्रमा प्राप्त रकमको २०% परिषद (Council) को सांगठनिक गतिविधिका लागि विनियोजन गरिने छ । परिषदका लागि विनियोजित रकम राष्ट्रिय समितिबाट स्वीकृत नीति तथा कार्यक्रममा महासंघको आर्थिक विनियमको अधिनमा रहिखर्च गर्नु पर्नेछ ।
- परिषद (Council) को कोष बृद्धिका लागि विभिन्न आर्थिक कार्यक्रम र नीति बनाउन सक्नेछ तर सो को स्वीकृती राष्ट्रिय समितिसंग लिनु पर्नेछ ।

## ९. अन्य प्रावधानहरू

- यो कार्यविधि नेपाल ट्रेड यूनियन काँग्रेसको विधान २०६४ (संशोधित २०७३) को परिच्छेद १२ को दफा ३० ले दिएको अधिकार प्रयोग गरी तयार गरिएको छ । नेपाल ट्रेड यूनियन काँग्रेसको राष्ट्रिय समितिको बैठकले पारित गरेको मिति देखि लागु हुने छ ।
- कार्यविधिमा समय सापेक्ष संशोधनगर्नु पर्ने आवश्यकता महशुस भएमा परिषद (Council) को सिफारिशमा नेपाल ट्रेड यूनियन काँग्रेसको राष्ट्रिय समिति बैठकको दुई तिहाई बहुमतले संशोधन गरी लागु गरिने छ ।

# नेपाल ट्रेड यूनियन काँग्रेस

## एन टि यू सि सपोर्ट ग्रुप (NTUC Support Group) गठन निर्देशिका २०७६

नेपाल ट्रेड यूनियन काँग्रेसको विधान –२०६४ (संशोधन २०६८, २०७० र २०७३) को दफा ३० ले दिएको अधिकार प्रयोग गरी नेपाल ट्रेड यूनियन काँग्रेसको मूल्य, मान्यता र आदर्शलाई आत्मसात गर्ने आप्रवासनमा रहेका नेपाली श्रमिकहरुलाई संगठित गर्दै उनीहरुको पेशागत एवं वर्गीय सुरक्षा र अधिकार संरक्षणमा क्रियाशिल रहने उद्देश्यले एन टि यू सि सपोर्ट ग्रुप NTUC Support Group गठन सम्बन्धि निर्देशिका जारी गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : यस निर्देशिकाको नाम नेपाल ट्रेड यूनियन काँग्रेस एन टि यू सि सपोर्ट ग्रुप NTUC Support Group गठन सम्बन्धि निर्देशिका २०७६ रहेको छ ।

२. यो निर्देशिका नेपाल ट्रेड यूनियन काँग्रेसको राष्ट्रिय समितिको बैठकबाट पारित भएको मिति देखि लागू हुनेछ ।

३. **परिभाषा**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा -

(क) **“आप्रवासी श्रमिक”** भन्नाले वैदेशिक रोजगारीमा रहेका नेपाली श्रमिकहरुलाई जनाउने छ ।

(ख) **“एन टि यू सि सपोर्ट ग्रुप NTUC Support Group”** भन्नाले नेपाल ट्रेड यूनियन काँग्रेस एन टि यू सि सपोर्ट ग्रुप गठन निर्देशिका बमोजिम गठित समितिलाई सम्झनु पर्दछ ।

(ग) **“महासंघ”** भन्नाले नेपाल ट्रेड यूनियन काँग्रेसलाई जनाउने छ ।

(ग) **“अध्यक्ष”** भन्नाले नेपाल ट्रेड यूनियन काँग्रेस एन टि यू सि सपोर्ट ग्रुप गठन निर्देशिका बमोजिम गठित समितिको अध्यक्षलाई सम्झनु पर्दछ ।

(घ) **“पदाधिकारी”** भन्नाले नेपाल ट्रेड यूनियन काँग्रेस एन टि यू सि सपोर्ट ग्रुप गठन निर्देशिका बमोजिम गठित समितिका पदाधिकारीलाई सम्झनु पर्दछ ।

(ङ) **“सदस्य”** भन्नाले नेपाल ट्रेड यूनियन काँग्रेस एन टि यू सि सपोर्ट ग्रुप गठन निर्देशिका बमोजिम गठित समितिका सदस्यलाई सम्झनु पर्दछ ।

(च) **“समिति”** भन्नाले नेपाल ट्रेड यूनियन काँग्रेस एन टि यू सि सपोर्ट ग्रुप गठन निर्देशिका बमोजिम गठित समितिलाई जनाउने छ ।

## ४. उद्देश्य:

४.१ वैदेशिक रोजगारमा रहेका श्रमिकहरुलाई संगठित गरी उनीहरुको अधिकार स्थापित गर्न प्रयत्नशील रहने ।

४.२ गन्तव्य मुलुकका नेपाली आप्रवासी श्रमिकहरुको सुरक्षा र मर्यादित कामको सुनिश्चितताका लागि सम्बन्धित निकाय संग वार्ता, पहल र आवश्यकतानुसार दवाव दिने ।

४.३ आप्रवासीश्रमिकहरुको समस्याको पहिचान र समाधानार्थ क्रियाशील रहने ।

४.४ गन्तव्य मुलुकमा क्रियाशील रहेका समान लक्ष्य र सिद्धान्तका ट्रेड यूनियन र अन्तर्राष्ट्रिय संघ संस्थासंग आप्रवासी श्रमिकहरुको हितका निम्ति आपसी सहयोगको परिचालन र सहयोग आदान प्रदान गर्ने गराउने ।

४.५ आप्रवासी श्रमिकहरुको वृत्ति विकासका निम्ति तालीम, सेमीनार, गोष्ठी लगायतका चेतनामूलक कार्यक्रमहरुको संचालन र सहभागिता गर्ने गराउने ।

४.६ अन्तर्राष्ट्रिय श्रम मापदण्डहरुको कार्यान्वयन र मर्यादित कामको सुनिश्चितताका लागि क्रियाशील रहने ।

४.७ वैदेशिक रोजगारसंग सम्बन्धित उपयुक्त नीति, कानून र संझौता तर्जुमाका लागि नेपाल ट्रेड यूनियन काँग्रेसलाई सुझाव दिने ।

## ५. स्थापना र कार्यालय

(क) नेपाल ट्रेड यूनियन काँग्रेस एन टि यू सि सपोर्ट ग्रुप नामको समिति गठन हुनेछ ।

(ख) समितिको कार्यालय सम्बन्धित मुलुक र समितिको कार्य क्षेत्र भित्र समितिले तोकेको स्थानमा रहने छ ।

## ६. सदस्यता र शुल्क

(क) नेपाल ट्रेड यूनियन काँग्रेसको विधान २०६४ (संशोधित २०६८, २०७० र २०७३) लाई स्वीकार गरी वैदेशिक रोजगारीमा रहेका आप्रवासी नेपाली श्रमिकहरु यस समितिकोसाधारण सदस्य हुन सक्ने छन ।

(ख) यस समिति अन्तरगतका साधारण सदस्यहरुले वार्षिक रुपमा देहाय बमोजिमको सदस्यता शुल्क बुझाउनु पर्नेछ ।

- दक्षिण एसियाली मुलुक भित्र गठन हुने एन टि यू सि सपोर्ट ग्रुपका सदस्यहरुले वार्षिकरुपमा नेपलाी मुद्राको ५००।– बराबर सदस्यता शुल्क समितिलाई बुझाउनु पर्नेछ ।
- दक्षिण एसियाली मुलुक वाहेक अन्य मुलुकमा गठन हुने एन टि यू सि सपोर्ट ग्रुपका सदस्यहरुले वार्षिकरुपमा अमेरिकन डलर $ १२ बराबर सदस्यता शुल्क समितिलाई वुझाउनु पर्नेछ ।
- यस निर्देशिका बमोजिम गठन हुने एन टि यू सि सपोर्ट ग्रुप समितिले प्रति सदस्य शुल्क वापत माथि उल्लेखित सदस्यता शुल्कको २५ प्रतिशत वार्षिकरुपमा नेपाल ट्रेड यूनियन काँग्रेसलाई बुझाउनु पर्नेछ ।

७. **अधिवेशन**: नेपाल ट्रेड यूनियन काँग्रेस एन टि यू सि सपोर्ट ग्रुप समितिको निर्वाचन निर्देशिका बमोजिम हुनेछ ।

८. **पदावधि**: नेपाल ट्रेड यूनियन काँग्रेस एन टि यू सि सपोर्ट ग्रुप समितिको कार्यकाल ४ वर्षको हुनेछ ।

## ९. समितिको गठन

(क) नेपाल ट्रेड यूनियन काँग्रेस एन टि यू सि सपोर्ट ग्रुप समितिका साधारण सदस्यहरु मध्येबाट देहाय अनुसारको समिति गठन हुनेछ ।

| | |
|---|---|
| अध्यक्ष – | १ |
| उपाध्यक्ष– | २ (महिला १) |
| सचिव– | १ |
| सह सचिव– | १ |
| कोषाध्यक्ष– | १ |
| सदस्य – | ९ (महिला २) |

**१०.** नेपाल ट्रेड यूनियन काँग्रेस एन टि यू सि सपोर्ट ग्रुप समितिको काम, कर्तव्य र अधिकार देहाय अनुसारको हुनेछ ।

(क) नेपाल ट्रेड यूनियन काँग्रेसले आप्रवासी श्रमिक सम्बन्धि तय गरेका नीति तथा कार्यक्रमहरुको कार्यान्वयन गर्ने ।

(ख) वैदेशिक रोजगारमा रहेका श्रमिकहरुलाई संगठित गर्ने ।

(ग) अधिवेशन, सम्मेलन र वैठकको आयोजना गर्ने ।

(घ) महासंघको निर्देशन बमोजिमको ढाँचामा साधारण सदस्यहरुको अभिलेख अध्यावधिक राख्ने ।

(ङ) महासंघको निर्देशनको अधीनमा रही कोष अभिवृद्धिका लागि आर्थिक कार्यक्रम संचालन गर्ने ।

(च) आप्रवासी श्रमिकहरुको ज्ञान, सिप र चेतना अभिवृद्धिका लागि दीर्घकालिन र अल्पकालीन शैक्षिक कार्यक्रमहरु संचालन गर्ने ।

(छ) व्यक्तिगत वा सामुहिक सौदावाजी गर्नु पर्दा आवश्यकता हेरी वार्ताकारको व्यवस्था गर्ने ।

(ज) समितिका लागि आवश्यक कार्यविधिको निर्धारण गर्ने ।

(झ) लेखा परिक्षण प्रतिवेदन समितिको अधिवेशन, सम्मेलन र बैठकमा पेश गर्ने ।

(ञ) अध्यक्षको राजीनामा स्वीकृत गर्ने ।

(ट) आप्रवासी श्रमिकहरुको हितका निम्ति आवस्यक सुझावहरु महासंघलाई अवगत गराउने ।

(ठ) महासंघको निर्णय बमोजिम महासंघको महाधिवेशन, सम्मेलन, परिषदमा समितिको तर्फबाट प्रतिनिधित्व गराउने ।

(ड) आवश्यकता अनुसार शाखा समिति, विभाग र कर्मचारीको व्यवस्था गर्ने ।

(ढ) समितिको नीति निर्देशन विपरित कार्य गर्ने सदस्यहरुलाई अनुशासनको कार्यवाही गर्ने ।

(ण) नेपाल ट्रेड यूनियन काँग्रेस राष्ट्रिय समिति संग नियमित सम्पर्कमा रही

यस महासंघको नीति र कार्यक्रम अर्न्तगत रही कार्यक्रम संचालन गर्ने ।

## १०. पदाधिकारी तथा सदस्यको लागि योग्यता

(क) नेपाल ट्रेड यूनियन काँग्रेस एन टि यू सि सपोर्ट ग्रुप समितिको सदस्य रहेको एवं नविकरण भएको हुनु पर्ने ।

(ख) नेपाली नागरिक हुनु पर्ने ।

## ११. समितिका पदाधिकारीको काम, कर्तव्य र अधिकार

**११.१ अध्यक्षको काम, कर्तव्य र अधिकारः**

(क) समितिको सम्पूर्ण कार्यको रेखदेख गर्ने ।

(ख) समितिको सम्बन्धित अधिवेशन, वैठकको अध्यक्षता गर्ने ।

(ग) मत बराबर भएमा निर्णायक मत दिने ।

(घ) समितिले गरेका निर्णयहरुको कार्यान्वयन गर्ने गराउने ।

(ङ) सम्बन्धित पदाधिकारीहरुको राजिनामा स्वीकृत गर्ने ।

(च) आवश्यक देखेमा मिति, स्थान र समय तोकी सचिव मार्फत वैठक बोलाउने ।

(ञ) समितिले संचालन गरेका योजना तथा कार्यक्रमहरुको सुपरिवेक्षण, मूल्याकंन तथा रेखदेख गर्ने ।

**११.२ उपाध्यक्षको काम, कर्तव्य र अधिकारः**

(क) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने सवै कार्यहरु गर्ने ।

(ख) अध्यक्षको कार्यमा आवश्यक सहयोग पुऱ्याउने ।

(ग) समितिको उद्देश्य प्राप्तिका लागि आवश्यक कार्य गर्ने ।

**११.३ महिला उपाध्यक्षको काम, कर्तव्य र अधिकारः**

(क) आप्रवासी महिला श्रमिकहरुलाई संगठित गर्ने ।

(ख) महिला श्रमिकहरुको समस्या पहिचान र समाधानार्थ क्रियाशील रहने ।

(ग) महिला श्रमिक सम्बन्धि अन्तर्राष्ट्रय श्रम मापदण्डहरुको कार्यान्वयनका

लागि पहल गर्ने ।

(घ) महिला श्रमिकहरुको ज्ञान, शिप र चेतना अभिवृद्धिका कार्यक्रमहरु संचालन गर्ने ।

**११.४ सचिवको काम, कर्तव्य र अधिकार:**

(क) समितिको कार्य सुचारुरुपले संचालन गर्ने ।

(ख) अध्यक्षको सल्लाहमा वैठक वोलाउने, निर्णय पुस्तिका राख्ने ।

(ग) समितिका निर्णय, कार्य योजनाहरुको कार्यान्वयन गर्ने गराउने ।

(घ) समितिले संचालन गरेका योजना तथा कार्यक्रमहरुको मूल्याकंन तथा सुपरिवेक्षण गरी कार्य समितिलाई जानकारी गराउने ।

(ङ) सदस्यहरुको अभिलेख अध्यावधिक राख्ने व्यवस्था मिलाउने ।

**११.५ सह सचिवको काम, कर्तव्य र अधिकार:**

(क) सचिवको कार्यमा सहयोग गर्ने ।

(ख) सचिवको अनुपस्थितिमा निजले गर्दै आएका कार्यहरु गर्ने ।

(ग) समितिको उद्देश्य प्राप्तिका लागि अन्य कार्यहरु गर्ने ।

**११.६ कोषाध्यक्षको काम, कर्तव्य र अधिकार:**

(क) समितिको आर्थिक कारोवार, भौतिक सम्पत्तिको रेखदेख, नियन्त्रण र वन्दोवस्त गर्ने ।

(ख) समितिको वार्षिक वजेट तर्जुमा गर्ने, स्वीकृतिका लागि समितिको वैठक, अधिवेशनमा पेश गर्ने ।

(ग) समितिको आर्थिक सुदृढिकरणका लागि कार्य योजना बनाउने ।

(घ) समितिको आर्थिक कारोवारको लेखा परिक्षण गराउने ।

(ङ) समितिले तोकेका अन्य कार्यहरु गर्ने ।

**११.७ सदस्यहरुको काम, कर्तव्य र अधिकार:**

(क) समितिको वैठकमा नियमितरुपमा भाग लिने ।

(ख) समितिको निर्णय कार्यान्वयन गर्न निरन्तर सक्रिय रहने ।

(ग) सांगठनिक सुदृढिकरणका लागि समितिले तोकेका अन्य कार्यहरु गर्ने ।

## १२. समितिको कोषको व्यवस्था र संचालन

१२.१ समितिको एउटा छुट्टै कोष रहनेछ जस्मा देहाय बमोजिमको रकम रहने छ ।

(क) सदस्यता शुल्क वापत प्राप्त रकम ।

(ख) अन्य संघ संस्थाबाट प्राप्त अनुदान वा सहयोग रकम ।

(ग) विभिन्न कार्यक्रम संचालन गर्दा प्राप्त भएको रकम ।

१२.२ सम्बन्धित मुलुकको नियम भित्र रही समितिको बैंक खाता खोलिने छ ।

१२.३ अध्यक्ष वा सचिव मध्ये एक र कोषाध्यक्षको अनिवार्य हस्ताक्षर रहने गरी संयूक्त हस्ताक्षरबाट खाता संचालन गरिने छ ।

१२.४ समितिको आर्थिक कारोवार दोहोरो लेखा प्रणाली बमोजिम हुनेछ ।

१२.५ प्रत्येक वर्ष आर्थिक कारोवारको लेखापरीक्षण गराई त्यसको प्रतिवेदन सम्बन्धित समितिको अधिवेशन, बैठकमा पेश गर्नु पर्नेछ ।

**१३. बैठक** : कार्य समितिको वैठक कम्तिमा ३ महिनामा एक पटक वस्नेछ ।

**१४. राजिनामा**: समितिका पदाधिकारी एवं सदस्यहरुले सम्बन्धित अध्यक्ष समक्ष र अध्यक्षले समितिका उपाध्यक्ष समक्ष राजिनामा दिन सक्नेछन ।

**१५.** गन्तव्य मुलुलकमा एन टि यू सि सपोर्ट ग्रुपको एउटा केन्द्रीय समिति गठन हुनेछ । उक्त मुलुकमा रहेको नेपाली श्रमिकहरुको घनत्व र आवश्यकतालाई हेरी समितिको निर्णय र महासंघको स्वीकृतिमा थप शाखा समितिहरुको विस्तार गर्न सकिने छ ।

**१६.** नेपाल ट्रेड यूयिन काँग्रेस एन टि यू सि सर्पोट ग्रुपको उद्देश्य पूर्तिमा सहयोग पुऱ्याउन बढिमा ५ जना सम्मको सल्लाहकार समितिको गठन हुनेछ ।

**१७.** नेपाल ट्रेड यूनियन काँग्रेसको झण्डाको सेतो भागको विचमा एन टि यू सि सर्पोट ग्रुपको प्रतिक चिन्ह रहेको झण्डा रहनेछ ।

**१८.** नेपाल ट्रेड यूनियन काँग्रेसको विधानको अनुसूची २ बमोजिमको प्रतिक चिन्हको

वाहिरी घेरामा NTUC Support Grou उलेखिएको प्रतिक चिन्ह हुनेछ ।

**१९. पदको रिक्तता र पूर्ति सम्वन्धमाः** यस समितिको कार्यकाल बाँकि रहँदै कुनै पद विभिन्न कारणले रिक्त हुन पुगेमा समितिको दुई तिहाई बहुमतको निर्णयबाट पूर्ति गर्न सकिने छ । सो को जानकारी नेपाल ट्रेड यूनियन काँग्रेसलाई गराउनु पर्नेछ ।

**२०** वैदेशिक रोजगारीमा रहेका आप्रवासी नेपाली श्रमिकहरुलाई स्वदेशमा रहदा आई पर्ने समस्या समाधानार्थ आवस्यक पहल गर्न यस महासंघबाट गठित वैदेशिक रोजगार तथा रोजगार प्रवर्द्धन विभागलाई सक्रिय बनाईने छ ।

**२१.** यस निर्देशिकामा स्पष्टता भएमा निर्देशिका संशोधन नभए सम्म राष्ट्रिय समितिले गरेको निर्णय अन्तिम तथा मान्य हुनेछ ।

**२२.** यो निर्देशिकामा समावेश नभएका विषयहरु नेपाल ट्रेड यूनियन काँग्रेसको निर्णय र लिखित निर्देशन बमोजिम हुनेछ ।

# नेपाल ट्रेड युनियन काँग्रेस

## आचार संहिता

## २०७५

# १. पृष्ठभुमि

नेपाल ट्रेड युनियन काँग्रेसले आजका दिनसम्म जे जस्ता लिखित अलिखित अनुशासनात्मक आचार संहितालाई निरन्तरता दियो । त्यसलाई आत्मसाथ गर्दै आजको परिवर्तित विश्व परिवेशमा सूचना, प्रविधि र संचारकको सहज पहुँचलाई प्रयोग गर्दा यस संगठलाई अनुशासनात्मक र मार्यादित बनाउँदै लग्नका लागि यो आचार संहिता निर्माण गरिएको छ । यस आचार संहितालाई यस संघका सम्पूर्ण जिम्मेवार सदस्यहरुले सम्मानपूर्वक ग्रहण गरी आफ्नो कार्य क्षेत्रमा पूर्णरुपमा लागू गर्नु हुने विश्वासका साथ यो आचार संहिता २०७५ जारी गरिएको छ ।

१) आफ्नो संस्थाको बैठक, सभा तथा सम्मेलनहरुमा आफुभन्दा उच्च पदाधिकारीहरुलाई आदार सम्मान गरी सम्बोधन गर्ने गर्न लगाउने ।

२) लैगिंक हिन्साजन्य संकेत वा क्रियाकलाप कुनै पनि बैठक सभा । सम्मेलनर कार्यालय परिसर एंव प्रसार माध्यामबाट गर्न पाइने छैन यदि त्यस्ता क्रियाकलाप भएमा संजायको भागिदार हुनु पर्नेछ ।

३) पदाधिकारीहरुले बाल श्रम प्रयोग नगर्ने र बाल श्रम प्रयोग गर्ने विषयलाई सार्वजनिक रुपमा नै निरुत्साहि गर्ने तथा गर्न लागउने ।

**१) कार्यालयको सम्पत्तिको सुरक्षा व्यवस्था :**

क) सबै पदाधिकारी, सदस्यहरु तथा कर्मचारीहरुले कार्यस्थलको भौतिक वा अभौतिक सामग्रीहरुको सुरक्षा गर्नु कर्तव्य भएकोले कार्यालयको सामाग्रीको दुरुपयोग तथा जथाभावी प्रयोग गर्न पाइने छैन् ।

ख) कार्यालयबाट बाहिर जाँदा वा कार्यालय समयमा आफुले कामको लागि प्रयोग गरेको कम्प्यूटर, प्रिन्टर, पंखा, हिटर आदि विद्युत्रिय यन्त्र, उपकरणलाई अनिवार्य रुपमा वन्द गरेको छ, छैन चेक जाँच गरी आफैले वन्द गरेर मात्र कार्यालय छोड्नु पर्ने छ । यसबाट हुनसक्ने आगलागी, विद्युत्तिय जोखिम, हानी नोक्सानी र कार्यालयको खर्च लागत न्यून गर्न सचेत रहने ।

ग) कार्यालयको लोगो, झण्डा, सुचना, प्रतिवेदन आदिलाई सम्मान गर्ने र पदाधिकारी तथा कर्मचारीहरुले कार्यालयको कामको प्रयोजन वाहेक व्यक्तिगत वा व्यापारिक लाभ वा प्रायोजनको लागि प्रयोग गर्न पाइने छैन् ।

## २ इन्टरनेट तथा सामाजिक संजालको प्रयोग सम्बन्धि आचरण

- ✓ कार्यालयको इन्टरनेट इमेलबाट कुनै पनि गोप्य सुचना अनाधिकृत व्यक्ती, संघ संस्थालाई पठाउन वा बाहिरबाट मगाउन पाइने छैन् ।
- ✓ भेदभाव रुपमा होच्याउने शव्द वा व्यक्तिको प्रतिष्ठामा आँच पुग्ने गाली, वेइज्जततीपूर्णसन्देश आफ्नो सामाजिक संजालहरुमा राख्ने वा अरुले यस्तो काम गरेकोमा प्रोत्साहन गर्ने, कमेन्ट गर्न र शेयर गर्न पाइने छैन् ।
- ✓ व्यक्तिगत सामाजिक संजालको कार्यस्थलमा प्रयोग गर्दा उच्च अनुशासन कायम राख्ने ।
- ✓ अन्य व्यक्तिको अधिकार क्षेत्र वाहकमा रहेको वौद्धिक सम्पत्ति सम्बन्धि वा गोप्य सुचनाहरु सामाजिक संजाल वा इमेल मार्फत गर्न पाइने छैन् ।

## ३. कार्यालय सरसफाई सम्बन्धि दायित्व

- ✓ आफ्नो कार्यकक्ष लगायत भवन, कम्पाउन्डलाई सफा राख्न सवैको दायित्व हुनेछ र कार्यस्थलको सफाई स्वस्थ्य वातावरण कायम राख्न विशेष ध्यान दिनु पर्नेछ ।
- ✓ कार्यालय हाता, कार्यकक्षमा जभावी कागज वा अन्य वस्तु फाल्न पाइने छैन् ।
- ✓ शौचालयको प्रयोग गरेपछि शौचालय सफा सुग्घर राख्न प्रयोगकर्ताले विशेष ध्यानदिनु पर्नेछ ।
- ✓ आफुले काम गर्ने स्थानको सर-सफाई गर्ने, गराउने जिम्मेवारी सम्बन्धित कार्यकक्षको जिम्मेवार पदाधिकारी वा कर्मचारी स्यंमको हुनेछ ।
- ✓ कार्यालय परिसर पूर्णत : धुम्रपान निषेध क्षेत्र हो । कार्यालयमा पान, सुर्तीजन्य पदार्थ खाएर कार्यालय परिसर भऱ्याङ्ग, झ्याल ढोकाबाट थुक्न वा शौचालयको बेसिन वा भित्ताहरुमा फोहर गर्न र थुक्न पाइने छैन । यदि यसो गरेको पाइएमा सजायको भागिदार हुनेछ ।

**४.** सबै नेतृत्व वर्ग तथा कर्मचारी वीच खुल्ला संचारको वातावरण कायम राख्नु पर्नेछ ।

**५.** कर्मचारीहरुले आफ्नो सहकर्मीवीच एक आपसमा आदरभाव, मेलमिलाप र भाइचाराको सम्बन्ध कायम राख्नु पर्नेछ । कार्यस्थलमा सहकर्मी काममा वाधा

नपुऱ्याउन र आवश्यक पर्दा सहयोगी भावनाले काम गर्नु पर्दछ ।

## ६. कार्यक्र तथा सभा सम्मेलन सम्बन्धि

आन्तरिक तथा बाह्य संघ संस्थाहरुले आतिथ्य वा सहभागिताको लागि आमन्त्रण गरिएमा महासंघबाट आधिकारीक रुपमा प्रतिनिधित्व गर्न पठाएका पदाधिकारी बाहेक अन्य पदाधिकारी तथा सदस्यहरु सहभागी हुन पाइने छैन् ।

# नेपाल ट्रेड यूनियन काँग्रेस

# अनुशासन समितिको विनियम

नेपाल ट्रेड यूनियन काँग्रेसका पदाधिकारी, सदस्य एवं आबद्ध संघ र सो का सदस्यहरुलाई समेत मर्यादित, अनुशासित तथा क्रियाशिल तुल्याई महासंघको उद्देश्य र लक्ष्य प्राप्तीमा क्रियाशिल गराउन वान्छनीय भएकोले नेपाल ट्रेड यूनियन काँग्रेसको विधान २०६४ (संशोधन तथा परिमार्जन २०६८, २०७० र २०७३) परिच्छेद १२ को दफा ३८ अनुसार यस समितिको विनियम तयार गरी राष्ट्रिय समितिले पारित गरेको मिति देखि लागु हुने गरी यो विनियम तयार गरिएको छ ।

## १. विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विनियममा

क) **"समिति"** भन्नाले विधानको धारा ३८ बमोजिम गठित अनुशासन समितिलाई सम्झनुपर्दछ ।

ख) **"संघ"** भन्नाले नेपाल ट्रेड यूनियन काँग्रेसको विधान बमोजिम आवद्धता दिएको संघलाई सम्झनुपर्दछ ।

ग) **"पदाधिकारी"** भन्नाले नेपाल ट्रेड यूनियन काँग्रेसको केन्द्रीय, प्रदेश, आवद्ध संघ, महिला तथा युवा समितिका पदाधिकारी समेतलाई सम्झनुपर्दछ ।

घ) **"सदस्य"** भन्नाले आवद्ध संघहरुले दिएको साधारण सदस्यहरु र NTUC को विधान बमोजिम प्रदान गरिएको सदस्यहरुलाई समेत सम्झनुपर्दछ ।

ङ) **"उजुरी"** भन्नाले यस विनियमको कार्यान्वयनका लागि कुनै सदस्य, आवद्ध राष्ट्रिय संघ, प्रदेश समिति महिला तथा युवा समिति वा NTUC को तर्फबाट परेको निवेदनलाई सम्झनुपर्दछ ।

च) **"निर्णय"** भन्नाले यस विनियम बमोजिम परेको उजुरीमा यस समितिले गरेको निर्णयलाई सम्झनुपर्दछ ।

## २. काम, कर्तव्य र अधिकार

क) यस समितिको काम देहाय बमोजिम हुनेछ ।

२.१ नेपाल ट्रेड यूनियन काँग्रेसको विधान बमोजिम कुनैपनि सदस्य, आवद्ध राष्ट्रिय संघ, प्रदेश, महिला तथा युवा समितिबाट आएको उजुरी NTUC को रजिष्टरमा दर्ता गर्ने ।

२.२ आएको उजुरी उपर NTUC को विधान बमोजिम निर्णय गर्ने र कार्यान्वयनको लागि NTUC केन्द्रीय समितिमा सिफारिस गर्ने ।

२.३ NTUC को नीति तथा निर्देशनहरुलाई कार्यान्वयन गराउन आवश्यक कार्य गर्ने ।

२.४ NTUC को विधानमा तोकिएको अनुशासन सम्बन्धि कार्य विधिसम्मत गर्ने ।

**३.** **NTUC** को विधान बमोजिम अनुशासन समितिले देहाय बमोजिम सजाय तथा कार्वाहीको सिफारिश राष्ट्रिय समितिमा गर्नेछ ।

३.१ स्पष्टिकरण सोध्ने ।

३.२ चेतावनी वा नसिहत दिन सिफारिश गर्ने ।

३.३ पदिय दायित्वबाट निलम्बन गर्न सिफारिश गर्ने ।

३.४ आवद्धता फिर्ताको सिफारिश गर्ने ।

३.५ साधारण सदस्यबाट निलम्बन गर्न सिफारिश गर्ने ।

३.६ साधारण सदस्यबाट खारेजीको लागि सिफारिस गर्ने ।

## ४. सजाय तथा सफाई सम्बन्धि व्यवस्था

४.१ कुनैपनि सदस्य, पदाधिकारी वा संघलाई सजाय निर्धारण गर्नु पहिले सम्बन्धित पक्षलाई सफाईको उचित मौका दिइनेछ ।

४.२ सम्बन्धित पक्षले सफाई दिएपछि समितिको बैठकमा छलफल गरि निर्णय गरेर मात्र सजाय तोक्नु पर्छ ।

४.३ सम्बन्धित पक्षले तोकिएको समय सिमाभित्र लिखित सफाई नदिएमा आएको उजुरीलाई आधार बनाई समितिले आवश्यक निर्णय लिन सक्नेछ ।

४.४ समितिले गरेको निर्णय ७ (सात) दिन भित्र सम्बन्धित पक्षलाई लिखित जानकारी गराई नेपाल ट्रेड यूनियन काँग्रेस राष्ट्रिय समितिलाई समेत जानकारी गराउनु पर्दछ ।

**५.** अनुशासन समितिद्वारा सदस्य उपर कारवाहीको सिफारिश भै राष्ट्रिय समितिद्वारा गरीएको निर्णय नै अन्तिम निर्णय हुनेछ ।

**६.** राष्ट्रिय समितिले गरेको निर्णय उपर कुनै संघ पदाधिकारी तथा सदस्यहरुलाई चित्त नबुझेमा चित्त नबुझनुको कारण सहित ३५ दिनभित्र राष्ट्रिय समितिमा पुनरावेदन गर्न सक्नेछ ।

## ७. अनुशासन समितिको स्वरुप

अनुशासन समिति राष्ट्रिय समितिको खुल्ला उपाध्यक्षको संयोजकत्वमा निम्न सदस्य रहेको अनुशासन समिति रहनेछ । सदस्यहरुको चयन संयोजकको सिफारिशमा राष्ट्रिय समितिले गर्नेछ ।

| | | | |
|---|---|---|---|
| क) | संयोजक | निर्वाचित उपाध्यक्ष खुल्ला | १ जना |
| ख) | सदस्य | प्रदेश अध्यक्षहरु मध्येबाट | १ जना |
| ग) | सदस्य | राष्ट्रिय आवद्ध संघका अध्यक्ष मध्येबाट | १ जना |
| घ) | सदस्य | महिला समितिबाट | १ जना |
| ङ) | सदस्य | युवा समितिबाट | १ जना |

## ८. आचरण सम्बन्धि व्यवस्था

(क) महासंघको हित, उद्देश्य र विधान प्रति प्रतिबद्ध रहने ।

(ख) महासंघको गोपनीयता भंग गर्न नहुने ।

(ग) महासंघका नीति निर्णय एवं निर्देशनको पालना गर्नु पर्ने ।

(घ) महासंघको संबर्द्धन , सुदृढीकरण र उद्देश्य पूर्तिमा सक्रिय रहने ।

(ङ) श्रमिकको हित प्रतिकुल ठहरिने क्रियाकलापमा संलग्न हुनु नहुने ।

## ९. विविध

९.१ यस समितिको बैठक संयोजकले बोलाउने र बैठक आवश्यकता अनुसार वस्नेछ ।

९.२ यस समितिले आफ्नो मातहतका संरचनामा आवश्यकता अनुरुप अनुशासन समिति गठन गर्न सक्नेछ ।

९.३ आवद्ध संघवाट NTUC मा प्रतिनिधित्व गर्ने मातहतका सदस्य एवं पदाधिकारीहरुलाई अनुशासनको कार्यवाही गर्दा NTUC को केन्द्रीय अनुशासन समितिसँग राय, सल्लाह सुझाव सहित समन्वय गर्न आवश्यक हुनेछ ।

# नेपाल ट्रेड यूनियन काँग्रेस

## कर्मचारी विनियमावली

## २०७६

## प्रस्तावना

महासघंमा पारित कर्मचारीहरुको सेवा शर्त तथा सुविधाको व्यवस्थापन गर्न आवश्यक भएकोले नेपाल ट्रेड यूनियन काँग्रेसको विधान २०६४ (संशोधन तथा परिमार्जन २०६८, २०७० र २०७३) परिच्छेद १२ को दफा ३२ ले दिएको अधिकार प्रयोग गरी देहायका कर्मचारी विनियमहरु तयार गरी लागु गरीएको छ ।

# परिच्छेद १
# प्रारम्भिक

### १.१ संक्षिप्त नाम र प्रारम्भ

क) यो विनियमावलीको नाम "नेपाल ट्रेड यूनियन काँग्रेस कर्मचारी विनियमावली २०७६" रहनेछ ।

ख) यो विनियमावली राष्ट्रिय परिषदबाट पारित भएको मिति देखि लागू हुनेछ ।

### १.२ परिभाषा

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विनियमावलीमा

क) "महासंघ" भन्नाले नेपाल ट्रेड यूनियन काँग्रेस" लाई सम्झनु पर्दछ ।

ख) "राष्ट्रिय समिति" भन्नाले नेपाल ट्रेड यूनियन काँग्रेस राष्ट्रिय समितिलाई सम्झनु पर्दछ ।

ग) "अध्यक्ष" भन्नाले नेपाल ट्रेड यूनियन काँग्रेस राष्ट्रिय समितिको अध्यक्षलाई सम्झनुपर्दछ ।

घ) "कार्यकारी अधिकृत" भन्नाले नेपाल ट्रेड यूनियन काँग्रेसको कार्यकारी अधिकृत सम्झनुपर्दछ ।

ङ) "कर्मचारी" भन्नाले महासंघबाट पारिश्रमिक पाउने गरी नियुक्त भएका परिचछेद ३ को दफा १० मा उल्लेखित सेवामा कार्यरत कर्मचारी सम्झनु पर्दछ ।

च.) "पद" भन्नाले महासंघको सेवामा यो विनियमावली प्रारम्भ हुँदाका

बखत कायम रहेको र त्यसपछि सिर्जना हुने पद समेतलाई सम्झनु पर्दछ ।

छ) “नियमित रोजगार” भन्नाले महासंघको नियमित रोजगारीको पदमा खास म्याद नतोकिइ परीक्षणकाल समाप्त भई स्थायी नियुक्ति भएको कर्मचारीलाई सम्झनु पर्दछ ।

ज) “कार्यगत रोजगारी” भन्नाले नेपाल ट्रेड युनियन कांग्रेसले कुनै खास काम वा सेवा किटान गरी सो सम्पन्न गर्न तोकेर दिने वा दिएको रोजगारी सम्झनु पर्छ ।

झ) “समयगत रोजगारी” भन्नाले श्रमिकलाई निश्चित समयावधि तोकी सो अवधिभित्र कुनै सेवा प्रदान गर्न वा काम सम्पन्न गर्ने गरी दिने वा दिएको रोजगारी सम्झनु पर्छ

ञ) “आकस्मिक रोजगारी” भन्नाले नेपाल ट्रेड युनियन कांग्रेसले श्रमिकलाई एक महिनाको अवधिमा सात दिन वा सोभन्दा कम अवधिको लागि कुनै सेवा प्रदान गर्न वा काम सम्पन्न गर्ने गरी दिने वा दिएको रोजगारी सम्झनु पर्छ ।

ट) “आंसिक रोजगारी” भन्नाले हप्तामा पैंतीस घण्टा वा सोभन्दा कम समयमा काम सम्पन्न गर्ने गरी दिने वा दिएको रोजगारी सम्झनु पर्छ ।

ठ) “सेवा” भन्नाले यस विनियमको परिच्छेद २ को दफा ३.१ बमोजिम गठन भएको सेवा सम्झनु पर्दछ ।

ड) “नियुक्त गर्ने अधिकारी” भन्नाले अधिकृतस्तरको लागि अध्यक्ष एवं सचिवालय प्रमुख र सहायकस्तरका लागि कार्यकारी अधिकृत सम्झनु पर्दछ ।

ढ) “कायम मुकायम” भन्नाले अर्को कर्मचारीको पदाधिकार भएको माथिल्लो पदमा काम गर्ने गरी मुकरर भएको कर्मचारी सम्झनु पर्दछ ।

ण) “ग्रेड” भन्नाले नियमित कर्मचारीहरुको लागि आधार तलव स्केलमा

राष्ट्रिय समितिले तोकेको बार्षिकरुपमा बृद्धि हुँदै जाने निश्चित रकम सम्झनु पर्दछ ।

त) “न्यूनतम तलव” भन्नाले प्रत्येक पदको निमित्त तोकिएको शुरु तलव स्केल सम्झनु पर्दछ ।

थ) “श्रम ऐन” भन्नाले श्रम ऐन २०७४ सम्झनु पर्दछ ।

द) “श्रम नियमाबली” भन्नाले श्रम नियमाबली २०७५ सम्झनु पर्दछ ।

ध) “सामाजिक सुरक्षा ऐन” भन्नाले योगदानमा आधारित सामाजिक सुरक्षा ऐन २०७४ सम्झनु पर्दछ।

न) “सामाजिक सुरक्षा नियमाबली” भन्नाले योगदानमा आधारित सामाजिक सुरक्षा नियमाबली२०७५ सम्झनु पर्दछ ।

प) “सामाजिक सुरक्षा कार्यविधि” भन्नाले योगदानमा आधारित सामाजिक सुरक्षा कार्यविधि २०७५ सम्झनु पर्दछ ।

# परिच्छेद २

# सेवाको गठन र पद व्यवस्थापन

(१) गठनः कार्यरत कर्मचारीहरूबाट “नेपाल ट्रेड युनियन कांग्रेस ” नामको एक कर्मचारी सेवाको गठन गरिएकोछ ।

(२) उप दफा १ बमोजिम गठन गरिएको सेवालाई प्रशासन, लेखा र प्राविधिक गरी जम्मा तीन भागमा विभाजन गरिनेछ ।

(३) उप दफा १ बमोजिम गठन भएको सेवाका विभिन्न पदमा कार्यरत कर्मचारीहरुलाई तोके बमोजिमको कार्य विभाजन गरिनेछ ।

## २.१ सेवाको समुह तथा उप-समुह

दफा २.१ बमोजिम सेवाको गठन गर्दा सेवामा रहने पदहरूको कामको प्रकृति र ती कामलाई सम्पादन गर्न चाहिने न्युनतम शैक्षिक योग्यता तथा कार्य विशिष्टताको आधारमा समितिले आवश्यक समुह तथा उप–समुहहरूको विभाजन गर्न सक्नेछ ।

## २.२ सेवाको स्तर तथा श्रेणी विभाजन

दफा २.२ बमोजिमको सेवामा, कार्यकारी,अधिकृत र सहायक गरी जम्मा तिन स्तर रहनेछ ।

## २.३ सेवाका पदहरू

दफा २.२ बमोजिमको सेवामा, कार्यकारी, प्रशासनिक, तथा प्राविधिक पदहरू रहने छन् ।

**२.४** "नेपाल ट्रेड युनियन कांग्रेसको सेवाका कार्यकारी, अधिकृत, र सहायक स्तरमा रहेका विभिन्न श्रेणीहरूको प्रत्येक पदको कार्य विवरण तोकिए बमोजिमको हुने र त्यस्तो कार्य विवरणमा सम्बन्धित पदको काम, कर्तव्य, उत्तरदायित्व तथा अधिकार समेत उल्लेख गरिनेछ ।

# परिच्छेद - ३

# पदपूर्ति र पदाधिकार

## ३.१ पदपूर्ति समितिको गठन

सेवाको कार्यकारी अधिकृत ,अधिकृत श्रेणी तथा सहायक स्तरको रिक्त पद नयाँ नियूक्ति वा बढुवाद्वारा पूर्ति गर्नको लागि कार्यसम्पादन समिति समक्ष सिफारिस पेश गर्न देहाय बमोजिमको एउटा पदपूर्ति समिति गठन गरिनेछः-

३.१.१ संस्थाको महासचिवको संयोजकत्वमा एउटा पदपूर्ति समिति गठन गरिने छ ।

३.१.२ पद पूर्ति समितिमा देहाय बमोजिमको प्रतिनिधित्व रहने छ ।

क) महासचिव – सयोजक

ख) उप महासचिव सह–संयोजक

ग) उप महासचिव (महिला)– सदस्य

घ) कोषाध्यक्ष –सदस्य

ङ) कार्यकारी प्रमुख–सदस्य सचिव

३.१.४ पदपूर्ति समितिले आफनो कार्यविधि बनाइए लागु गर्नेछ ।

## ३.३ उमेरको हद

सेवाको रिक्त पद नँया नियूक्तिद्वारा पुर्ति गर्दा उमेरको तल्लो र माथिल्लो हद देहाय बमोजिम हूनेछ :-

(क) अधिकृत स्तर ( २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको ।

(ख) सहायक स्तर (१८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको । तर,

(ग) महिला उम्मेदवारको हकमा उमेरको माथिल्लो हद ४० वर्ष ननाघेको,

## ३.४ आवश्यक न्युनतम शैक्षिक योग्यताः

सेवाका कूनै पदमा खूला प्रतियोगिताद्वारा पदपुर्ति गर्दा नियूक्तिको लागि चाहिने न्युनतम शैक्षिक योग्यता प्रचलित नियम अनुसार राखि गरिनेछ । तर संस्थाले आवश्यक ठानेमा माथि उल्लिखित शैक्षिक योग्यता तोक्दा न्युनतम योग्यताको अतिरिक्त विशेष अनूभव तथा तालिम समेत उल्लेख गरी तोक्न सक्नेछ ।

## ३.५ परीक्षणकाल

क) नियमित रोजगारी पदमा नियुक्त भएका कर्मचारीहरुको परीक्षणकाल सामान्य तया ६महिना रहनेछ ।

ख) नियुक्त गर्ने अधिकारीले आवश्यक सम्झेमा परीक्षणकालको अवधि अर्को ६ महिनासम्म थप गर्न सक्नेछ ।

ग) परीक्षणकालमा राखिएको कर्मचारीको काम सन्तोषजनक नदेखिएमा नियुक्त गर्ने अधिकारीको तजविजले परीक्षणकाल पुरा नहुँदै निजलाई कारण दिई वा नदिई नोकरीबाट हटाउन सक्नेछ ।

घ) परीक्षणकालमा रहेको कर्मचारीलाई परीक्षणकाल पुरा भएपछि नियुक्त गर्ने अधिकारीले नियमित रोजगारीको नियुक्ति सदर गरेको वा नोकरीबाट हटाइएको सूचित गर्नेछ । यसको जानकारी,सचिवालय समिति र कार्य सम्पादन समिति लाई जानकारी गराउनु पर्नेछ ।

ङ) परीक्षणकालमा रहेको कर्मचारीले अध्ययन बिदा र बेतलवी बिदा बाहेक नियमित रोजगारीमा रहेको कर्मचारीले पाउने सवै बिदा उपभोग गर्न पाउनेछ ।

## ३.६ कार्य विभाजन

कार्यकारी अधिकृतले आवश्यकता अनुसार कर्मचारीहरुको कार्य विभाजन गरी काम लगाउन सक्नेछ। कार्य विभाजन गर्दा जिम्मेवारी, अधिकार तथा कर्तव्य समेत उल्लेख गर्नुपर्नेछ ।

## ३.७ अधिकार प्रत्यायोजन

कार्यकारी अधिकृत वा अधिकृतस्तरका कर्मचारीहरुले आफुमा निहित कुनै अधिकार अन्य कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

## ३.८ पदोन्नती

क) माथिल्लो पदमा रिक्तपदहरुको पूर्ति गर्दा संभाव्य उम्मेदवार भएमा महासंघका नियमित कर्मचारीलाई प्राथमिकता दिइनेछ ।

ख) स्थायी कर्मचारीहरुको पदोन्नतिका निमित्त अधिकतम अंक शैक्षिक योग्यता बापत २० प्रतिशत, जेष्ठता बापत २० प्रतिशत, कार्यसम्पादन मूल्याङ्कनमू वापत ५० प्रतिशत र पदपूर्ति तथा पदोन्नति समितिले आवश्यक देखेको अन्य विषयमा १० प्रतिशत हुनेछ ।

ग) पदोन्नतिको लागि संभाव्य उम्मेदवार हुन पदोन्नती हुने पद भन्दा मुनिको पदमा कम्तिमा२ वर्षको स्थायी सेवा अवधि पुरा गरेको हुनु पर्दछ । अन्यस्तरबाट सहायक स्तरमा पदोन्नतिहुन र सहायक स्तरबाट अधिकृत स्तरको पदमा पदोन्नतिको हकमा संभाव्य उम्मेदवार हुनका लागि कम्तिमा ३ वर्ष स्थायी सेवा अवधि पूरा गरेको हुनु पर्दछ ।

## ३.९ राजिनामा

क) कार्यकारीको राजीनामा अध्यक्षले र अधिकृत कर्मचारीहरुको हकमा महासचिव र सहायकस्तर सो भन्दा मुनिका कर्मचारीको कार्यकारी प्रमखले स्वीकृत गर्न सक्नेछ।

ख) कुनै कर्मचारीले राजीनामा गर्न परेमा लिखित रुपमा एक महिनाको पुर्व सूचना दिनु पर्दछ। कर्मचारीले यस्तो सूचना नदिएमा राजीनामा स्वीकृति पश्चात कर्मचारीले काम गरेको अवधिसम्मको मात्र पारिश्रमिक दिईनेछ ।

# परिच्छेद ४

## तलव, भत्ता, सञ्चयकोष, योगदानमा आधारित समाजिक सुरक्षा, बार्षिक ग्रेड, उपदान, औषधि उपचार खर्च र विमा, चाड पर्व खर्च, विदाहरु

### ४.१ तलव

क) कर्मचारीले पाउने तलव राष्ट्रिय समितिले समय समयमा निर्धारण गरे बमोजिम हुनेछ ।

ख) कर्मचारीले प्रत्येक महिनाको तलव साधारणतया प्रत्येक महिनाको अन्तिम दिनमा पाउनेछ । तर व्यावहारिक कारणले अन्तिम दिन भन्दा अगाडी वा पछाडी पनि तलव भत्ता दिन सकिनेछ ।

ग) कुनै कर्मचारीले काम गरी पकाएको तलव भत्ता निज जुनसुकै कारणबाट सेवा मुक्त भए पनि पाउनेछ । तर महासंघले निजसँग कुनै रकम असुल उपर गर्नंपर्ने भएमा सो रकम असुल गरेपछि बाँकी हुन आउने रकम मात्र पाउनेछ ।

### ४.२ तलव पेश्की

क) कर्मचारीलाई महासंघको निर्णयानुसार व्यक्तिगत तलव पेश्की रकम पेश्कीको रुपमा दिन सक्नेछ ।

ख) तलव सम्बन्धी अन्य ब्यवस्था श्रम ऐन २०७४ बमोजिम हुनेछ ।

### ४.३ अतिरिक्त समय काम गरेको भत्ता

क) साधारणतया नियमित कार्यालय समय भन्दा बढी समय वा बिदाको दिनमा सम्बन्धित अधिकारीले कुनै कर्मचारीलाई आदेश दिई काममा लगाएमा निजले खाईपाई आएको तलवको डेढीका हिसावले बढी काम गरेको समयको पारिश्रमिक दिइनेछ ।

ख) अतिरिक्त समय काम गर्नुपर्ने कर्मचारीलाई देहाय बमोजिम स्वीकृती दिने अधिकारीबाट अनुसुचि ........ मा उल्लेखित ढाँचाको फारम बमोजिम स्वीकृत दिएमा मात्र त्यस्तो कामको लागि रकम भूत्तानी दिइनेछ ।

| अतिरिक्त समय काम गर्ने कामको प्रकृति | सिफारिश गर्ने अधिकारी | स्वीकृत गर्ने अधिकारी |
|---|---|---|
| नियमित कामको लागि | प्रशासकिय अधिकृत | कार्यकारी अधिकृत |
| परिषद्,सम्मेलन, महाधिवेशन | प्रशासकिय अधिकृत | कार्यकारी अधिकृत |

ग) अतिरिक्त समय काम गरी पारिश्रमिक पाउने कर्मचारीलाई सामान्यतया निजले पाउने पारिश्रमिक बाहेक खाजा वा खाना खर्च दिइनेछैन । तर विशेष अवस्थामा सम्बन्धित अधिकारीले कामको प्रकृति हेरी विशेष व्यवस्था गर्न सक्नेछ ।

## ४.४ ग्रेड बृद्धि

क) नियमित कर्मचारीले हरेक आर्थिक वर्षको शुरु देखि कार्य समितिले निर्धारण गरेको तलवमानमा गाभि ग्रेड पाउनेछन् । यस्तो ग्रेड रकम १ दिनको तलव भन्दा बढी हुने छैन।

ख) कुनै पनि कर्मचारीले एउटै पदमा रहि १५ औं ग्रेड पाए पछि पनि बढुवा हुन नसकेमा निजको बार्षिक ग्रेड बृद्धि रोक्का गरिनेछ ।

## ४.५ उपदान

श्रम ऐन २०७४ ले तोके बमोजिमको उपदानको रकम दिइनेछ । सो भन्दा बढि दिने गरि संस्थाले  सम्फौता गरेमा संस्थाले तोके बमोजिम हुनेछ ।

## ४.६ पुरस्कार सम्बन्धि व्यवस्था

विशेष राम्रो काम गर्ने नियमित कर्मचारीलाई सचिवालयले कार्यकारी अधिकृतको सिफारिशमा कर्मचारीको एक महिनाको तलव बराबरको रकम प्रदान गर्न सकिनेछ ।

## ४.७ सञ्चयकोष र योगदानमा आधारित सामाजिक सुरक्षा

क) महासंघको सेवामा रहेका कर्मचारीहरुको निमित्त कर्मचारी संचय कोषमा जम्मा गर्ने व्यवस्था श्रम ऐन २०७४ बमोजिम हुनेछ ।

ख) महासंघको सेवामा रहेका कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा ऐन २०७५,नियमाबलि२०७५र कार्यविधि२०७५ले

तोके बमोजिमको योजनाहरुमा संलग्न गराई सुविधाहरु पाउनेछ । त्यसको महासंघले कार्यविधि बनाई योगदान गर्नेछ ।

## ४.८ औषधि उपचार खर्च र विमा

श्रम ऐन २०७४ ले तोके बमोजिमको औषधि उपचार खर्च र कर्मचारीको विमा खर्च उपलब्ध गराउनेछ ।

## ४.९ बिदा र काम गर्ने समय

**१. बिदा**

क) विदा अधिकारको कुरा हैन सहुलियत मात्र हो । महासंघमा सेवारत कुनै पनि कर्मचारीले बिरामी बिदा, क्रिया बिदा, प्रसुती बिदा बाहेक अन्य बिदा हकको रुपमा दावी गर्न सक्ने छैनन् ।

ख) कामको अनुकुल हेरी बिदा दिने अधिकारीको तजविजले बिदा दिन वा नदिन सक्नेछ । कामको आवश्यकता परेको बेलामा बिदा दिने अधिकारीले बिदामा बसेको कर्मचारीलाई बोलाई काममा लगाउन सक्नेछ ।

ग) बिरामी भएर वा अपर्झट काम परेकोमा बाहेक लिखितरुपमा बिदाको स्वीकृती नलिई कुनै कर्मचारी कार्यालयमा अनुपस्थित भएमा गयल गरिनेछ र गयल भएको दिनको तलव भत्ता दिइने छैन । कुनै कर्मचारी लगातार ७ दिनसम्म गयल परेमा गयल खारेज भई बर्खास्त गर्न सकिनेछ। तर बिरामी परेमा वा अपर्झट काम परेको कारणले अनुपस्थित भएको सामान्यतया तीन दिन भित्र बिदा दिने अधिकारी समक्ष निवेदन दिई सक्नुपर्नेछ ।

घ) बिदा लिई बसेको कर्मचारीले स्वीकृत बिदा पछि विशेष कारणवस कार्यालयमा हाजिर हुन नसक्ने भएमा बिदा सकिएको सामान्यतया ३ दिन भित्र शिघ्र साधनद्वारा आवश्यक बिदाको लागि निवेदन पठाउनु पर्दछ। थप बिदा स्वीकृत नभएमा स्वीकृत नभएको सूचना पाउना साथ कार्यालयमा हाजिर हुनुपर्नेछ ।

ङ) बिदा लिई बसेको कर्मचारीलाई निजको बिदा भूक्तान नहुँदै काममा

फिर्ता बोलाउनु पर्ने अवस्था परेमा बिदा स्वीकृत गर्ने अधिकारीले जुनसुकै बखत पनि फिर्ता बोलाउन सक्नेछ । यसरी फिर्ता बोलाएको खण्डमा काममा हाजिर हुन आउनु सम्बन्धित कर्मचारीको कर्तव्य हुनेछ ।

### ४.१० बिदाको किसिम

श्रम ऐन २०७४ को परिच्छेड ९ दफा ४० देखि ५१ सम्म ले  व्यवस्था गरी तोके बमोजिमको विदाहरु दिइनेछ ।

### ४.११ अन्य सुविधा

महासंघले यस विनियमावलीमा उल्लेख नभएका अन्य सुविधाहरुको व्यवस्था गर्न सक्नेछ । यसरी थप भएका सुविधाहरु यसै विनियमावलीको अभिन्न अंग हुनेछन् ।

## परिच्छेद ५
## अवकास र उमेर

### ५.१ अवकास

क) कुनै कर्मचारीको उमेर ५८ वर्ष सेवा अवधि पुरा गरेमा निजलाई महासंघको सेवाबाट अनिवार्य अवकास दिइनेछ । तर कुनै कर्मचारीको सेवा आवश्यक परेमा बढीमा २बर्ष सम्म सेवा अवधि थप गर्न सक्ने छ ।

ख) महासंघले स्वेच्छिक अवकास लिन चाहने कर्मचारीलाई प्रोत्साहन गर्न समय समयमा विशेष विधाहरु घोषणा गर्न सक्नेछ। यसरी विशेष सुविधा घोषणा गर्दा तोकिएको अवधि भित्र निवेदन दिएका कर्मचारीहरुको निवेदन महासंघले स्वीकृत गरेको अवस्थामा स्वेच्छिक अवकास पाउने कर्मचारीहरुलाई घोषित विशेष सुविधाहरु दिइनेछ ।

ग) दफा ख मा उल्लेख भए अनुसार विशेष सुविधा प्राप्त गरी स्वेच्छिक अवकास लिन महासंघले तोकेनुसार नियमित रोजगारीको सेवा पुरा गरेको हुनुपर्नेछ ।

## ५.२ कर्मचारीको उमेर गणना

SLC/SEE वा सो सरह परिक्षा उर्त्तिण गरेको कर्मचारीले निजले प्राप्त गरेको प्रमाण पत्रमा उल्लेखित जन्म मिति अनुसार उमेर गणाना गरिनेछ । सो प्रमाण पत्रबाट उमेर स्पष्ट नभएको अवस्थामा नागरिकताको प्रमाणपत्रमा उल्लेखित उमेरलाई मान्यता दिइनेछ ।

## ५.३ बेतलवी बिदा

कम्तिमा १० वर्ष स्थायीरुपमा सेवा गरेका कर्मचारीले कुनै अन्य विदा बाँकी नरहेको अवस्थामा आफ्नो घरायसी काम विशेषले लामो अवधिको बिदा बस्नु परेमा सेवाको तमाम अवधिमा बढीमा २ वर्षसम्म बेतलवी बिदा पाउन सकिनेछ । यो बिदा अवधिमा अन्य कुनै सुविधा दिइने छैन ।

## ५.४ बिदा दिने अधिकारी

माग गरेका बिदाहरु स्वीकृत गर्ने अधिकार निम्नानुसार हुनेछ । आफुमा निहित अधिकार अधिकार प्राप्त अधिकारीले प्रत्यायोजन गर्न सक्नेछ ।

| बिदाको प्रकार | बिदा माग गर्ने | सिफारिश गर्ने | स्वीकृत गर्ने अधिकारी |
|---|---|---|---|
| अध्ययन बिदा र बेतलवी बिदा | सवै कर्मचारी | कार्यकारी अधिकृत | सचिवालय समिति |
| अन्य बिदा | कार्यकारी अधिकृत | प्रशासन प्रमुख | महासचिव/सचिवालय समिति |
| अन्य बिदा | अधिकृतस्तर, सहायक स्तर, अन्य स्तर | प्रशासन प्रमुख | कार्यकारी अधिकृत |

## ५.५ बिदा सञ्चित हुने

क) श्रमिकले घर बिदा ९० दिन सम्म र बिरामी बिदा ४५ दिनसम्म सञ्चित गर्न सक्नेछ ।

ख) उल्लेखित अवधि भन्दा बढी बिदा सञ्चित हुने श्रमिकले प्रत्येक वर्षको अन्त्यमा त्यस्तो बढीअवधिको बिदाको रकम निजको आधारभूत पारिश्रमिकको दरले हुन आउने रकम पाउनेछ ।

## ५.६ बिदाको अनुरोध

बिदा माग गर्ने कर्मचारीले विदाको किसिम, बिदामा बस्नु पर्ने कारण र अवधि खोली बिदा स्वीकृत गर्ने अधिकारी समक्ष अनुसुचि ...... बमोजिमको बिदा अनुरोध फारम पेश गर्नु पर्दछ ।

## ५.७ बिदाको अभिलेख

महासंघका कर्मचारीहरुको बिदाको अभिलेख अनुसुचिको ढाँचामा राखिनेछ । यो अभिलेख राख्ने जिम्मेवारी प्रशासन प्रमुखको हुनेछ ।

**५.८** एक हप्तामा ४८ घण्टामा नबढ्ने गरी महासंघको कार्यालय समय हुनेछ । सरकारले तोके बमोजिम हिँउदका महिनाहरुमा कार्यालय समय हप्ताको ३६ घण्टा हुनेछ । कार्यालय समयभित्र आधा घण्टाको खाजा समय समेत समावेश हुनेछ ।

# परिच्छेद ६

# आचरण र अनुशासन

## ६.१ आचरण

क) कर्मचारीले महासंघको पदाधिकारी, सदस्यहरु र महासंघसँग सम्बन्धित कामले वा अरु कुनै काम विशेषले महासंघको कार्यालयमा आउने व्यक्तिहरुलाई भद्रता एवं शिष्टतापुर्वक व्यवहार गर्नु पर्नेछ ।

ख) कर्मचारीले महासंघको कामको सिलसिलामा आफुलाई जानकारी भएको कुनै कुरा महासंघको अहित हुने गरी प्रचारप्रसार गर्नु हुँदैन ।

ग) कर्मचारीले महासंघको गोपनियता सम्बन्धित अधिकारी समक्ष बाहेक अन्य कुनैपनि स्थितिमा प्रकट गर्नु हुँदैन ।

## ६.२ अनुशासन तथा कर्तव्य पालन

क) कर्मचारीले कार्यालयमा निर्धारित समयमा नियमितरुपले हाजिर भई उपस्थित हुनुपर्दछ ।

ख) कर्मचारीले आफ्नो काम लगनशिलतापुर्वक तत्परताका साथ पूरा गर्नुपर्दछ ।

ग) कर्मचारीले आफ्नो काम सम्बन्धमा मातहतका अधिकारीले दिएको आदेशलाई शिघ्रता र परिश्रम पुर्वक पालना गर्नुपर्दछ । साथै कार्य विवरणमा तोकिएको कार्य बाहेक महासंघको आवश्यकतानुसार मातहतका अधिकारीले लगाएको अन्य कार्य समेत गर्नुपर्दछ ।

घ) कर्मचारीले आफु भन्दा माथिका कर्मचारीप्रति आदरभाव देखाउनु पर्दछ।

ङ) कर्मचारीले महासंघको कामको सिलसिलामा देश भित्र वा देश बाहिर जुनसुकै स्थानमा खटाएमा तोकिएको अवधि भित्र तत्परताका साथ जानु पर्नेछ ।

च) माथिल्लो तहका कर्मचारीले आफु भन्दा मुनिका कर्मचारीलाई न्याय र मित्रतापुर्वक व्यवहार गर्नु पर्दछ ।

## ६.३ प्रशासन

क) कर्मचारीले आवश्यक सामानहरु सम्बन्धित अधिकृतबाट सिफारिश गरी भण्डार (Store) बाट प्राप्त गर्नुपर्दछ ।

ख) कर्मचारीले अतिरिक्त काम गर्नुपर्दा पुर्व स्वीकृत लिनु पर्दछ ।

ग) प्रत्येक तेश्रो महिनाको पहिलो हप्ता भित्र अधिकृत र सहायकस्तरका कर्मचारीले अनुसुचि ..... बमोजिम त्रैमासिक कार्य प्रगती प्रतिवेदन पेश गर्नु पर्दछ ।

घ) कर्मचारीले काम विशेषले कार्यालय बाहिर जानुपर्दा कार्यकारी अधिकृत/प्रशासन प्रमुखको स्वीकृत लिएर मात्र जानु पर्दछ साथै कार्यकारी प्रमुखले सचिवालय प्रमुख वा अध्यक्षको अनुमतिले मात्र जानु पर्दछ ।

ङ) कर्मचारीले विशेष परिस्थिति बाहेक सामान्य अवस्थामा बिदाहरु पुर्व स्वीकृत गराउनु पर्दछ ।

च) कर्मचारीहरुले तोकिएको कार्य नगरेमा, अटेर गरेमा, कार्यालय समय भित्र नआएमा, अनुशासनहिन कार्य गरेमा सम्बन्धित कर्मचारीलाई गयल गर्ने, अनुशासनको कार्यवाहिका कार्यकारीको सुझाव लिई दफा ८.१ को (क) र (ख) को कारवाही गर्ने अधिकार हुनेछ । दफा (ख) बमोजिमको कारवाही गर्दा न्यूनतम५ दिन सम्म गर्नेछ र उक्त अवधिको तलव पाइनेछैन ।

# परिच्छेद ७
# सजाय र पुनरावेदन

## ७.१ सजाय

उचित र पर्याप्त कारण भएमा महासंघका कर्मचारीहरुलाई देहाय बमोजिम सजाय हुनेछ ।

क) नसिहत दिने ।

ख) निलम्बन गर्ने ।

ग) तलव बृद्धि रोक्का गर्ने ।

घ) भविष्यमा अयोग्य हुने वा नहुने गरी महासंघको सेवाबाट हटाउने वा भविष्यमा महासंघको सेवाको लागि अयोग्य हुने गरी बर्खास्त गर्ने ।

## ७.२ सजाय दिने र पुनरावेदन सुन्ने अधिकारी

देहायका कर्मचारीलाई देहायका अधिकारीले सजाय दिने र पुनरावेदन सुन्ने गरी तोकिएकोछ ।

| कर्मचारीको तह | | सजाय दिने | पुनरावेदन सुन्ने |
|---|---|---|---|
| क. | अधिकृतस्तर | महासचिव/अध्यक्ष | कार्यसम्पादन समिति |
| ख. | सहायकस्तर | कार्यकारी अधिकृत | महासचिव/अध्यक्ष |

## ७.३ नसिहत दिने

देहायको अवस्थामा कर्मचारीहरुलाई नसिहत दिन सकिनेछ ।

क) आफुभन्दा मुनीका कर्मचारीसँग अशिष्ट एवं अन्यायपुर्ण व्यवहार गरेमा वा आफु भन्दा माथिका कर्मचारी एवं पदाधिकारीहरुसँग अनुशासन पूर्ण व्यवहार नगरेमा ।

ख) आफुलाई दिएको काममा लापरवाही गरेमा ।

ग) मादक पदार्थ सेवन गरी कार्यालय आएमा वा कार्यालयको काममा बाधा गरेमा ।

घ) काम सन्तोषजनक नभएमा ।

ङ)	महासंघले तोकेको म्याद भित्र आफ्नो जिम्मामा रहेको नगद, जिन्सि बर बुझारथ नगरेमा ।

## ७.४ तलवबाट कट्टा गरी असुल गर्ने ।

जानी जानी लापरवाही गरी वा नियम आदेशको पालना नगरी महासंघलाई हुन आएको नोक्सानी सम्पूर्ण वा आंशिकरुपमा तलवबाट कट्टा गरी सम्बन्धित कर्मचारीबाट असुल गर्न सकिनेछ ।

## ७.५ महासंघको सेवाबाट हटाउने वा बर्खास्त गर्ने ।

देहायको अवस्थामा कर्मचारीलाई महासंघको सेवाबाट हटाउन सकिनेछ ।

क)	बराबर अनुशासन हिन काम गरेमा ।

ख)	अयोग्यताको कारण आफ्नो पदिय दायित्व पुरा गर्न नसकेमा ।

ग)	महासंघको रकम हिनामिना वा भ्रष्टाचार गरेमा ।

घ)	नैतिक पतन देखिने फौजदारी मुद्धामा अदालतबाट दोषि प्रमाणित भएमा ।

ङ)	पदिय जिम्मेवारी अनुरुपको आचरण नगरेमा ।

च)	कार्यालय समयमा बारम्बार मादकपदार्थ सेवन गरेमा वा काममा लापरवाही गरेमा ।

छ)	महासंघको उद्देश्य विपरित काम गरेमा ।

ज)	कार्य समितिको निर्णय विपरित काम गरेमा ।

झ)	महासंघको गोपनियता भंग गरेमा

## ७.६ सजाय सम्बन्धि कार्यविधि

क)	सजाय दिन पाउने अख्तियार प्राप्त अधिकारीले कुनै कर्मचारीलाई सजायको आदेश दिनुभन्दा अगाडी कारवाही गर्न लागिएको कारण उल्लेख गरी सो कर्मचारीलाई सो सम्बन्धि सूचना दिई निजलाई आफ्नो सफाई पेश गर्ने समय दिइनेछ ।

ख)	उपदफा (क) अनुसारको सूचना प्राप्त भए पछि कर्मचारीले तोकिएको अवधि भित्र आफ्नो स्पष्टिकरण पेश गर्नं पर्दछ ।

ग) उपदफा (ख) अनुसार कर्मचारीले पेश गरेको स्पष्टिकरण उपर विचार गरी सजाय दिने अधिकारीले अन्तिम आदेश दिनेछ । तर तोकिएको समयभित्र  स्पष्टिकरण पेश हुन नआएमा पनि सजाय दिने अधिकारीलाई अन्तिम आदेश दिन कुनै बाधा पर्नेछैन ।

### ७.७ पुनरावेदन

क) कुनै कर्मचारीले यस  परिच्छेद बमोजिम आफुलाई दिएको सजायको विरुद्ध पुनरावेदन दिनु परेमा ३५ दिन भित्र उचित र आदरसूचक भाषामा सजाय दिने अधिकारी मार्फत आफ्नो सफाईको निमित्त आफुसँग भएको प्रमाण समेत राखि दफा ८.२ बमोजिमको पुनरावेदन सुन्ने अधिकारी समक्ष पुनरावेदन पेश गर्नं पर्नेछ ।

ख) पुनरावेदन सुन्ने अधिकारीले गरेको निर्णय अन्तिम हुनेछ ।

### ७.८ सजायको आदेश तामेल गर्ने ।

कुनै कर्मचारीलाई सजायको आदेश सूचनाको रुपमा दिइनेछ । तर कुनै कारणवश उक्त सूचना निजलाई बुझाउन नसकिएमा वा बुझि नलिई आलटाल गरेमा त्यस्तो सूचना महासंघको सूचनापाटी वा राष्ट्रियस्तरको पत्रिकामा प्रकाशित गरी जनाउ दिइनेछ र त्यसैलाई रितपुर्वकको सूचना तामेल भएको मानिनेछ ।

## परिच्छेद ८
## काज, तालिम र प्रशिक्षण

### ८.१ काज

क) कर्मचारीलाई महासंघको काममा देशभित्र कामको अवधि तोकि सचिवालयकोअनुमति लिई कार्यकारी अधिकृतले काजमा खटाउन सक्नेछ । तर विदेशमा पठाउनु पर्दा  कार्यसम्पादन समितिको स्वीकृत आवश्यक पर्दछ ।

ख) कर्मचारीलाई महासंघबाट अवलोकन भ्रमण, गोष्ठि, कार्यालय काम आदिको लागि काजमा पठाउन सकिनेछ ।

ग) काजको अवधिभर हाजिर भएको मानि पुरा तलव दिइनेछ ।

# परिच्छेद ९
# दैनिक भ्रमण भत्ता

## ९.१ भ्रमण आदेश

क) महासंघको कामका लागि कार्यकारी अधिकृतले अध्यक्ष वा महासचिवको सल्लाह बमोजिम कुनैपनि कर्मचारीलाई भ्रमणमा पठाउन सक्नेछ।

ख) भ्रमण आदेशको ढाँचा अनुसुचि ...... मा उल्लेख भए बमोजिम हुनेछ।

## ९.२ दैनिक भ्रमण भत्ता

क) दैनिक भत्ता महासंघको आर्थिक विनियम बमोजिम हुनेछ।

ख) कुनै कर्मचारीले भ्रमणको सिलसिलामा जाँदा निजी कामको लागि बिदा लिई बसेमा उक्त बिदा अवधिभर दैनिक भत्ता पाउने छैन।

ग) कुनै कारणवश भ्रमण लम्बिन गएमा त्यसको कारणहरु खुलाई निवेदन पेश गर्नु पर्दछ र मनासिव भएमा भ्रमणको म्याद थप गरी आवश्यक दैनिक भत्ता र खर्च स्वीकृत गर्न सक्नेछ।

घ) भम्रण खर्च स्वीकृतीका लागि बिल भपाई पेश गर्नु पर्दछ।

ङ) भ्रमणमा जाने कर्मचारीले पाउने दैनिक भत्ता एवं यातायात खर्च वापतको अनुमानित रकम पेश्की लिन पाइनेछ।

# परिच्छेद १०
# विविध

## १०.१ वैयक्तिक विवरण

प्रत्येक कर्मचारीले अनुसुचि बमोजिमको ढाँचामा वैयक्तिक विवरण भरी पेश गर्नँपर्दछ। उक्त विवरण परिवर्तन गर्नँपर्ने भएमा समयमा नै सूचना दिई परिवर्तन गर्न सकिनेछ।

## १०.२ कर्मचारीको शेषपछि रकम पाउने व्यक्ति वा निजको हकवाला

यस विनियमावली बमोजिम महासंघबाट लिन पाउने रकम लिनु अगावै कुनै कर्मचारीको मृत्यु भएमा त्यस्तो रकम निजले इच्छाएको व्यक्तिलाई प्रथामिकताको क्रमानुसार भूक्तानी गरिनेछ।

## १०.३ विनियमावलीमा नपरेका कुराहरू

यस विनियमावलीमा उल्लेख भएजति कुराहरु यसै बमोजिम हुनेछ र अरु कुराको हकमा नियमावलीको व्यवस्थासँग नबाझिने गरी राष्ट्रिय समितिले निर्णय गर्न पाउने अधिकार सुरक्षित हुनेछ ।

## १०.४ विनियमावलीको संशोधन

महासंघको राष्ट्रिय समितिले आवश्यकतानुसार यस विनियमावलीको संशोधन गर्न सक्नेछ ।

## १०.५ विनियमावलीको व्याख्या गर्ने अधिकार

क) यो विनियमावलीको ब्याख्या गर्ने अधिकार राष्ट्रिय समितिमा सुरक्षित रहेको छ ।

ख) यस विनियमावलीको प्रयोग गर्दा गरिएको ब्याख्याबाट कुनै कर्मचारीलाई मर्का परेमा त्यस्तो कर्मचारीले कार्यसम्पादन समिति समक्ष पुनरावेदन गर्न सक्नेछ ।

ग) अन्यत्र जे सुकै कुरा लेखिएता पनि यस नियमावली अन्तर्गत राष्ट्रिय समितिको निर्णय अन्तिम हुनेछ ।

## १०.६ बचाउ

क) यो विनियमावली लागु भए पछि कर्मचारी सम्बन्धि कुराहरु यसै बमोजिम हुनेछ ।

ख) यो विनियमावली लागु हुनु अघिसम्म महासंघका कर्मचारीहरुको सम्बन्धमा महासंघका तर्फबाट गरिएको निर्णय र त्यसबाट भएको काम कार्यवाही यस विनियमावली बमोजिम भएको मानिनेछ ।

NTUC

# नेपाल ट्रेड युनियन काँग्रेस

विनायकनगर, बुलबुले मार्ग १०, काठमाडौं, नेपाल
पो.बक्स नं. ५५०७, फोन: +९७७-१-५२४४५५४
info@ntuc.org.np | ntucoffice@gmail.com
www.ntuc.org.np